नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं, नेपाल

# तराई भू-परिधि क्षेत्रमा उत्सर्जन न्यूनीकरण कार्यक्रम भुक्तानीको लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३

**(Benefit Sharing Plan's Operation Manual for Nepal Emission Reductions Program in the Terai Arc Landscape, 2026)**

बबरमहल, काठमाडौं

# नेपाल सरकार
# कृषि, वन तथा पर्यावरण मन्त्रालय

पो.ब.नं. : ३९८७
सिंहदरवार, काठमाडौं

पत्र संख्या :- ०८३।८४
चलानी नं. :- ८६

योजना, अनुगमन तथा समन्वय महाशाखा

मिति २०८३/०५/१५
ने.सं. ११४६

श्री रेड कार्यान्वयन केन्द्र,
बबरमहल, काठमाडौं।

विषयः जानकारी तथा आवश्यक कार्यान्वयन सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ केन्द्रले पेश गरेको तराई भू परिधि क्षेत्रमा उत्सर्जन न्यूनीकरण कार्यक्रम भुक्तानीको लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३ (Benefit Sharing Plan's Operation Manual for Nepal Emission Reductions Program in the Terai Arc Landscape, 2026) यस मन्त्रालय (माननीय मन्त्रीस्तर)को मिति २०८३/०५/०८ को निर्णयानुसार स्वीकृत भएकाले आवश्यक कार्यार्थका लागि तहाँ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

०५/१५

स्मृति पहारी
संरक्षण अधिकृत

फोन नं. :- ४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४, फ्याक्स नं. :- ४२११८६८

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
## रेड कार्यान्वयन केन्द्र

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं, नेपाल

# तराई भू-परिधि क्षेत्रमा उत्सर्जन न्यूनीकरण कार्यक्रम भुक्तानीको लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८३

# (Benefit Sharing Plan's Operation Manual for Nepal Emission Reductions Program in the Terai Arc Landscape, 2026)

बबरमहल, काठमाडौं

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं, नेपाल

# विषयसूची


भाग -१ पृष्ठभूमि ........ १
१. दिगो वन व्यवस्थापनमा आधारित उत्सर्जन न्यूनीकरण कार्यक्रम ........ १
२. लाभ बाँडफाँट योजना (Benefit Sharing Plan, BSP) ........ २
२.१. लाभ बाँडफाँट सम्बन्धी कानुनी व्यवस्था ........ २
२.२. लाभ बाँडफाँट योजना र यसका लक्ष्य तथा उद्देश्यहरू ........ २
२.३. लाभ बाँडफाँट योजनाका सिद्धान्तहरू ........ २
२.४. उत्सर्जन न्यूनीकरण भुक्तानीका लाभग्राहीहरू ........ ३
२.५. उत्सर्जन न्यूनीकरण लाभग्राही पहिचानका प्रमुख आधार तथा मापदण्ड ........ ३
२.६. उत्सर्जन न्यूनीकरण लाभ बाँडफाँट ........ ४
३. लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि ........ ४
३.१. लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधिको आवश्यकता ........ ४
३.२. लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधिको लक्ष्य तथा उद्देश्य ........ ४
३.३. लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधिका विशेषताहरू ........ ५
३.४. लाभ बाँडफाँट योजना अन्तरगतका लगानी योजना छनौटका प्रमुख आधारहरू ........ ५
भाग-२ लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि (Benefit Sharing Plan Operational Manual) ........ ६
१. प्रारम्भिक ........ ६
१.१. संक्षिप्त नाम र प्रारम्भ ........ ६
१.२. परिभाषा ........ ६
१.३. लक्षित वर्ग ........ ८
१.४. कार्यविधिको आधारभुत निर्देशनात्मक सिद्धान्तहरू ........ ८
१.५. लाभ बाँडफाँट संरचना ........ ९
१.६. व्यवस्थापन खर्चबाट गर्न सकिने क्रियाकलाप सम्बन्धी व्यवस्था ........ १२
२. लगानी योजना तर्जुमा प्रकृया ........ १३
२.१. सरोकारवालाको सहभागितामा सूचना प्रवाह, सञ्चार, छलफल, परामर्श ........ १३
२.२. लगानी योजनाको लागि प्राथमिकता प्राप्त कार्यको पहिचान ........ १९
२.३. लगानी योजना तर्जुमा गर्ने ........ २०
२.४. वार्षिक लगानी योजना तथा बजेट तयारी ........ २१
३. लाभ बाँडफाँट योजना कार्यान्वयन प्रकृया ........ २३
३.१. योजना कार्यान्वयनको समग्र कार्यप्रकृया ........ २३
३.२. लाभ बाँडफाँट योजनाको मापदण्ड र विशेष कार्यप्रकृया (Specific Conditions) ........ २३
३.३. वित्तीय व्यवस्थापन ........ २८
३.४. संस्थागत व्यवस्था ........ २९


सचिव

३.५. क्षमता विकास ........................................ ३०
४. वातावरणीय तथा सामाजिक सुरक्षा जोखिम व्यवस्थापन ........................................ ३३
४.१. वातावरणीय तथा सामाजिक जोखिम व्यवस्थापन प्रक्रिया (Environmental and Social Risk Management Procedure)........................................ ३३
४.२. गुनासो व्यवस्थापन ........................................ ३५
५. अनुगमन तथा प्रतिवेदन र समन्वय ........................................ ४१
५.१. अनुगमन योजना ........................................ ४१
५.२. अनुगमन तथा प्रतिवेदन विधि ........................................ ४१
५.३. जनशक्ति परिचालन तथा समन्वय ........................................ ४१
५.४. कार्यविधि संशोधन ........................................ ४२
अनुसूचीहरू ........................................ ४३
अनुसूची १: लगानी योजना प्रस्ताव ........................................ ४३
अनुसूची २: वातावरणीय तथा सामाजिक जोखिम परीक्षण (Environmental and Social Risk Screening) ........................................ ४६
अनुसूची ३: वातावरणीय तथा सामाजिक सुरक्षा योजना ढाँचा/नमुना ........................................ ४८
अनुसूची ४: सम्झौता नमुना ........................................ ५२
अनुसूची ५: सार्वजनिक सुनुवाईको नमुना ........................................ ५३
अनुसूची ६: लगानी योजना कार्यान्वयनमा संलग्न निकाय तथा सरोकारवालाहरूको प्रमुख भूमिका ........................................ ५४
अनुसूची ७: आवधिक प्रतिवेदनको ढाँचा (Progress Reporting Framework) र अनुगमनका आधारहरू ........................................ ६०

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं, नेपाल

सचिव

नेपाल सरकार
वन तथा पर्यावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, नेपाल

# भाग -१ पृष्ठभूमि

## १. दिगो वन व्यवस्थापनमा आधारित उत्सर्जन न्यूनीकरण कार्यक्रम

नेपालको तराई भू-परिधि क्षेत्र (बागमती नदी पश्चिम तर्फ रौतहट देखि कञ्चनपुर जिल्ला नेपाल-भारत सिमासम्मको तराई, चुरे तथा भित्री मधेश) मा दिगो वन व्यवस्थापनमा आधारित उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनमा रहेको छ ।वन क्षेत्रको विनाश तथा क्षयीकरण नियन्त्रण, दिगो वन व्यवस्थापन र वन पैदावारको सततः आपूर्ति, जैविक विविधता संरक्षण तथा कार्बन संचिती बढाई वनमा आधारित उत्सर्जन न्यूनीकरण गर्ने तथा न्यूनीकरण गरे वापत विश्व बैङ्कको वन कार्बन साझेदारी सुविधा (Forest Carbon Partnership Facility-FCPF) अन्तरगतको कार्बन कोषबाट भुक्तानी प्राप्त गर्ने यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।वन क्षेत्रबाट हुने कार्बन उत्सर्जन न्यूनीकरण गरे वापत FCPF मार्फत भुक्तानी प्राप्त गर्न नेपाल सकारले विश्व बैङ्कसँग सम्झौता गरेको छ र सम्झौता अनुरूपको प्रथम किस्ता वन विकास कोषमा उपलव्ध भैसकेको छ।यस अघि उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनको लागि विश्व वैङ्कै सहयोगमा सन् २०१४ देखिनै रेडप्लस तयारीको लागि निरन्तर आर्थिक तथा प्राविधिक सहयोग प्राप्त भएको थियो । रेडप्लस तयारी चरण कार्यक्रमको शुरू देखि हालसम्मको अवधिलाई प्रमुख देहाय बमोजिम प्रस्तुत गरिएको ।

**प्रथम चरणः रेडप्लस कार्यान्वयनका लागि तयारी (REDD+ Readiness)**

- प्रमुख नीतिगत, कानुनी, संरचनागत, कार्यक्रमिक तथा कार्यविधिगत व्यवस्थाको तयारी
- उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेज तयारी तथा स्वीकृती
- उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनको लागि योजना चक्रभरी वातावरणीय तथा सामाजिक जोखिम सम्बोधन गर्न चरणवद्ध विधि र प्रक्रिया विस्तृत रूपमा वर्णन गरिएको वातावरणीय तथा सामाजिक सुरक्षा ढाँचा (ESMF) तयार गरिएको छ
- तहगत सरकार तथा संलग्न सरोकारवालाहरूको क्षमता सुदृढीकरण

**दोश्रो चरणः रेडप्लस कार्यक्रम कार्यान्वयन**

- उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेजमा उल्लेखित कार्यहरू कार्यान्वयन तथा अनुगमन
- कार्यक्रम कार्यान्वयनमा वातावरणीय तथा सामाजिक सुरक्षा मूलप्रवाहिकरण
- वन मापन, उत्सर्जन न्यूनीकरण आँकलन, अनुगमन, प्रतिवेदन तथा तेश्रो पक्षबाट प्रमाणिकरण

**तेश्रो चरणः उत्सर्जन न्यूनीकरण वापत भुक्तानी र प्राप्त लाभ बाँडफाँट योजना तयारी तथा कार्यान्वयन**

- उत्सर्जन न्यूनीकरण वापत भुक्तानी सम्झौता
- उत्सर्जन न्यूनीकरण वापत भुक्तानी प्राप्ति
- प्राप्त लाभ बाँडफाँट र लगानी योजना कार्यान्वयन
- लाभ वितरण अनुगमन तथा प्रतिवेदन
- वातावरणीय तथा सामाजिक सुरक्षा परीक्षणबाट प्राप्त निश्कर्षका आधारमा सुधारात्मक कार्यहरू संचालन

सचिव

# २. लाभ बाँडफाँट योजना (Benefit Sharing Plan, BSP)

नेपाल सरकार
वन तथा पर्यावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं, नेपाल

## २.१. लाभ बाँडफाँट सम्बन्धी कानुनी व्यवस्था

वन ऐन २०७६ को दफा ४४(१) र वन नियमावली २०७९ को नियम १०७ (९) र ११५ मा गरिएका व्यवस्थाहरूले कार्बन सञ्चिति र उत्सर्जन न्यूनीकरण वापत प्राप्त लाभलाई लाभग्राही पहिचान गरी नेपाल सरकारद्वारा निर्धारित योजना तथा मापदण्ड अनुसार नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, वन उपभोक्ता समूह, प्रभावित स्थानीय समुदाय तथा निजी वन धनीबीच बाँडफाँट गर्ने व्यवस्था गरी लाभ बाँडफाँट योजनालाई कानुनी संयन्त्रको रूपमा स्थापित गरेका छन् । नेपाल सरकार तथा विश्व बैङ्कबीच गरिएको उत्सर्जन न्यूनीकरण भुक्तानी सम्झौताका शर्तहरूमा दुवै पक्षलाई मान्य हुने स्वीकृत लाभ बाँडफाँट योजना बमोजिम उत्सर्जन न्यूनीकरणबाट प्राप्त लाभको उपयोग गर्नुपर्ने समेत उल्लेख गरिएको छ ।

## २.२. लाभ बाँडफाँट योजना र यसका लक्ष्य तथा उद्देश्यहरू

तराई भू-परिधि क्षेत्रमा प्रमाणीकरण भएको उत्सर्जन न्यूनीकरण परिमाणका आधारमा वन विकास कोषमा प्राप्त नगद लाभलाई निर्धारित मापदण्ड तथा प्रक्रिया बमोजिम लाभग्राही निकाय र समुदायबीच न्यायोचित बाँडफाँट गरी उत्सर्जन न्यूनीकरणमा योगदान पुग्ने कृयाकलापहरूमा लगानी गर्ने व्यवस्था नै लाभ बाँडफाँट योजना हो । तराई भू-परिधि क्षेत्रका लागि लाभ बाँडफाँट योजना नेपाल सरकारबाट स्वीकृत भैसकेको छ र वन तथा वातावरण मन्त्रालय अन्तरगतको रेड कार्यान्वयन केन्द्र वेबसाइट मार्फत सार्वजनिक पहुँचमा आएको छ । वन क्षेत्रको उत्सर्जन न्यूनीकरण वापत प्राप्त लाभलाई न्यायोचित, पारदर्शी, उत्तरदायी तथा प्रभावकारी रूपमा अन्तिम लाभग्राहीसम्म पुर्याउनु लाभ बाँडफाँट योजनाको प्रमुख उद्देश्य रहेको छ । यस योजनाका खास उद्देश्य देहाय बमोजिम रहेका छन्:

- उत्सर्जन न्यूनीकरण कार्यमा योगदान पुर्याउने तहगत सरकारी निकाय, वन उपभोक्ता समूह, आदिवासी जनजाति, स्थानीय समुदाय, महिला, दलित, निजी वनधनी तथा कार्यक्रममा संलग्न अन्य लाभग्राहीहरू पहिचान गर्ने ।
- वन विनास तथा क्षयीकरण न्यूनीकरण, वन पुनर्स्थापना तथा दिगो वन व्यवस्थापन र वन कार्बन संचिति वृद्धि गर्न एवं उल्लेखित कार्यमा देखिएका विद्यमान समस्या समाधान गर्न लाभग्राहीलाई प्रोत्साहन गर्ने ।

## २.३. लाभ बाँडफाँट योजनाका सिद्धान्तहरू

लाभ बाँडफाँट योजना देहायका आधारभुत अन्तरनिहित सिद्धान्तहरूमा आधारित छः

- राष्ट्रिय तथा प्रादेशिक नीति, कानुन र नियमाक व्यवस्थासँग तादम्यता ।
- सम्बन्धित लाभग्राहीहरूको भूमिका, योगदान र वनमा निर्भरता अनुसार बाँडफाँट ।
- स्थानीय समुदायको स्वामित्व र सहभागिता - लगानी योजना तयारी, कार्यान्वयन र लाभ उपयोगमा आदिवासी जनजाति र स्थानीय समुदायको स्वामित्व ।
- सामाजिक न्याय र मानवीय मूल्यमा आधारित पारदर्शी, सहभागितामूलक, उत्तरदायि र समावेशी प्रकृया ।
- कार्यसम्पादनमा आधारित- लगानी योजना कार्यान्वयनलाई कार्यसम्पादनको सूचक र लाभ प्राप्तिको पूर्वशर्तको रूपमा ग्रहण गरी लाभ वितरणमा समता र कार्यदक्षता सुनिश्चितता[1]

सचिव

[1] Approved BSP section 1.3

## २.४. उत्सर्जन न्यूनीकरण भुक्तानीका लाभग्राहीहरू

विद्यमान कानुनी व्यवस्था, विश्व बैङ्कसँग भएका उत्सर्जन न्यूनीकरण भुक्तानी सम्झौताका शर्तहरू, उत्सर्जन न्यूनीकरण कार्यक्रममा सहभागिता, वन माथिको निर्भरता तथा सामाजिक न्यायको संयोजन गरी लाभ बाँडफाँट योजनाले देहायका लाभग्राहीहरू पहिचान गरेको छः

(१)उत्सर्जन न्यूनीकरणमा प्रत्यक्ष योगदान पुर्याउने तहगत लाभग्राही निकायहरूः

- डिभिजन वन कार्यालयहरू,
- राष्ट्रिय निकुञ्ज कार्यालयहरू ।

(२)उपभोक्ता समूहहरूः

- सामुदायिक वन उपभोक्ता समूह,
- मध्यवर्ति सामुदायिक वन उपभोक्ता समूह,
- गरीबमुखी कवुलियती वन समूह,
- मध्यवर्ति कवुलियती वन समूह,
- साझेदारी वन उपभोक्ता समूह,
- धार्मिक वन उपभोक्ता समूह,
- वन व्यवस्थापनमा परम्परागत मौलिक ज्ञान, सीप प्रथाजनित अभ्यास भएका आदिवासी जनजातिका संस्थाहरू ।

(३)निजी वन धनीः

- निजी तथा पारिवारिक जग्गामा वृक्षारोपण गर्ने व्यवस्थापन गर्ने जग्गाधनीहरू,
- निजी जग्गामा प्राकृतिक पुनरोत्पादन गराई वन हुर्काउने जग्गाधनीहरू ।

(४)वन उपभोक्ता समूहमा सँगठित नभएका देहायका समुदायः

- भौगोलिक विकटता वा सामाजिक संरचना वा शहरीकरण तथा बसाई सराईका कारण वन उपभोक्ता समूहमा सदस्य नभएका परिवारहरू,
- समूहमा आवद्ध नभएका लोपोन्मुख जातिः कुसुण्डा, राउटे, हायु, किसान, मेचे, वनकरिया, सुरेल, राजी, लोप्चा, कुसवाडिया (पत्थरकट्टा, सिलकट, कुशवदिधिया र कुचवधिया),
- आदिवासी जनजातिका प्रथाजनित अभ्यास भएका समुदाय र सिमान्तिकृत घरधुरी ।

आवश्यक नीतिगत, कानुनी, कार्यक्रमिक तथा कार्यविधिगत व्यवस्था गरी उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयन गर्न प्रत्यक्ष योगदान पुर्याउने लाभग्राही निकायहरूलाई उपयुक्त वातावरणको सिर्जना गर्ने देहायका तहगत निकायहरू प्रत्यक्ष लाभग्राहीको रूपमा समावेश नभएता पनि लाभ बाँडफाँड योजना कार्यान्वयनमा उल्लेख्य भूमिका रहनेछ ।

- कृषि, वन तथा वातावरण मन्त्रालय, विभागहरू र अन्तरगतका कार्यक्रम क्षेत्रका कार्यालयहरू
- रेड कार्यान्वयन केन्द्र, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
- सम्बन्धित प्रदेश मन्त्रालय र अन्तरगतका निर्देशनालयहरू, प्रदेश वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरू
- कार्यक्रम क्षेत्रका स्थानीय तहहरू, सरोकारवाला सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, नेपाल आदिवासी जनजाति महासंघ, साझेदारी वन उपभोक्ता महासंघ नेपाल लगायतका सम्बन्धित सामाजिक संस्थाहरू

## २.५. उत्सर्जन न्यूनीकरण लाभग्राही पहिचानका प्रमुख आधार तथा मापदण्ड

सचिव

लाभ बाँडफाँट योजनाले देहायका आधार तथा मापदण्डको विश्लेषणका आधारमा उत्सर्जन न्यूनीकरणबाट प्राप्त लाभका लाभग्राही पहिचान गरेको होः

- वन संरक्षण तथा व्यवस्थापनका लागि विद्यमान कानुनी तथा संस्थागत जिम्मेवारी,
- उत्सर्जन न्यूनीकरण कार्यक्रममा प्रत्यक्ष योगदान,

- जीविकोपार्जनका लागि वन पैदावारमा निर्भरता,
- सामाजिक न्याय,
- विश्व बैङ्कसँग भएका उत्सर्जन न्यूनीकरण भुक्तानी सम्झौताका शर्तहरू ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं, नेपाल

### २.६. उत्सर्जन न्यूनीकरण लाभ बाँडफाँट

वन नियमावली २०७९ को नियम ११५ अनुसार तराई भू-परिधि क्षेत्रमा उत्सर्जन न्यूनीकरण गरेवापत वन विकास कोषमा प्राप्त भएको रकम मध्ये ८० प्रतिशत सरकारी लाभग्राही निकाय तथा समुदायमा आधारित वन व्यवस्थापन समूहलाई, १० प्रतिशत कोषको व्यवस्थापन खर्च, ५ प्रतिशत निजी वन धनी तथा ५ प्रतिशत समूहभन्दा बाहिर रहेका वनमा निर्भर विपन्न घरधुरी परिवारको लागि बाँडफाँट हुने व्यवस्था गरिएको छ (तालिका १)। लाभ बाँडफाँडका आधार, मापदण्ड, सूत्र तथा प्रक्रिया स्पष्ट रूपमा निर्धारण गरिएको लाभ बाँडफाँट योजना नेपाल सरकारबाट स्वीकृत भैसकेको छ। उक्त योजना कार्यान्वयन गर्दा प्रचलित कानुन र सम्बन्धित सम्झौताका व्यवस्थाहरू पालना गर्नुपर्दछ ।

## ३. लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि

स्वीकृत लाभ बाँडफाँट योजनालाई सरल, व्यवहारिक तथा प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक चरणबद्ध मार्गदर्शन प्रदान गर्ने दस्तावेज नै "लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि" हो । उत्सर्जन न्यूनीकरण वापत प्राप्त लाभको न्यायोचित बाँडफाँट पछि त्यसको उत्तरदायी, पारदर्शी तथा प्रभावकारी उपयोगका लागि तयार गरिने योजनालाई यस कार्यविधिमा "लगानी योजना" भनिएको छ ।लाभग्राही निकायले स्वीकृत वन कार्ययोजनामा उल्लेखित कार्यहरूसँग तालमेल हुने गरी लगानी योजना तयार गरी निर्धारित मापदण्ड र प्रकृया बमोजिम कार्यान्वयन गर्नुपर्दछ । लगानी योजना कार्यान्वयन वापतको भुक्तानी कार्यसम्पादनमा आधारित हुन्छ ।

### ३.१. लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधिको आवश्यकता

लाभ बाँडफाँट योजनाले उत्सर्जन न्यूनीकरणबाट प्राप्त लाभको न्यायोचित वितरण र सदुपयोगको लागि समग्र तथा सांकेतिक व्यवस्था र मापदण्डहरू तय गरेको छ।लाभ बाँडफाँट योजनाको विस्तृतिकरण गरी विशिष्ट मापदण्ड र चरणबद्ध प्रक्रिया सहित प्राप्त लाभलाई न्यायोचित, समावेशी तथा पारदर्शी रूपमा अन्तिम लाभग्राहीसम्म पुर्याउन उल्लेखित कारणले लाभ बाँडफाँट कार्यान्वयन कार्यविधि (Benefit Sharing Plan Operation Manual- BSPOM)को आवश्यकता परेको हो:

(१) लाभ बाँडफाँटबाट लाभग्राहीलाई उपलब्ध हुने रकम निर्धारित प्रक्रिया र मापदण्ड अनुसार स्वीकृत लगानी योजनामा खर्च भएको सुनिश्चित गर्न आवश्यक रहेको।

(२) लाभ बाँडफाँट योजनाले गरेको समग्र व्यवस्था र मापदण्डलाई कार्यकुशल, प्रभावकारी र समतामूलक ढंगबाट कार्यान्वयन गर्न चरणबद्ध प्रक्रिया र विस्तृत मापदण्डको आवश्यकता रहेको।

(३) उत्सर्जन न्यूनीकरण भुक्तानीको लागि नेपाल सरकार र विश्व बैङ्कबीच सम्पन्न सम्झौताका शर्तहरूमा संलग्न लाभ बाँडफाँट योजना कार्यान्वयन गर्न आवश्यक रहेको।

### ३.२. लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधिको लक्ष्य तथा उद्देश्य

स्वीकृत लाभ बाँडफाँट योजना कार्यान्वयन गर्न चरणबद्ध मार्गदर्शन उपलव्ध गराउनु यस कार्यविधिको प्रमुख लक्ष्य रहेको छ। कार्यविधिको कार्यान्वयनले लाभग्राही, कार्यान्वयन कर्ता खर्च केन्द्र तथा सरोकारवालाहरूबीच आपसि विश्वास र सहभागिताका साथ व्यवस्थित वन, उत्सर्जन कटौति र वन पारिस्थितिकीय प्रणाली र समुदायको उत्थानशीलता विकास गर्न टेवा पुर्याउनेछ। लगानी योजना कार्यान्वयन कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेका छन्:

सचिव

(१) लाभ बाँडफाँट योजनाको ढाँचा र विषयवस्तु, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन सम्बन्धी विषयमा लाभग्राही तथा सरोकारवाला समक्ष पूर्वसूचना पुर्याई निर्धारित मापदण्ड, प्रक्रिया र समयसिमाभित्र लाभ प्राप्त गर्न मार्गदर्शन प्रदान गर्ने।

(२) खर्च केन्द्र र पहिचान गरिएका लाभग्राहीलाई लाभ बाँडफाँट योजना पहिचान, तर्जुमा, कार्यान्वयन, अनुगमन र प्रतिवेदन पेश गर्ने कार्यमा प्रकृयागत मार्गदर्शन गर्ने।

(३) निर्धारित मापदण्ड, प्रक्रिया र समयसिमाभित्र लगानी योजना तर्जुमा, कार्यान्वयन र प्रतिवेदन गर्न लाभग्राही निकाय र समुदायहरूलाई सहजीकरण गर्ने।

(४) लगानी योजना लक्षित रकम निकासा, खर्च, अभिलेख व्यवस्थापन, लेखापरीक्षण तथा प्रतिवेदनका लागि पारदर्शी वित्तीय व्यवस्थापन प्रणाली लागू गर्ने।

(५) लाभ बाँडफाँट योजना कार्यान्वयनमा गुनासो व्यवस्थापन, सामाजिक तथा वातावरणीय सुरक्षा र सुधारका लागि निरन्तर पृष्ठपोषणको व्यवस्था गरी तहगत अनुगमन तथा प्रतिवेदन सुनिश्चित गर्ने।

### ३.३. लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधिका विशेषताहरू

(१) संघीय, प्रादेशिक तथा स्थानीय तहको नीतिगत, कानुनी, संस्थागत तथा कार्यविधिगत व्यवस्थासँग तादम्यता,
(२) लाभ बाँडफाँट योजनाद्वारा निर्धारित मापदण्ड र सूत्र बमोजिम लाभ वितरण,
(३) प्राप्त नगद लाभ उपयोग गरी लगानी योजना कार्यान्वयनको सुनिश्चितता,
(४) सूचनामा प्रभावकारी पहुँच र सरोकारवालाबीच समन्वय तथा सहकार्य,
(५) पारदर्शी वित्तीय व्यवस्थापन प्रणाली,
(६) कार्यान्वयन निकाय तथा लाभग्राही निकायको क्षमता विकास,
(७) वातावरणीय तथा सामाजिक-सांकृतिक सुरक्षाको सुनिश्चितता,
(८) सक्रिय गुनासो सुनुवाइ र समाधान संयन्त्र,
(९) अनुगमन, मूल्याङ्कन र प्रतिवेदनको व्यवस्था ।

### ३.४. लाभ बाँडफाँट योजना अन्तरगतका लगानी योजना छनौटका प्रमुख आधारहरू

(१) राष्ट्रिय रेडप्लस रणनीति (२०२५-२०३४) तथा उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेजले पहिचान गरेका वन विनास (Deforestation) न्यूनीकरण, वन क्षयिकरण (Forest Degradation) न्यूनीकरण, वनको दिगो व्यवस्थापन (Sustainable Management of Forest), वन कार्बन संरक्षण (Forest Carbon Conservation) र कार्बन स्टक प्रवर्धन (Carbon Stock Enhancement) गर्ने किसिमका कार्यहरू ।

(२) वन नियमावली, २०७९ को नियम ११४ ले निर्दिष्ट गरेका कार्यहरू ।

(३) सम्बन्धित डिभिजन वन कार्यालय, निकुञ्ज कार्यालय, समुदायमा आधारित वन व्यवस्थापन समूहका कार्ययोजना/व्यवस्थापन योजनाहरू, निजी वन धनी, वन सम्बन्धी प्रथाजनित ज्ञान र अभ्यास भएका आदिवासी जनजाति समुदाय र सम्बन्धित प्रथाजनित अभ्यास भएका संस्थाहरूसँगको समन्वय तथा सहकार्यमा छनौट भएका कार्यहरू ।

सचिव

# भाग-२ लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि (Benefit Sharing Plan Operational Manual)

## १. प्रारम्भिक

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं, नेपाल

### १.१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "तराई भू-परिधि क्षेत्रमा उत्सर्जन न्यूनीकरण कार्यक्रम भुक्तानीको लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ । छोटकरीमा यसलाई "कार्यान्वयन कार्यविधि" भनिने छ ।

(२) यो कार्यविधि कृषि, वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत प्राप्त भए पश्चात तुरून्त लागु हुनेछ ।

### १.२. परिभाषा

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(१) "उत्सर्जन न्यूनीकरण भुक्तानी समझौता (Emission Reduction Payment Agreement- ERPA)" भन्नाले तराई भू-परिधि क्षेत्रका १३ जिल्लामा कार्यान्वयन भएको वन व्यवस्थापनमा आधारित उत्सर्जन न्यूनीकरण कार्यक्रमको नतिजामा आधारित भुक्तानी प्राप्त गर्नका लागि नेपाल सरकार र विश्व बैङ्कबीच भएको सम्झौता सम्झनु पर्दछ ।

(२) "कवुलियती वन" भन्नाले वन ऐन २०७६ को दफा २६(२) बमोजिमको कवुलियती वन समूहले व्यवस्थापन गरेको राष्ट्रिय वन सम्झनु पर्दछ। यस शव्दले मध्यवर्ति क्षेत्रको कवुलियती वनलाई समेत जनाउँदछ ।

(३) "कार्यक्रम छनौट तथा कार्यान्वयन समिति" भन्नाले वन नियमावली २०७९ को नियम १०९ बमोजिमको समिति सम्झनु पर्दछ।

(४) "कार्यक्रम" भन्नाले तराई भू-परिधि क्षेत्रमा सन २०१८ देखि कार्यान्वयनमा आएको दिगो वन व्यवस्थापनमा आधारित कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम सम्झनु पर्दछ ।

(५) "कार्ययोजना" भन्नाले वनको संरक्षण, संवर्द्धन, व्यवस्थापन र सदुपयोग लगायतका विषयवस्तु समावेश भएको कार्ययोजना सम्झनु पर्दछ र सो शव्दले वन उपभोक्ता समूहहरूको वन कार्ययोजना, डिभिजन वन कार्यालयको आवधिक योजना सहितको रणनीतिक योजना, वन संरक्षण क्षेत्रको विशेष कार्ययोजना र संरक्षित क्षेत्रको व्यवस्थापन योजना समेत जनाउँदछ ।

(६) "केन्द्र" भन्नाले वन तथा वातावरण मन्त्रालय अन्तरगतको रेड कार्यान्वयन केन्द्र सम्झनु पर्दछ ।

(७) "कोष" भन्नाले वन विकास कोष सम्झनु पर्दछ ।

(८) "खर्च केन्द्र" भन्नाले संघीय सरकारको Line Ministry Budget Information System- LMBIS, प्रदेश सरकारको Province Line Ministry Budget Information System- PLMBIS, स्थानीय तहको बजेट प्रणाली मार्फत उत्सर्जन न्यूनीकरण लाभ बाँडफाँट योजनाको बजेट प्राप्त गर्ने, खर्च गर्ने र अभिलेख राख्ने तथा लेखापरीक्षण गराउने निकाय सम्झनु पर्दछ ।

(९) "धार्मिक वन" भन्नाले वन ऐन २०७६ को दफा २८ बमोजिम जिम्मा दिइएको वन सम्झनु पर्दछ। यस शव्दले मध्यवर्ति क्षेत्रको धार्मिक वनलाई समेत जनाउँदछ ।

(१०) "निजी वन" भन्नाले प्रचलित कानुन बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वन सम्झनु पर्दछ ।

सचिव

(११) "प्रदेश मन्त्रालय" भन्नाले तराई भू-परिधि क्षेत्रमा कार्यक्षेत्र पर्ने प्रदेशस्तरीय वन तथा वातावरण सम्बन्धी कार्य सम्पादन गर्ने मन्त्रालय सम्झन् पर्दछ ।

(१२) "बाह्य लेखापरीक्षण" भन्नाले लगानी योजनाका खर्च केन्द्र निकायको लेखा अभिलेख र आन्तरिक नियन्त्रण प्रणालीको महालेखा परिक्षकको कार्यालयबाट हुने लेखापरीक्षण सम्झनु पर्दछ ।

(१३) "मन्त्रालय" भन्नाले कृषि, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्दछ ।

(१४) "रातो किताब" भन्नाले प्रत्येक आर्थिक वर्षका लागि संघीय तथा प्रदेश सरकारद्वारा प्रत्येक आर्थिक वर्षका लागि तयार गरिने वार्षिक बजेट सम्बन्धी आधिकारिक विवरण पुस्तिका सम्झनु पर्दछ ।

(१५) "रेड सेल" भन्नाले उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयन भएका डिभिजन वन कार्यालयका रेडप्लस सम्पर्क व्यक्तिको संयोजनमा गठित समिति सम्झनु पर्दछ ।

(१६) "लगानी योजना" भन्नाले वन व्यवस्थापन, उत्सर्जन न्यूनीकरण र कार्बन सञ्चितीमा प्रत्यक्ष योगदान पुर्याउने निकायहरूले न्यायोचित बाँडफाँट पछि प्राप्त लाभको उत्तरदायी, पारदर्शी तथा प्रभावकारी उपयोगका लागि तयार गरिने योजना सम्झनु पर्दछ ।

(१७) "लाभ बाँडफाँट योजना (Benefit Sharing Plan- BSP)" भन्नाले उत्सर्जन न्यूनीकरण कार्यक्रमबाट प्राप्त लाभ बाँडफाँट तथा वितरणका लागि लाभग्राही पहिचान, लाभ वितरणका मापदण्ड र प्रकृया तथा जिम्मेवार संस्थागत संयन्त्र समेटिएको व्यवस्थित योजनालाई भन्ने सम्झनु पर्दछ ।

(१८) "लाभ" भन्नाले तराई भू-परिधि क्षेत्रमा दिगो वन व्यवस्थापनमा आधारित उत्सर्जन न्यूनीकरणबाट प्राप्त नतिजाको आधारमा विश्वबैङ्कबाट भुक्तानी भई वन विकास कोषमा प्राप्त रकम सम्झनु पर्दछ ।

(१९) "लाभग्राही" भन्नाले तराई भू-परिधि क्षेत्रमा उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनमा संलग्न तहगत सरकारी निकाय, उपभोक्ता समूहमा सँगठित सदस्यहरू, आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक समुदाय, निजी वन धनीहरू लगायत वनमा आश्रित विपन्न वर्ग सम्झनु पर्दछ ।

(२०) "LMBIS/PLMBIS" भन्नाले संघीय तथा प्रदेशस्तरीय मन्त्रालयगत बजेट विनियोजन, कार्यान्वयन र अनुगमन सम्बन्धी प्रयोगमा ल्याइएको मन्त्रालयगत विद्युतीय सूचना प्रणाली सम्झनु पर्दछ ।

(२१) "वन उपभोक्ता समूह" भन्नाले भन्नाले सम्बन्धित डिभिजन वन वा राष्ट्रिय निकुञ्ज कार्यालयमा दर्ता भएका समुदायमा आधारित वन व्यवस्थापन समूह भन्ने सम्झनु पर्दछ । यस शब्दले वन ऐन, २०७६ बमोजिम गठित सामुदायिक वन उपभोक्ता समूह, साझेदारी वन उपभोक्ता समूह, धार्मिक वन उपभोक्ता समूह, कबुलियती वन समूह र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा मध्यवर्ति क्षेत्र व्यवस्थापन नियमावली, २०५२ बमोजिम गठित मध्यवर्ति सामुदायिक वन उपभोक्ता समूह, धार्मिक वन उपभोक्ता समूह, कबुलियती वन उपभोक्ता समूह समेतलाई जनाउँदछ ।

(२२) "वन ऐन" भन्नाले वन ऐन, २०७६ सम्झनु पर्दछ ।

(२३) "वन नियमावली" भन्नाले वन नियमावली, २०७९ सम्झनु पर्दछ ।

(२४) "विभाग" भन्ने वन तथा भू-संरक्षण विभाग सम्झनु पर्दछ ।

(२५) "संघीय कार्यक्रम व्यवस्थापन इकाई" भन्नाले रेड कार्यान्वयन केन्द्र अन्तरगत व्यवस्थित उत्सर्जन न्यूनीकरण लाभ बाँडफाँट योजना कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन लगायतका कार्यविवरण सहितको संघीय कार्यक्रम व्यवस्थापन इकाई (Federal Project Management Unit-FPMU) सम्झनु पर्दछ ।

सचिव

(२६) "साझेदारी वन" भन्नाले वन ऐन, २०७६ को दफा २३ बमोजिम डिभिजन वन स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा व्यवस्थापन गरिने राष्ट्रिय वन सम्झनु पर्दछ ।

(२७) "सामुदायिक वन" भन्नाले वन ऐन, २०७६ को दफा १८ बमोजिम उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको राष्ट्रिय वन सम्झनु पर्दछ ।यस शव्दले मध्यवर्ति क्षेत्रको सामुदायिक वनलाई समेत जनाउँदछ ।

(२८) "स्थानीय तह" भन्नाले उत्सर्जन न्यूनीकरण कार्यक्रम सञ्चालन हुने क्षेत्रमा पर्ने गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिका सम्झनु पर्दछ ।

## १.३. लक्षित वर्ग

यो कार्यविधि निम्न उल्लेखित वर्ग तथा समुदायलाई लक्षित गरी तयार गरिएको छः

(१) संघीय सरकार, प्रदेश सरकार अन्तरगतका निकाय, सम्बन्धित अधिकारीहरू, स्थानीय तह,

(२) तहगत रेड समन्वय समितिहरू, रेड सेल र रेड सम्पर्क व्यक्तिहरू,

(३) लाभग्राही डिभिजन वन कार्यालयहरू, राष्ट्रिय निकुञ्ज कार्यालयहरू,

(४) वन उपभोक्ता समूहहरू, आदिवासी जनजाति तथा उनीहरूका प्रथाजनित अभ्यास भएका संस्थाहरू,

(५) दलित, महिला, अल्पसंख्यक समुदाय, वनमा आश्रित विपन्न वर्ग, समूहमा आवद्ध नभएका लोपोन्मुख जातिः कुसुण्डा, राउटे, हायु, किसान, मेचे, वनकरिया, सुरेल, राजी, लोप्चा, कुसवाडिया (पत्थरकट्टा, सिलकट, कुशवदिधिया र कुचवधिया),

(६) कार्यक्रम छनौट तथा कार्यान्वयन समिति,

(७) सरोकारवाला निकायहरू, सुपरीवेक्षण तथा निगरानी निकायहरू।

## १.४. कार्यविधिको आधारभुत निर्देशनात्मक सिद्धान्तहरू

यो कार्यविधिले देहाय बमोजिमका निर्देशनात्मक सिद्धान्त अवलम्वन गरेकोछः

(१) सरकारी निकाय र उपभोक्ता समूहका लगानी योजनाहरू स्वीकृत कार्ययोजना भित्रका हुनु ।

(२) योजना कार्यान्वयनमा वातावरणीय तथा सामाजिक सुरक्षा सुनिश्चितता ।

(३) खर्च केन्द्रसम्म र खर्च केन्द्र मार्फत लक्षित लाभग्राहीसम्म मन्त्रालयगत On Budget On Treasury बजेट प्रवाह तथा महालेखा परिक्षकबाट लेखापरीक्षण ।

(४) उपभोक्ता समूहस्तरमा समूहकै आर्थिक कार्यविधि बमोजिम लेखा श्रेस्ता व्यवस्थापन र लेखापरीक्षण ।

(५) समावेशीकरण, पारदर्शीता, उत्तरदायित्व, नियमित अनुगमन, आवधिक प्रतिवेदन र सूचनामा सार्वजनिक पहुँचमा।

(६) आदिवासी जनजाति, स्थानीय समुदाय, सिमान्तकृत घरधुरी, तथा प्रथाजनित अभ्यास भएका संस्थाहरुको तथा अन्य सरोकारवालाहरूको समावेशी सहभागिता सुनिश्चतिता ।

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं, नेपाल

## १.५. लाभ बाँडफाँट संरचना

### १.५.१. उत्सर्जन न्यूनीकरणबाट प्राप्त लाभको समग्र बाँडफाँट

(१) उत्सर्जन न्यूनीकरणबाट वन विकास कोषमा प्राप्त लाभलाई देहाय बमोजिम व्यवस्थापन खर्च र उत्सर्जन न्यूनीकरण तथा कार्बन सञ्चितिमा प्रत्यक्ष योगदान पुर्याउने लाभग्राहीहरू बीच तालिका १ मा देखाए अनुसार बाँडफाँट गर्नुपर्दछः

**तालिका १: उत्सर्जन न्यूनीकरण वापत वन विकास कोषमा प्राप्त रकम लाभग्राहीबीच बाँडफाँट**

| सि. नं. | लाभको हिस्सा | | प्रतिशत | आधार |
|---|---|---|---|---|
| १ | वन विकास कोष (व्यवस्थापन खर्च) | | १०% | वन नियमावली, नियम ११५; लाभ वांडफांड योजना (BSP) २०२५; लगानी योजना तर्जुमा, वन सर्वेक्षण तथा मापन र अनुगमन अन्तरगतका कार्यहरू रेड कार्यान्वयन केन्द्र र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको जिम्मेवारी हुने, केन्द्रद्वारा आँफै वा प्रदेश अन्तरगतका निकाय मार्फत कार्यान्वयन गर्न सकिने । |
| | व्यवस्थापन खर्चको बाँडफाँट | | | |
| | निकायहरू | प्रतिशत | | |
| | १.१. रेड कार्यान्वयन केन्द्र र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ७०% | | |
| | १.२. वन तथा भू संरक्षण विभाग (कोष व्यवस्थापन) | ३०% | | |
| | व्यवस्थापन खर्चको जम्मा | १००% | | |
| २ | कार्बन उत्सर्जन न्यूनीकरण र कार्बन सञ्चितीमा प्रत्यक्ष योगदान पुर्याउने लाभग्राहहरू वीच वांडफांड | | ८०% | |
| | लाभग्राही | प्रतिशत | | |
| | २.१. वन उपभोक्ता समूह (राष्ट्रिय वन) | ४३% | | |
| | २.२. डिभिजन वन कार्यालय (राष्ट्रिय वन) | ४२% | | |
| | २.३. राष्ट्रिय निकुन्ज मध्यवर्ति क्षेत्र वन | १५% | | |
| | नतिजामा आधारित हिस्सा जम्मा | १००% | | |
| ३ | निजी वन धनी (स्थानीय तह मार्फत) | | ५% | |
| ४ | समूहमा आवद्ध नभएका वनमा आश्रित वर्ग | | ५% | |
| | **जम्मा** | | १०० | |

### १.५.२. वन उपभोक्ता समूह (राष्ट्रिय वन) बीच लाभ बाँडफाँट

(१) उत्सर्जन न्यूनीकरण वापत तालिका १ बमोजिम समुदायमा आधारित वन उपभोक्ता समूहले प्राप्त गर्ने ४३ प्रतिशत हिस्सालाई शत प्रतिशत मानी सामुदायिक वन, साझेदारी वन र कवुलियती वनबीच क्षेत्रफलका आधारमा समानुपातिक बाँडफाँट गर्नुपर्दछ।

(२) सामुदायिक वन र साझेदारी वनको लागि प्राप्त हिस्सालाई शत प्रतिशत मानी देहाय तालिका २ मा उल्लेख भए अनुसार बाँडफाँट गर्नुपर्दछ ।

सचिव

तालिका २: वनको क्षेत्रफलको आधारमा सामुदायिक वन र साझेदारी वनको लागि प्राप्त लाभको हिस्सा बाँडफाँट

| सामुदायिक वनबीच बाँडफाँट | | साझेदारी वनबीच बाँडफाँट | |
|---|---|---|---|
| सामुदायिक वनको क्षेत्रफल | प्रतिशत हिस्सा | साझेदारी वनको क्षेत्रफल | प्रतिशत हिस्सा |
| ३० हेक्टरसम्म | १५ | १५०० हेक्टरसम्म | ३० |
| ३१-७५ हेक्टर | २० | १५००-२५०० हेक्टर | ३० |
| ७६-२५० हेक्टर | ३५ | २५००-३५०० हेक्टर | ४० |
| २५१-५०० हेक्टर | २० | | |
| ५०० हेक्टर भन्दा वढि | १० | | |

Source: BSP-2082

(३)भू-परिधि क्षेत्रमा रहेका सवै कवुलियती वनलाई एक इकाई मानी प्रत्येक कवुलियती वन समूहलाई बराबर हुनेगरी बाँडफाँट गर्नुपर्दछ ।

(४)सामुदायिक वन, साझेदारी वन र कवुलियती वन उपभोक्ता समूहले वन संरक्षण तथा व्यवस्थापनका लागि न्यूनतम २५ प्रतिशत र क्षमता विकास तथा जीविकोपार्जनका लागि अधिकतम ७५ प्रतिशत हुने गरी प्राप्त लाभ बाँडफाँट गर्नुपर्दछ ।

(५)क्षमता विकास तथा जीविकोपार्जनका लागि प्राप्त हिस्सा बाँडफाँट गर्दा उपभोक्ता समूहमा आवद्ध महिला, आदिवासी जनजाति (Indigenous Peoples-IPs), मधेशी, मुस्लिम तथा दलितबीचको अन्तर्सम्बन्ध (Intersectionality) लाई प्राथमिकतामा राख्नुपर्दछ ।

(६)उपभोक्ता समूहले जीविकोपार्जन तथा क्षमता विकास सम्भागका लागि प्राप्त हिस्साबाट सकेसम्म ४० प्रतिशत महिलाका लागि, २५ प्रतिशत आदिवासी जनजाति र मधेशीका लागि एवं १० प्रतिशत दलितका लागि लाभ हुने गरी लक्षित कार्यक्रम प्रस्ताव तथा कार्यान्वयन गर्नुपर्दछ ।

### १.५.३. राष्ट्रिय निकुन्जका मध्यवर्ति क्षेत्र बीच लाभ बाँडफाँट

(१)उत्सर्जन न्यूनीकरण वापत मध्यवर्ति क्षेत्रको लागि प्राप्त हुने हिस्सालाई शत प्रतिशत मानी मध्यवर्ति क्षेत्रको सरकारद्वारा व्यवस्थित वनको लागि ४९ प्रतिशत र समुदायमा आधारित वनको लागि ५१ प्रतिशत हुनेगरी बाँडफाँट गर्नुपर्दछ ।

(२)मध्यवर्ति सामुदायिक वनको लागि भू-परिधि क्षेत्रमा प्राप्त हिस्सालाई शत प्रतिशत मनी देहाय तालिका ३ मा उल्लेख भए बमोजिम बाँडफाँट गर्नुपर्दछ ।

तालिका ३: मध्यवर्ति सामुदायिक वनको लागि प्राप्त लाभको हिस्सा वनको क्षेत्रफलको आधारमा बाँडफाँट

| मध्यवर्ति सामुदायिक वनबीच बाँडफाँट | |
|---|---|
| सामुदायिक वनको क्षेत्रफल | प्रतिशत हिस्सा |
| ५० हेक्टरसम्म | ४० |
| ५१-३०० हेक्टर | ३० |
| ३०० हेक्टर भन्दा वढि | ३० |

Source: BSP-2082

(३)राष्ट्रिय निकुञ्जस्तरमा रहेका सवै कवुलियती वनलाई एक इकाई मानी प्रत्येक कवुलियती वन समूहलाई बराबर हुनेगरी बाँडफाँट गर्नुपर्दछ ।

(४)मध्यवर्ति सामुदायिक वन र कवुलियती वन उपभोक्ता समूहले लगानी योजना तयार गर्दा वन संरक्षण तथा व्यवस्थापनका लागि ३५ प्रतिशत, मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि ३५ प्रतिशत र क्षमता विकास तथा संरक्षण लक्षित जीविकोपार्जनका लागि ३० प्रतिशत हुने गरी मिलाउनु पर्दछ।

सचिव

(५)मध्यवर्ति क्षेत्रमा सरकारद्वारा संरक्षित वनको लागि प्राप्त हिस्सालाई निकुञ्जगत क्षेत्रफलका आधारमा अन्तर-निकुञ्ज समानुपातिक बाँडफाँट गर्नुपर्दछ ।

(६)मध्यवर्ति क्षेत्रमा सरकारद्वारा संरक्षित वनको लागि प्राप्त निकुञ्जगत हिस्सालाई शत प्रतिशत मानी देहाय तालिका ४ बमोजिम बाँडफाँट गरी योजना तर्जुमा गर्नुपर्दछ ।

**तालिका ४ : मध्यवर्ति क्षेत्रमा सरकारद्वारा संरक्षित वनका लागि प्राप्त हुने उत्सर्जन न्यूनीकरण लाभ बाँडफाँट (४९ प्रतिशत)**

| सि. नं | व्यवस्थापन पद्दति | प्रतिशत हिस्सा | प्राप्त लाभमा खर्च गर्नुपर्ने प्रतिशत | | | |
|---|---|---|---|---|---|---|
| | | | जैविक विविधता, वन संरक्षण | दिगो वन व्यवस्थापन | क्षमता विकास र जीविकोपार्जन | जम्मा |
| १ | सरकारद्वारा संरक्षित वन | ६० | ४० | २० | ४० | १०० |
| २ | समुदायद्वारा व्यवस्थित वन | ४० | २० | ४० | ४० | १०० |
| | जम्मा | १०० | | | | |

Source: BSP-2082

## १.५.४. डिभिजन वन कार्यालयबीच लाभ बाँडफाँट

(१) डिभिजन वन कार्यालयको लागि भू-परिधिस्तरमा प्राप्त हिस्सालाई शत प्रतिशत मानी राष्ट्रिय वनको क्षेत्रफलको आधारमा अन्तर-प्रदेश र अन्तर डिभिजन वन कार्यालय समानुपातिक बाँडफाँट गर्नुपर्दछ ।

(२) प्रत्येक डिभिजन वन कार्यालयको लागि प्राप्त हिस्सालाई शत प्रतिशत मानी देहाय तालिका ५ बमोजिम बाँडफाँट गरी योजना तर्जुमा गर्नुपर्दछ ।

**तालिका ५: डिभिजन वन कार्यालयमा प्राप्त हुने उत्सर्जन न्यूनीकरण लाभ बाँडफाँट**

| सि. नं. | व्यवस्थापन पद्दति | प्रतिशत हिस्सा | प्राप्त लाभमा खर्च गर्नुपर्ने प्रतिशत | | | |
|---|---|---|---|---|---|---|
| | | | जैविक विविधता, वन संरक्षण | दिगो वन व्यवस्थापन | क्षमता विकास र जीविकोपार्जन | जम्मा |
| १ | सरकारद्वारा व्यवस्थित वन | ६० | ४० | २० | ४० | १०० |
| २ | समुदायद्वारा व्यवस्थित वन | ४० | २० | ४० | ४० | १०० |
| | **जम्मा** | १०० | | | | |

Source: BSP-2082

(३) डिभिजन वन कार्यालयले प्राप्त गरेको विनियोजित रकम मध्ये ४० प्रतिशत हिस्सा वन उपभोक्ता समूह, आदिवासी जनजाति समुदायका प्रथाजनित अभ्यास भएका संस्थाहरू, महिला समूह, दलित समुदाय, अल्पसंख्यक समुदाय, लगायतका लाभग्राही समूहहरूलाई संरक्षण तथा दिगो वन व्यवस्थापनमा टेवा पुर्याउने किसिमका क्षमता विकास, वन उद्यम, पर्यापर्यटन, परम्परागत ज्ञान र सीपमा आधारित जीविकोपार्जन, चरन व्यवस्थापन, कृषि वन, जैविक खेति, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण, पानीको बहुउपयोग लगायतका कार्यहरूमा खर्च गर्नुपर्दछ ।

(४) डिभिजन वन कार्यालयको स्वीकृत आवधिक योजना बमोजिम सरकारद्वारा व्यवस्थित वनको लागि खर्च गर्न आवश्यक नदेखिएमा डिभिजन वन कार्यालयहरूले ६० प्रतिशत लाभको हिस्सा सामुदायिक वन तथा कबुलियती वनका कार्ययोजना परिमार्जन तथा सोको प्रभावकारी कार्यान्वयन र समुदायमा आधारित वन व्यवस्थापनमा सुधार तथा सुदृढिकरणका लागि खर्च गर्नुपर्दछ। यसरी खर्च गर्दा उपभोक्ता समूहको हिस्साबाट लाभ प्राप्त गर्न नसकेका समूहलाई प्राथमिकता दिनुपर्दछ।

सचिव

(५) डिभिजन वन कार्यालयले लगानी योजना तयार गर्दा स्वीकृत डिभिजनस्तरीय रणनीति तथा कार्ययोजनामा उल्लेखित कार्यहरूलाई प्राथमिकता दिनुपर्दछ।

## १.५.५. निजी वन धनीको लागि प्राप्त लाभ स्थानीय तहबीच बाँडफाँट

(१) निजी वन धनीलाई विनियोजित रकमलाई शत प्रतिशत मानी मौजुदा निजी वनको संरक्षण, व्यवस्थापन र बिरूवा उत्पादन/खरिद तथा नयाँ निजी वन विकास, निजी वन दर्ता, नविकरण, रूख मापन, जग्गा नापजाँच, विमा लगायतका कार्यको लागि ७० प्रतिशत रकम समृद्धिको लागि वन कार्यक्रमको वृक्षारोपण अनुदान निर्देशिका बमोजिम निजी वन धनीका लगानी योजना कार्यान्वयन गर्न रेड कार्यान्वयन केन्द्र मार्फत उपलव्ध गराउनुपर्दछ ।

(२) निजी वन धनीलाई विनियोजित ३० प्रतिशत हिस्सा स्थानीय तहको लागि निजि वन विकास तथा व्यवस्थापन गर्न देहायका कार्यविवरण सहित डिभिजन वन कार्यालय मार्फत प्राविधिक जनशक्तिको व्यवस्था गर्नुपर्दछ ।

- निजी वन लगाउन इच्छुक तथा निजी वन लगाइसकेका जग्गा धनीको पहिचान गरी निजी वन दर्ता तथा स्थानीय तहमा निजी वनको डाटावेस तयार गर्ने ।
- निजी वन विकास तथा विस्तारका लागि स्थानीय तहस्तरको लगानी योजना तयार गर्ने ।
- स्थानीय तहका लागि यस कार्यक्रम मार्फत व्यवस्था गरिएको वन प्राविधिकले रेडसेल, स्थानीय तह, डिभिजन वन कार्यालय, वन विकास कोषको सचिवालय, रेड कार्यान्वयन केन्द्रलाई तथ्याङ्क संकलन, व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन गर्नुपर्दछ।

## १.५.६. समूहमा आवद्ध नभएका लाभग्राहीको लागि प्राप्त लाभ स्थानीय तहबीच बाँडफाँट

सामाजिक सुरक्षा ऐन २०७५ को अनुसूचीमा रहेका लोपोन्मुख जाति (कुसुन्डा, राउटे, हायु, किसान, मेचे, वनकरिया, सुरेल, राजी, लोप्चा, कुवडिया (पत्थरकट्टा, सिलकट, कुशवधिया, र कुचबधिया), प्रथाजनित अभ्यास भएका संस्था र प्राकृतिक स्रोतमा निर्भर रहेका अति विपन्न घरधुरी पहिचान गरी वस्तुगत (non-monetary) सहायता उपलव्ध गराउन लाभग्राहीहरूसँग छलफल गरी स्थानीय तहले डिभिजन वन कार्यालय मार्फत वा सिधै रेड कार्यान्वयन केन्द्रमा लाभान्वित घरधुरीको विवरण सहित लगानी योजना पेश गर्नुपर्दछ। रेड कार्यान्वयन केन्द्रले स्थानीय तहले पहिचान गरेका लाभग्राहीहरूलाई आवश्यकता अनुसार थप प्राविधिक सहयोग उपलब्ध गराउने छ।

## १.६. व्यवस्थापन खर्चबाट गर्न सकिने क्रियाकलाप सम्बन्धी व्यवस्था

(१) व्यवस्थापन खर्च वापत रेड कार्यान्वयन केन्द्रलाई प्राप्त हुने हिस्सालाई केन्द्रले देहाय बमोजिम खर्चगर्न सक्नेछः

- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र मार्फत वन मापन, प्रतिवेदन तथा प्रमाणिकरण गर्न,
- लाभ बाँडफाँट योजना तर्जुमा तथा समीक्षाको लागि तहगत गोष्ठी तथा समन्वय बैठक गर्न,
- सिमान्तकृत वनमा आश्रित घरधुरी तथा आदिवासी जनजाति, दलित, मूस्लिम, मधेशी तथा महिलाहरूसँग लाभ बाँडफाँट बारे सूचना प्रवाह गर्न तथा उनीहरूको प्राथमिक तथा अत्यावश्यक क्रियाकलाप बारे अन्तरकृया तथा छलफल गर्न।
- लाभ बाँडफाँट योजना कार्यान्वयन, वातावरणीय तथा सामाजिक सुरक्षा व्यवस्थापन, अनुगमन, डाटा व्यवस्थापन तथा प्राविधिक सहयोगको लागि केन्द्र एवं प्रदेशका वन तथा वातावरण सम्बन्धी कार्य सम्पादन गर्ने मन्त्रालय र वन निर्देशनालयको जनशक्ति परिचालन, आवश्यकता र औचित्यका आधारमा थप जनशक्ति व्यवस्थापन गर्न,
- सूचना प्रवाह तथा सञ्चारका लागि कार्यक्रम कार्यान्वयन गर्न,
- वन विकास कोष संचालन निर्देशिका, २०८२ को मापदण्ड बमोजिम कोषको प्रशासनिक तथा कार्यालय संचालन गर्न,

सचिव

- रेडसेलको कार्य सञ्चालनका लागि आवश्यक रकम उपलब्ध गराउन ।

(२) लाभ बाँडफाँट योजना कार्यान्वयन, वातावरणीय तथा सामाजिक सुरक्षा व्यवस्थापन तथा अनुगमनका लागि प्रदेशको वन तथा वातावरण सम्बन्धी कार्य सम्पादन गर्ने मन्त्रालय तथा वन निर्देशनालय मार्फत समेत व्यवस्थापन खर्च परिचालन गर्न सक्नेछ ।

## २. लगानी योजना तर्जुमा प्रकृया

लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधी तथा लगानी योजना कार्यान्वयन गर्ने क्रममा सूचना प्रवाह तथा सञ्चार, क्षमता अभिवृद्धि तथा समूह तथा सिमान्तकृत समुदायहरूसँग छलफल तथा परामर्श एकिकृत तरिकाले कार्यान्वयन गरिने छ।

### २.१. सरोकारवालाको सहभागितामा सूचना प्रवाह, सञ्चार, छलफल, परामर्श

#### २.१.१. सूचना तथा सञ्चार

रेड कार्यान्वयन केन्द्र, अन्य निकाय, लाभग्राही, सम्बन्धित सरोकारवाला निकायहरू र विश्व बैंकबीच लाभ बाँडफाँट योजनाका कार्यान्वयनसँग सम्बन्धित सूचना प्रवाह तथा जानकारी आदानप्रदानका लागि तालिका ६ मा उल्लेख गरे अनुसार सञ्चार रणनीति र रणनीति कार्यान्वयन योजना अवलम्बन गर्नुपर्दछ। सूचना प्रवाह तथा सञ्चार रणनीतिले सञ्चार र सूचना प्रवाह संख्या र उपलब्धिहरू समावेश गर्ने छ। यस रणनीतिले लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधी स्वीकृती पश्चात लगानी योजना तयारी तथा कार्यान्वयन गर्ने क्रममा गरिने क्रियाकलापहरू समावेश गरी विस्तृत प्रसार योजना समावेश गर्ने छ।

सचिव

तालिका ६: सूचना प्रवाह तथा सञ्चार रणनीति कार्यान्वयन योजना

| क्रसं | लक्षित वर्ग (सूचना कसका लागि) | कुन विषयका के सूचना | सूचना प्रवाह गर्ने औजार तथा माध्यम | कसले गर्ने (जिम्मेवार निकायहरू) | कहिले (देखि र सम्म) |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय वन र मध्यवर्ति क्षेत्रका समुदायमा आधारित वन व्यवस्थापन समूहहरू, समूह भित्रका उपभोक्ता घरधुरी, आदिवासी जनजाति, महिला, दलित, प्रथाजनित अभ्यास भएका संस्थाहरू | लाभ बाँडफाँट प्रकृया, निर्णय प्रकृया, लाभ प्रतिशत (समूहले प्राप्त गर्ने अनुमानित रकम) , लाभ प्राप्तिका लागि समूहले पुरा गर्नु पर्ने मापदण्डहरू, लगानी योजनामा समावेश गर्नु पर्ने विषयवस्तुहरू, क्षमता अभिवृद्धि सम्बन्धि क्रियाकलपाहरू र क्षमता अभिवृद्धि कार्यक्रमहरू प्रदान गर्ने निकाय, वातावरणीय र सामाजिक जोखिम व्यवस्थापनमा समूहको भूमिका र जिम्मेवारी, योजना तर्जुमा प्रकृया<br>लाभ बाँडफाँट कार्यान्वयनका व्यवस्था सम्बन्धि गुनासो गर्नसक्ने विषयवस्तु (लाभ बाँडफाँट, सेवा प्रवाह, वन व्यवस्थापन), गुनासो गर्न सक्ने निकाय र व्यक्ति तथा तरिका (गुनासो पेटिका, मौखिक, टेलिफोन, निवेदन) | स्थानिय एफ. एम., सामाजिक सञ्जाल, पत्रिका, स्थानिय भाषामा तयार गरिएको प्रचार प्रसार सामग्री लिफलेट, ब्रोसर, लक्षित अभिमुखीकरण तथा सचेतना कार्यक्रम, स्थानीय सूचना प्रवाह अभ्यास (जस्तैः कटुवाल) | रेड कार्यान्वयन केन्द्र, वन उपभोक्ता समिति, डिभिजन वन कार्यालय (रेड सेल), राष्ट्रिय निकुन्ज कार्यालय, रेड सम्पर्क व्यक्ति, फेकोफन, नेफिन, सहयोगी संस्थाहरू र परियोजना | लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधी स्वीकृती पश्चात सूचना प्रवाह तथा सञ्चार सामग्रीहरू तयार गरी<br>लगानी योजना तयारी तथा कार्यान्वयन चरणहरूमा वितरण तथा कार्यान्वयन गरिने छ । |
| २. | वन उपभोक्ता समूह बाहिरका वनमा आश्रित घरधुरी, लोपोन्मूख आदिवासी जनजाति, प्रथाजनित अभ्यास भएका संस्थाहरू | विषयवस्तु (लाभ बाँडफाँट सम्बन्धि प्रावधान, (लाभ बाँडफाँट प्रकृया, निर्णय प्रकृया, लाभ प्रतिशत, लाभ प्रदान गर्ने निकाय, लाभ प्राप्तका लागि पुरा गर्नु पर्ने मापदण्डहरू), वातावरणीय र सामाजिक जोखिम व्यवस्थापन सम्बन्धि प्रावधान, लाभ बाँडफाँट, सेवा प्रवाहसम्बन्धी गुनासो व्यवस्थापन सम्बन्धि प्रावधान), गुनासो गर्न सक्ने निकाय (स्थानीय पालिका वा वार्ड कार्यालय), कसरी गर्ने (गुनासो पेटिका, मौखिक, टेलिफोन, निवेदन,योजना तर्जुमा प्रकृया | स्थानिय एफ.एम., पत्र पत्रिका, स्थानिय भाषामा तयार गरिएको प्रचार प्रसार सामग्री लिफलेट, ब्रोसर, लक्षित अभिमुखिकरण सूचना प्रसार र परामर्श, एस.एम.एस., सामाजिक सञ्जाल, पत्राचार, वेवसाइट | स्थानीय तह (वन तथा वातावरण शाखा, न्यायिक समिती, सम्पर्क व्यक्ति), पालिका अन्तरगतका प्रथाजनित अभ्यास भएका संस्थाहरू र सामाजिक परिचालकहरू, रेड कार्यान्वयन केन्द्र, डिभिजन वन कार्यालय, राष्ट्रिय निकुञ्ज कार्यालय, सहयोगी संस्थाहरू | लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधी स्वीकृती पश्चात सूचना प्रवाह तथा सञ्चार सामग्रीहरू तयार गरी<br>लगानी योजना तथा उत्सर्जन न्यूनीकरण कार्यक्रम सम्बन्धी अन्य तयारी तथा कार्यान्वयन गर्ने चरणहरूमा |
| ३ | तहगत सरकारी निकायहरू (प्रदेश वन मन्त्रालय, प्रदेश वन | लाभ बाँडफाँट योजनाका व्यवस्था (बाँडफाँट प्रकृया, निर्णय प्रकृया, लाभ बाँडफाँट | पत्राचार, टेलिफोन, एस.एम.एस, इमेल, कार्यालयका | रेड कार्यान्वयन केन्द्र (आवश्यकता | लाभ बाँडफाँट योजना कार्यान्वयन |

सचिव

| क्रसं | लक्षित वर्ग (सूचना कसका लागि) | कुन विषयका के सूचना | सूचना प्रवाह गर्ने औजार तथा माध्यम | कसले गर्ने (जिम्मेवार निकायहरू) | कहिले (देखि र सम्म) |
|---|---|---|---|---|---|
| | निर्देशनलाय, डिभिजन वन कार्यालय, राष्ट्रिय निकुञ्ज कार्यालय, स्थानिय पालिका, रेड सेल) र यी निकायहरूका गुनासो सुन्ने अधिकारी तथा रेड सम्पर्क व्यक्ति, तहगत रेड समन्वय समितिमा प्रतिनिधित्व गर्ने महासंघका प्रतिनिधिहरू | योजना कार्यान्वयन, अनुगमन तथा वातावरणीय र सामाजिक जोखिम व्यवस्थापन सम्बन्धि प्रावधान, औजार र जोखिम व्यवस्थापनमा विभिन्न निकायहरूको भूमिका र जिम्मेवारी), उत्सर्जन न्यूनीकरण कार्यक्रममा एकीकृत गुनासो व्यवस्थापन प्रकृया र संयन्त्र, गुनासो व्यवस्थापनमा डिभिजन वन र राष्ट्रिय निकुञ्ज कार्यालय, स्थानीय तह, रेड सेलहरूको जिम्मेवारी | वेभसाइट, अन्तरकृया र गोष्ठी, प्रचार प्रसार सामग्री (ब्रोसर), भिडियो डकुमेन्ट्री, | अनुसार विश्वबैंक परामर्शताहरूको सहयोगमा) ले प्रदेश वन निर्देशनालय र मन्त्रालय सँग समन्वय गरी | कार्यविधी स्वीकृती पश्चात सूचना प्रवाह तथा सञ्चार सामग्रीहरू तयार गरी उत्सर्जन न्यूनीकरण कार्यक्रम सम्बन्धी योजना तयारी तथा कार्यान्वयन चरणहरूमा । |
| ४ | कृषि, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन तथा भू-संरक्षण विभाग, वन सर्वेक्षण तथा तालिम केन्द्र, वन विकास कोष कार्यक्रम छनौट तथा कार्यान्वयन समिति, सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल आदिवासी जनजाति महासंघ लगायत अन्य सरोकारवालाहरू | लाभ बाँडफाँट योजना कार्यान्वयन अवस्था, वातावरणीय र सामाजिक जोखिम व्यवस्थापन सम्बन्धि प्रावधान, निकायहरूसँग सम्न्धित गुनासो र सोको व्यवस्थापन | बैठक (राष्ट्रिय रेड समन्वय समिती, वन विकास कोष कार्यक्रम छनौट तथा कार्यान्वयन समिती), अन्तरकृया कार्यक्रम, पत्राचार, | रेड कार्यान्वयन केन्द्र; कृषि, वन तथा वातावरण मन्त्रालय, विश्व बैंक | लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधी स्वीकृती पश्चात सूचना प्रवाह तथा सञ्चार सामग्रीहरू तयार गरी उत्सर्जन न्यूनीकरण कार्यक्रम, लाभ बाँडफाँट योजना तयारी, कार्यान्वयन तथा अनुगमन चरणहरूमा। |

लगानी योजनाको सन्दर्भमा लाभ बाँडफाँट खर्च केन्द्रहरूले नेपाल आदिवासी जनजाति महासंघ, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, साझेदारी वन उपभोक्ता महासंघ, नेपाल दलित गैरसरकारी महासंघ र वन क्षेत्रमा कार्यरत महिला समूहका सञ्जाल[२] समेतको समन्वयमा लाभग्राही वन उपभोक्ता समूहहरू, निजी वन घरधनीहरू, तथा लोपोन्मुख आदिवासी जनजाति, समूह बाहिरका सिमान्तकृत घरधुरीहरूलाई लाभको बाँडफाँट योजना कार्यान्वयन विधि, लगानी योजनाको

२ सञ्जाल भन्नाले नेपाल आदिवासी जनजाति महासंघ, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, साझेदारी वन उपभोक्ता महासंघ नेपाल, कबुलियती वन उपभोक्ता महासंघ, दलित गैरसरकारी संस्था महासंघ र वन क्षेत्रमा कार्यरत महिला समूहका प्रदेश, जिल्ला, र स्थानीय तहस्तरीय एकाईहरू, समुदायमा आधारित वन उपभोक्ता समूहहरू समेतलाई बुझ्नु पर्दछ ।

ढाँचा र विषयवस्तु, तयारी समयसिमा सम्बन्धी विषयमा माथि तालिकामा उल्लेख भएका अतिरिक्त उपयुक्तता हेरी देहायका माध्यम मार्फत समेत पूर्वसूचना उपलव्ध गराउनु पर्दछ।

- परिपत्र, पत्राचार, टेलिफोन, एस.एम.एस., इमेल लगायत
- सार्वजनिक संचार माध्यम (स्थानीय एफएम, पत्रिका, सामाजिक संजाल),
- कार्यालय (रेड कार्यान्वयन केन्द्र, डिभिजन वन कार्यालय, राष्ट्रिय निकुञ्ज कार्यालय, स्थानिय तह), कार्यालयहरूका वेबसाइट,
- सम्बन्धित सरोकारवालाहरूको तथा वन उपभोक्ता समूहहरूको बैठक[3],
- आवश्यकता अनुसार स्थानिय भाषामा तयार गरिएको प्रचार-प्रसार सामाग्री प्रकाशन तथा वितरण,
- सामुदायिक वन उपभोक्ता महासंघ तथा नेपाल आदिवासी जनजाति महासंघ तथा अन्य निकाय र तिनीहरूका स्थानिय सहजकर्ताहरू,
- महिला, जातीय अल्पसंख्यक वा अपाङ्गता भएका व्यक्तिहरूसँग छुट्टाछुट्टै फोकस ग्रुप छलफल सञ्चालन गर्ने,
- सार्वजनिक बैठकमा सजिलै पुग्न नसकिने स्थानहरूमा घर-घर पुगेर जानकारी दिने,
- अपाङ्गता भएका व्यक्तिहरूका लागि सांकेतिक भाषा दोभाषे वा अडियो सामग्रीहरू प्रयोग गर्ने।

(१) घरायसी जिम्मेवारीहरूलाई ध्यानमा राखी महिलाको लागि पहुँचयोग्य समयमा जानकारी सत्रहरू आयोजना गर्ने, लाभ बाँडफाँट योजना कार्यान्वयनमा हुनसक्ने सामाजिक तथा वातावरणीय जोखिम पहिचान र जोखिम न्यूनीकरणका उपायहरू सहित लाभग्राही समुदायहरूलाई यस कार्यविधिको अनुसुची-२ (२.१, २.२, २.३) अनुसारको लगानी योजना (Investment Plan) तयार गर्न सहजीकरण गर्ने।

(२) सूचना प्रवाह तथा क्षमता अभिवृद्धि कार्यक्रमहरू प्रदान गर्ने निकाय तथा कसरी पहुँच गर्ने भन्ने बारेमा जानकारी दिने।

### २.१.२.सिमान्तकृतमा सूचना र सञ्चार

सिमान्तकृत वनमा आश्रित घरधुरी, आदिवासी जनजाति, प्रथाजनित अभ्यास भएका संस्था, दलित, मुस्लिम, मधेशी तथा महिलाहरूसँग लाभको बाँडफाँट, लाभांश, वितरण प्रकृया तथा उनीहरूको प्राथमिकता तथा आवश्यकताहरू सम्बन्धि तालिका ७ मा उल्लेख गरे अनुसारका विषयवस्तु र लाभग्राहीहरूसँग विभिन्न माध्यमहरूबाट अन्तरकृया तथा परामर्श गरिने छ। परामर्शले निम्न तीन उद्देश्यहरु पुरा गर्दछ ।

१ . लाभग्राहीहरूले उत्सर्जन न्यूनीकरण कार्यक्रमसँग सम्बन्धित लाभहरू, ती लाभ्हरूमा पहुँच गर्ने प्रकृया र उनीहरूलाई उपलब्ध सम्बन्धित सेवाहरूको बारेमा भएको सुनिश्चित गर्न ।

२. समुदाय, विशेष गरी सिमान्तकृत र सवैभन्दा जोखिममा रहेका समूहहरू, लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधीमा उल्लेखित प्रक्रियाहरूसँग जानकार र सहयोगी छन् भनी सुनिश्चित गर्न ।

३. लाभ बाँडफाँट प्रक्रियाको क्रमशः सुधार गर्दै जानका लागि आवश्यक पृष्ठपोषण संकलन गर्न ।

आवश्यकता अनुसार स्थानिय तहहरुसँग (क्षमता अभिवृद्धि कार्यक्रमसँग एकीकृत गरेर) परामर्श सञ्चालन गर्दा पालना गर्नु पर्ने मूख्य दिशानिर्देशहरू

१. स्थानिय सन्दर्भ र ज्ञान भएको सहजकर्ताहरू (रेड कार्यान्वयन केन्द्र वा डिभिजन वन कार्यालयद्वारा नियुक्त अथवा स्थानीय संघ-संस्थाहरुबाट नियुक्त र लाभ बाँडफाँड योजना र यस कार्यविधि बारे तालिम प्राप्त सहजकर्ता) परिचालन गर्ने ।

सचिव

[3] लाभग्राहीहरूबाट स्पष्ट समझदारी र परामर्श सुनिश्चितताका लागि यस्ता वैठकहरूलाई परामर्शको रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

२. परामर्शका लागि स्थानिय समुदायमा आधारित संस्थाहरू (प्रथाजनित अभ्यास भएका संस्थाहरूसँग समेत) साझेदारी गर्ने ।

३. रेड सेलले डिभिजनल वन अधिकृतसँग समन्वय गर्ने विभिन्न् वन उपभोक्ता समूहका प्रतिनिधीहरूसँग परामर्श बैठक आयोजना गर्न सहजकर्ताहरू र स्थानीय संस्थाहरूलाई परिचालन गर्नेछ। वन उपभोक्ता समूहहरुको प्रतिनिधिहरूलाई आमन्त्रित गर्दा महिला, आदिवासी जनजाति र दलितहरूको प्रतिनिधित्व सुनिश्चित गर्नेछ।

४. कुनै पनि परामर्शभन्दा पहिले, सम्बन्धित सरोकारवालाहरूलाई परामर्शको उद्देश्य र आवश्यक जानकारीको बारेमा अग्रिम सूचना प्रदान गरिनेछ।

५, पर्याप्त दृश्य सामग्री आवश्यक पर्ने गरी स्थानीय र पहुँचयोग्य भाषाहरूमा परामर्श गरिनेछ।

५. परामर्शको अन्त्यमा, परामर्श सहभागीहरूले सन्देशहरू बुझेका छन् भनी कागजातको लागि हस्ताक्षर गरिएको सहभागिता सूची राख्नुपर्ने छ ।

६. परामर्शहरू सरोकारवालाहरु संलग्नता योजना (Stakeholder Engagement Plan-SEP) को सिद्धान्तहरूसँग मिल्दोजुल्दो हुनुपर्छ ।

७. स्थानीय परिवेशको आधारमा उपयुक्त देखिएमा सञ्चार र सूचना प्रवाह गतिविधिहरू वा क्षमता विकास गतिविधिहरूसँग एकीकृत रूपमा परामर्शहरू गर्न सकिन्छ।

**तालिका ७: अन्तिम लाभग्राहीहरूसँगको परामर्शको सारांश**

| क्र. सं | को सँग परामर्श गर्ने | कुन विषयमा परामर्श गर्ने | परामर्शको समयावधि पटक (कहिले र कतिपटक) | परामर्शका लागि जिम्मेवार संस्था[४] |
|---|---|---|---|---|
| १ | समुदायमा आधारित वन उपभोक्ता समूहहरू (सामुदायिक व.उ.स., साझेदारी व.उ.स.) सँग परामर्श | • लाभ विनियोजन प्रतिशत<br>• कार्बन लाभहरूमा पहुँचको लागि योग्यता मापदण्ड (वनकार्य योजना नवीकरण, लेखा परीक्षण प्रतिवेदन, कार्य समितिको नियमित बैठकहरू, स्थायी लेखा नम्बर)<br>• लगानी योजनाका प्रमुख तत्वहरू (गतिविधिहरू छनोट, गतिविधिका अनुमानित बजेट विनियोजन, वातावरणीय तथा सामाजिक जोखिम मूल्यांकन, र न्यूनीकरण उपायहरू)<br>• समावेशी र पारदर्शी लगानी योजना, सीमान्तकृत घरपरिवार, आदिवासी जनजाति, महिला, दलित, र प्रथाजनित अभ्यास भएका संस्थाका प्रतिनिधिहरूलाई संलग्नता<br>• लगानी योजना पेश गर्ने स्थान, निकाय, पोर्टल, अन्तिम मिति। | कम्तिमा १ वटा परामर्श<br>• BSP OM स्वीकृत भए पश्चात कार्यान्वयन लागि घोषणा भएको तुरुन्तै (क्षमता विकास गतिविधिहरूसँग आबद्ध) | • डिभिजनल वन अधिकृतसँगको समन्वयमा रेड सम्पर्क व्यक्ति, रेड सेल<br>• स्थानीय सहजकर्ताहरूलाई परिचालन गरेर<br>• सञ्चार/सूचना प्रवाह र प्रारम्भिक क्षमता निर्माण गतिविधिहरूमा एकीकृत दृष्टिकोण । |

सचिव

[४] (लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधीसँग मिलान हुनु पर्ने ।)

| क्र. सं | को सँग परामर्श गर्ने | कुन विषयमा परामर्श गर्ने | परामर्शको समयावधि पटक (कहिले र कतिपटक) | परामर्शका लागि जिम्मेवार संस्था[४] |
|---|---|---|---|---|
| | | • लगानी योजना समीक्षा प्रक्रिया तथा समयसीमा । | | |
| २ | मध्यवर्ति सामुदायिक व.उ.स सँग परामर्श | लाभ विनियोजन प्रतिशत<br>• कार्बन लाभहरूमा पहुँचको लागि योग्यता मापदण्ड (वनकार्य योजना नवीकरण, लेखा परीक्षण प्रतिवेदन, कार्य समितिको नियमित बैठकहरू, स्थायी लेखा नम्बर)<br>• लगानी योजनाका प्रमुख तत्वहरू (गतिविधिहरू छनोट, गतिविधिका अनुमानित बजेट विनियोजन, वातावरणीय तथा सामाजिक जोखिम मूल्यांकन, र न्यूनीकरण उपायहरू)<br>• समावेशी र पारदर्शी लगानी योजना, सीमान्तकृत घरपरिवार, IP, महिला, दलित, र प्रथाजनित अभ्यास भएका संस्थाका प्रतिनिधिहरूलाई संलग्नता<br>• लगानी योजना पेश गर्ने स्थान, निकाय, पोर्टल, अन्तिम मिति।<br>• लगानी योजना समीक्षा प्रक्रिया तथा समयसीमा । | कम्तिमा १ वटा परामर्श<br>• BSP OM स्वीकृत भए पश्चात कार्यान्वयन लागि घोषणा भएको तुरुन्तै (क्षमता विकास गतिविधिहरूसँग आबद्ध) | रेड कार्यान्वयन केन्द्र, राष्ट्रिय निकुञ्ज कार्यालयहरू, मध्यवर्ति क्षेत्र व्यवस्थापन समीति |
| ३ | जहाँ सम्भव छ, प्रथाजनित अभ्यास भएका संस्थाहरूसँग परामर्श | • परम्परागत संस्थाहरूको लागि लाभ बाँडफाँट योजनाका प्रावधानहरू।<br>• योग्यता मापदण्ड (वन उपभोक्ता समूह र स्थानीय सरकारहरूबाट लाभ)<br>• लाभ वितरण प्रक्रिया - लगानी योजना तयारी<br>• परम्परागत संस्थाहरूको भूमिकाः लगानी योजना तयारी र कार्यान्वयनमा सहभागी<br>• गुनासो सुनुवाइ र व्यवस्थापन संयन्त्र (GRM) प्रक्रिया (गुनासोहरू लिने, समाधान प्रक्रिया) | कम्तिमा १ वटा परामर्श<br>• BSP OM स्वीकृत भए पश्चात कार्यान्वयन लागि घोषणा भएको तुरुन्तै (क्षमता विकास गतिविधिहरूसँग आबद्ध) | रेड सेल, स्थानिय पालिका, नेपाल आदिवासी जनजाति महासंघ, जिल्ला समन्वय समिति |

सचिव

| क्र. सं | को सँग परामर्श गर्ने | कुन विषयमा परामर्श गर्ने | परामर्शको समयावधि पटक (कहिले र कतिपटक) | परामर्शका लागि जिम्मेवार संस्था[४] |
|---|---|---|---|---|
| ४ | वन उपभोक्ता समूह भित्रका छानिएका वनमा आश्रित घरपरिवारहरूसँग परामर्श - आदिवासी जनजाति दलित, मुस्लिम, मधेसी, र वन उपभोक्ता समूह भित्रका महिलाहरू | • वन उपभोक्ता समूह भित्र र बाहिरका सीमान्तकृत वनमा आश्रित घरपरिवारसँग लाभ बाँडफाँट योजनाका (BSP) प्रावधानहरू (लाभ प्रकारहरू, योग्यता मापदण्ड, लाभ उपयोग-गतिविधिहरू) बारे जानकारी गराउने।<br>• वन उपभोक्ता समूह भित्रका सीमान्तकृत घरपरिवारहरूलाई लाभ वितरण वन उपभोक्ता समूह मार्फत र वन उपभोक्ता समूह बाहिरका सीमान्तकृत घरपरिवारहरूलाई स्थानिय तह मार्फत रेड कार्यान्वयन केन्द्रले वितरण गरिनेछ।<br>• BSP OM मा उल्लेखित चयन गरिएका आदिवासी जनजाति समुदायहरूलाई लगानी योजना विकास गर्न स्थानिय पालिकाहरूको भूमिका र तिनीहरूले समुदायका सदस्यहरूसँग कसरी संलग्न हुनेछन् भन्ने कुरा। | कम्तिमा १ वटा परामर्श<br>• BSP OM स्वीकृत भए पश्चात कार्यान्वयन लागि घोषणा भएको तुरुन्तै (क्षमता विकास गतिविधिहरूसँग आबद्ध) | रेड सम्पर्क व्यक्ति, रेड सेल, स्थानिय पालिका, सामुदायिक वन उपभोक्ता महासंघ, जिल्ला शाखा, नेपाल आदिवासी जनजाति महासंघ, जिल्ला समन्वय समिति, स्थानिय सहजकर्ता, |
| ५ | स्थानिय पालिकाहरूसँग परामर्श | सञ्चालनमा स्थानिय तहका भूमिका, विशेष गरी वन उपभोक्ता समूह बाहिरका सिमान्तकृत वनमा आश्रित घरधुरीहरूलाई लाभ बाँडफाँड योजना र कार्यान्वयन कार्यविधीको प्रावधान अनुसार लाभ वितरण | कम्तिमा १ वटा परामर्श<br>• BSP OM स्वीकृत भए पश्चात कार्यान्वयन लागि घोषणा भएको तुरुन्तै (क्षमता विकास गतिविधिहरूसँग आबद्ध) | रेड कार्यान्वयन केन्द्र, डिभिजन वन कार्यालय (यसलाई क्षमता अभिवृद्धि कार्यक्रमसँग एकीकृत गर्न पनि सकिन्छ ।) |

## २.२. लगानी योजनाको लागि प्राथमिकता प्राप्त कार्यको पहिचान

डिभिजन वन कार्यालयमा रहेको रेड सेल, राष्ट्रिय निकुञ्ज तथा डिभिजन वन कार्यालयका रहेका रेड सम्पर्क व्यक्तिले निम्न कार्यहरू गरी लगानी योजनाका लागि उच्च प्राथमिकता प्राप्त कार्यहरू र कार्यस्थल पहिचान गर्न सहजीकरण गर्ने:

(१) रेड सेल र जिल्ला वन क्षेत्र समन्वय समितिको नियमित बैठक मार्फत लाभग्राही सरकारी निकायहरू, स्थानीय तह, समुदाय, तथा सरोकारवालाहरूसँग सञ्चार तथा समन्वय गर्ने ।

(२) राष्ट्रिय वन, डिभिजन वन कार्यालय र राष्ट्रिय निकुञ्जका आवधिक योजना, अन्तरगतका सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन, साझेदारी वन, कवुलियती वन, धार्मिक वन, स्वीकृत कार्ययोजनामा उल्लेखित कार्यहरू पहिचान र प्राथमिकीकरण गर्ने ।

सचिव

(३) सम्बन्धित लाभग्राही उपभोक्ता समूहलाई उच्च प्राथमिकता प्राप्त कार्यहरू पहिचान र प्राथमिकीकरण गर्ने कार्यमा प्राविधिक सहयोग र सहजीकरण गर्ने ।

## २.३. लगानी योजना तर्जुमा गर्ने

### २.३.१. लगानी योजना प्रस्ताव तयार गर्ने

(१) लाभग्राही निकायहरूले आफ्नो कार्यक्षेत्रमा सञ्चालन गर्न सकिने प्राथमिकता प्राप्त लगानी योजनाको प्रस्ताव अनुसुची १ अनुसार तयार गरी सम्बन्धित डिभिजन वन कार्यालयमा रहेको रेड सेल मार्फत व सिधै रेड कार्यान्वयन केन्द्रमा पठाउनु पर्दछ ।

(२) समदुायमा आधारित वन उपभोक्ता समूहहरूले अनुसुची १ को ढाँचा अनुसार समूह भित्रका सिमान्तकृत घरधुरीहरू, आदिवासी जनजाति, दलित, मुस्लिम, मधेशी तथा महिलाहरूसँग छलफल ारी लगानी योजना तयार गरी स्थान अनुसार सम्बन्धित डिभिजन वन कार्यालयमा रहेको रेड सेलमा र राष्ट्रिय निकुञ्ज कार्यालयमा पठाउनु पर्दछ । रेड सेलले नियमित रूपमा समूहहरूबाट प्राप्त लगानी योजना समीक्षा गरी रेड कार्यान्वयन केन्द्रमा पठाउनु पर्दछ।

(३) समूहहरूले उत्सर्जन न्यूनीकरण कार्यक्रम र प्राप्त गर्ने लाभ प्रतिशत वारे जानकारी भएको र समूहले प्राप्त गरेको लाभ समूह भित्रका अति सिमान्तकृत घरधुरीहरूसँग छलफल तथा परामर्श गरी लाभ बाँडफाँट योजनाको प्रावधान अनुसार जिम्मेवारीपूर्वक लगानी योजना तयार (अनुसुची १) गरेको भनी कार्यसमितीको बैठक वसी लिखित सहमती दिनु पर्दछ ।

(४) आवश्यकता अनुसार वन उपभोक्ता समूहहरुले समूह बाहिरका सम्बन्धित निकायहरू जस्तै प्रथाजनित अभ्यास भएका संस्था तथा समुदायमा आधारित समूहहरू (आमा समूह, युवा समूह)सँग छलफल गरी लगानी योजना तयार गर्नु पर्दछ ।

(५) तालिका-७ मा उल्लेखित विषयगत क्षेत्रभित्र परेका प्रत्यक्ष उपलव्धि दिने किसिमका कार्यहरू उपशिर्षक २.२ बमोजिम पहिचान तथा प्राथमिकिकरण गरी अनुसूची-१ को ढाँचामा लगानी योजना तयार गर्नुपर्दछ ।

(६)डिभिजन वन कार्यालय र राष्ट्रिय निकुञ्ज कार्यालयले आफ्नो कार्यालय अन्तरगतका र उपभोक्ता समूहबाट प्राप्त लगानी योजना कार्यान्वयन गर्दा हुनसक्ने वातावरणीय तथा सामाजिक जोखिमको अनुसूची-२ बमोजिम परीक्षण तथा वर्गीकरण गरी अनुसूची-३ बमोजिमका उपयुक्त वातावरणीय तथा सामाजिक सुरक्षा योजनाहरू तयार गर्नुपर्दछ ।

### २.३.२. लगानी योजना प्रस्ताव तयार गर्न प्राविधिक सहयोग पुर्याउने

रेड सेल सहित डिभिजन वन कार्यालय र राष्ट्रिय निकुञ्ज कार्यालयले निम्न कार्यहरू गरी समुदायका लगानी योजना प्रस्ताव तयार गर्न सहयोग तथा सहजीकरण गर्नुपर्नेछः

(१) नियमित योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन तयारी गर्न खर्च केन्द्र निकायहरूमा एक सम्पर्क व्यक्ति तोकी तदअनुरूपका कार्यहरू संचालन गर्न सहजीकरण गर्ने ।

(२) अनुसूची १ मा उल्लेख गरिए अनुसारको लगानी योजना तयारी गर्ने कार्यमा प्राविधिक सहयोग पुर्याउने ।

(३) प्राविधिक सहयोगको लागि रेड सेलले आवश्कता अनुसार स्थानीय प्रथाजनित अभ्यास भएका संस्था वा उपभोक्ता समूहहरूसँग समन्वय तथा साझेदारी गर्न सक्ने छ ।

(४) नियमित स्थलगत भ्रमण गरी स्थानीय तह तथा लाभग्राही समुदायलाई लगानी योजना तयारी, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन गर्न प्राविधिक सहयोग पुर्याउने ।

(५) निम्न लाभग्राही समूहलाई लगानी योजना तयार गर्न विशेष सहयोग पुर्याउनेः

- समुदायमा आधारित वन व्यवस्थापन समूह, निजी वन समूह,
- आदिवासी जनजाति समुदायका प्रथाजनित अभ्यास भएका संस्थाहरू,
- लोपोन्मुख समुदाय, दलित समुदाय र वनमा आश्रित सिमान्तिकृत घरधुरी ।

सचिव

(६) डिभिजन वन र राष्ट्रिय निकुञ्ज कार्यालयहरूले आफ्नो हिस्सामा परेको लाभमध्ये समूह मार्फत सञ्चालन गर्ने लगानी योजना तयार गर्दा, समुदायमा आधारित वन व्यवस्थापन समूह, उपभोक्ता समिति, आदिवासी जनजाति समुदायका प्रथाजनित अभ्यास भएका संस्थाहरू, वन व्यवस्थापन गर्ने महिला समूहहरू, वनमा आश्रित दलित समुदाय, मानव-वन्यजन्तु द्वन्द्व पिडित समुदायलाई प्राथमिकता दिनुपर्नेछ ।

### २.३.३. क्षमता अभिवृद्धि गतिविधीहरू

**(१) समदुायमा आधारित वन उपभोक्ता समूह (सा.व.उ.स., साझेदारी व.उ.स., मध्यवर्ति सा.व.उ.स.) का लागिः**

- लगानी योजना तयार गर्न (प्राप्त हुने लाभ रकमका आधारमा वन कार्ययोजनासँग मेल खाने क्रियाकलापहरू छनौट, सिमान्तकृत घरधुरीहरूसँग परामर्श गर्न गराउन, वातावरणीय तथा सामाजिक जोखिम विश्लेषण तथा न्यूनीकरणका उपायहरू पहिचान गर्न।)
- लगानी योजना कार्यान्वयन र अनुगमनमा सहयोग ।
- लाभ पहुँचका लागि मापदण्डहरू जानकारी गराई पुरा गर्न (वन कार्ययोजना नवीकरण नभए समाधानका उपायहरू पहिचान गर्न, वार्षिक प्रगती प्रतिवेदन आर्थिक लेखा परिक्षण गर्न, स्थायी लेखा नम्बर प्राप्त गर्न।
- वन उपभोक्ता समूह भित्र प्रथाजनित अभ्यास भएका संस्थाहरू छ भने संस्थाका प्रतिनीधि तथा वन उपभोक्ता कार्य समिती वीच समन्वय गराउने।
- समूह भित्र रहेका गुनासो समाधान गर्न। समूहको आफ्नै गुनासो भए गुनासो गर्ने उपयुक्त निकाय दर्ता गराउन र समाधान गर्न सहयोग गर्न।

**(२) अन्तिम लाभग्राहीहरू (वन उपभोक्ता समूह भित्रका) अति सिमान्तकृत वनमा आश्रित घरधुरीहरू आदिवासी जनजाति, दलित, मूस्लिम, मधेशी तथा महिलाहरूः**

- लाभ बाँडफाँट योजनाको बारेमा जानकारी गराउने |
- समूहले तयार गर्ने लगानी योजनामा उनीहरूको प्राथमिकता तथा अत्यावश्यक क्रियाकलापहरू वारे उनीहरु वीच एक आपसमा छलफल गराउन सहयोग गर्ने ।
- उत्सर्जन न्यूनीकरण कार्यक्रम र लाभ बाँडफाँट सम्बन्धि कुनै गुनासो भए ती गुनासोहरू राख्न र गर्न सक्ने निकायहरूका वारेमा जानकारी गराउने ।
- वन उपभोक्ता समूह, स्थानिय तह, डिभिजन वन कार्यालय वा रेड कार्यान्वयन केन्द्रबाट लाभ प्राप्त भएमा ती लाभको उचित सदुपयोग गरी कार्यान्वयन गर्न सहयोग गर्ने ।

## २.४. वार्षिक लगानी योजना तथा बजेट तयारी

### २.४.१. वन उपभोक्ता समूहका लागि लगानी योजना तथा बजेट तयारी

(१) रेड सेलले उपशिर्षक २.३ अनुसार आफ्नो कार्यक्षेत्रका राष्ट्रिय वन र मध्यवर्ति क्षेत्रका वन उपभोक्ता समूहबाट प्राप्त भएका लगानी योजना प्रस्तावहरूलाई देहायका सूचकका आधारमा प्राथमिकताक्रम निर्धारण गरी नियमित रूपमा रेड कार्यान्वयन केन्द्रमा पठाई सो को जानकारी राष्ट्रिय निकुञ्ज कार्यालय (मध्यवर्ति क्षेत्रका लागि), प्रदेश वन निर्देशनालय तथा प्रदेश मन्त्रालयलाई दिनुपर्दछ ।

- न्यून आय भएका सामुदायिक वन उपभोक्ता समूहले प्रस्तुत गरेका लगानी योजनाहरू,
- वन कार्ययोजना पुनरावलोकन गर्न नसकेका समूहका कार्ययोजना पुनरावलोकन लक्षित लगानी योजना,
- जातजातिका आधारमा लाभग्राही घरधुरी वर्गिकृत गरिएका लगानी योजनाहरू,
- महिला लक्षित क्षमता विकास, प्रथाजनित अभ्यास र परम्परागत ज्ञानमा आधारित आय-आर्जन तथा रोजगारी सिर्जना हुने लगानी योजनाहरू,

सचिव

- आदिवासी जनजाति समुदाय, दलित समुदाय, अल्पसंख्यक तथा वनमा आश्रित र जोखिममा रहेका घर परिवारलाई लाभ पुर्याउने गरी प्राप्त लगानी योजनाहरू,
- मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण लक्षित कार्यक्रमहरू,
- लोपोन्मुख र संरक्षित वन्यजन्तु तथा वनस्पति संरक्षण, वन्यजन्तुले पानी पिउने संरक्षण पोखरी तथा जैविक मार्गका संरक्षण सम्बन्धी लगानी योजनाहरू,
- नियमित साधारण सभा, लेखापरीक्षण, वार्षिक प्रतिवेदन तयार गरी लगानी योजना पेश गर्नुपर्ने ।

(२) उपभोक्ता समूहबाट प्राप्त लगानी योजना यस कार्यविधिको मापदण्डभन्दा बाहिर परेको भेटिएमा सम्बन्धित उपभोक्ता समूहलाई कारण सहित पुनरावलोकन गरी पुनः पठाउने कुराको जानकारी गराउनु पर्दछ ।

(३) यस प्रयोजनका लागि डिभिजन वन कार्यालयमा थप जनशक्ति आवश्यक परेमा केन्द्रले लाभ बाँडफाँट योजनाको व्यवस्थापन खर्चमध्येबाट कार्यक्रम स्वीकृत गराई थप जनशक्तिको व्यवस्था गर्नुपर्दछ ।

### २.४.२. डिभिजन वन कार्यालयको लागि वार्षिक योजना तथा बजेट तयारी

(१) डिभिजन वन कार्यालयले लाभ बाँडफाँट योजना अन्तरगत उपशिर्षक २.३ अनुसार आफ्नो लागि विनियोजित रकमको लागि लगानी योजना तयारी तथा प्राथमिकिकरण गरी रेडसेलमा समेत छलफल गराई रेड कार्यान्वयन केन्द्र, वन निर्देशनालय र प्रदेश मन्त्रालयमा पठाउनु पर्दछ ।

(२) प्रदेश वन निर्देशनालयमा रहने रेड सम्पर्क व्यक्तिले निर्देशनालय मातहतका वन कार्यालयहरुबाट प्राप्त भएका लगानीका योजनाहरूलाई एकत्रित गरी आगामी वर्षको लागि वार्षिक योजना तथा बजेटमा समावेश गरी प्रदेश मन्त्रालयमा पठाउनुपर्दछ ।

(३) प्रदेश मन्त्रालयको रेड डेस्कले डिभिजन वन कार्यालयका लागि "प्रदेशस्तरीय वार्षिक लगानी योजना" लाई प्रदेशको समग्र योजना तर्जुमा गोष्ठीमा प्रस्तुती तथा छलफल गराई प्रदेश योजनामा मूलप्रवाहिकरण गर्नुपर्दछ ।

### २.४.३. राष्ट्रिय निकुञ्जको लागि वार्षिक योजना तथा बजेट तयारी

(१) राष्ट्रिय निकुञ्ज कार्यालयहरूले आफ्नो क्षेत्रको लागि लाभ बाँडफाँट योजना अन्तरगतका लगानी योजना संङ्कलन गरी नियमित रूपमा रेड कार्यान्वयन केन्द्रमा पठाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा जानकारी दिनुपर्दछ ।

(२) रेड कार्यान्वयन केन्द्रले व्यवस्थापन खर्चमध्येबाट संघीय तथा प्रदेशस्तरमा संचालन गरिने योजना तथा समन्वय बैठकहरू, प्रचार-प्रसार सामाग्री तयारी तथा वितरण, वातावरणीय तथा सामाजिक सुरक्षा, गुनासो व्यवस्थापन, प्राविधिक सहयोगको लागि आवश्यक थप जनशक्ति, संयुक्त अनुगमन लगायतका कृयाकलापहरू समावेश गरी वार्षिक योजना तथा बजेट तयार गर्नुपर्दछ ।

### २.४.४. एकिकृत वार्षिक योजना तथा बजेट तयारी

(१) रेड कार्यान्वयन केन्द्रले लाभ बाँडफाँट योजना कार्यान्वयनको लागि वन विकास कोषमा उत्सर्जन न्यूनीकरण वापत जम्मा भएको रकमको आधारमा स्वीकृत लाभ बाँडफाँड योजना र यस कार्यविधि बमोजिम वार्षिक लगानी योजना तथा बजेट" तयार गर्नुपर्दछ ।

(२) "वार्षिक योजना तथा बजेट" मा आवश्यक पृष्ठपोषण तथा स्वीकृतिको लागि राष्ट्रिय रेडप्लस समन्वय समितिमा पठाउनुपर्दछ ।

(३) राष्ट्रिय रेड समन्वय समितिबाट स्वीकृतप्राप्त वार्षिक लगानी योजना तथा बजेटलाई वन तथा वातावरण मन्त्रालयले अर्थ मन्त्रालयको समन्वयमा LMBIS तथा PLMBIS मा प्रविष्ट गर्नुपर्दछ ।

सचिव

(४) संघीय खर्च केन्द्र निकायमा जाने बजेट संघीय सरकारको बजेट सूचना प्रणाली (LMBIS) बाट र प्रदेश अन्तरगतका खर्च केन्द्र निकायमा जाने बजेट सम्बन्धित प्रदेशको मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) बाट सम्बन्धित खर्च केन्द्रमा अख्तियारी पुग्दछ ।

राष्ट्रिय वन तथा पर्यावरण रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं, नेपाल

# ३. लाभ बाँडफाँट योजना कार्यान्वयन प्रकृया

## ३.१. योजना कार्यान्वयनको समग्र कार्यप्रकृया

(५) लाभग्राही खर्च केन्द्र निकायले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम र उपभोक्ता समूहले सामुदायिक वन मार्गदर्शन, २०८१ र यस कार्यविधि अनुसार कार्यान्वयन गर्नुपर्दछ ।

(१) लगानी योजना कार्यान्वयन गर्दा वन ऐन, २०७६ तथा वन नियमावली, २०७९, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ एवं अन्तरगतका नियमावली तथा निर्देशिकाहरू र प्रदेश वन ऐन तथा नियमावलीहरू पालना गर्नु पर्दछ ।

(२) लगानी योजना अन्तरगतका कार्यहरू गर्दा नेपाल सरकार, प्रदेश सरकार वा सम्बन्धित स्थानीय तहबाट स्वीकृत नर्मस र प्राविधिक स्पेसिफकेसनका आधारमा विस्तृत लागत अनुमान तयार गर्नुपर्दछ ।

(३) लगानी योजनाको प्रकृति र कार्यक्षेत्र अनुसार समुदायलाई सम्बन्धित डिभिजन वन कार्यालय वा निकुञ्ज कार्यालय वा स्थानीय तहले प्राविधिक सहायता पुर्याउनुपर्दछ ।

(४) योजना सम्पन्न भए पश्चात सम्बन्धित लाभग्राही समूहको प्रतिनिधि र वडा प्रतिनिधिको समुपस्थितिमा न्यूनतम एक पटक सार्वजनिक सुनुवाई गरी अनुसूची ५ बमोजिम निर्णय पुस्तिका खडागर्नु पर्दछ ।

(५) स्थानीय तहको स्वामित्वमा भएको सार्वजनिक जग्गामा कार्य संचालन गर्नुअघि सम्बन्धित स्थानीय तह/वडा कार्यालयको सिफारिस लिनुपर्दछ ।

(६) लगानी योजनाको कार्यस्थलको जिपियस स्थानमान (डिभिजन वन कार्यालय र राष्ट्रिय निकुञ्ज कार्यालय हकमा) र योजनाको कार्य समेत देखिने फोटो खर्च श्रेस्तामा समावेश गर्नुपर्दछ ।

## ३.२. लाभ बाँडफाँट योजनाको मापदण्ड र विशेष कार्यप्रकृया (Specific Conditions)

(१) लाभ बाँडफाँट योजना अन्तरगतका लगानी योजनामा वन विनास तथा वन क्षयिकरण नियन्त्रण, दिगो वन व्यवस्थापन, कार्बन संचिति अभिवृद्धि तथा वन पारिस्थितिकीय प्रणालीको पुनरोत्थान लगायतका उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेजले पहिचान गरेका तालिका ८ मा उल्लेखित कार्यहरू, तिनका मापदण्ड र कार्य प्रकृया अपनाउनुपर्दछः

तालिका ८: लाभ बाँडफाँड योजनामा संलग्न गर्न सकिने कार्यहरू, मापदण्ड र कार्यान्वयन प्रकृया

| गर्न सकिने कार्यहरू | मापदण्ड र कार्यान्वयन प्रकृया |
|---|---|
| **वन (सबै पद्दति) विकास , विस्तार तथा व्यवस्थापन, विद्यमान व्यवस्थापनमा सुधार** | |
| उपभोक्ता समूह गठन, समूहको विधान तयारी, वन कार्ययोजना तयारी तथा परिमार्जन र सामुदायिक वन वा साझेदारी वन वा कबुलियती वन वा धार्मिक वन स्थापना र व्यवस्थापन | ▪ सदस्य घरधुरीबाट १ जना महिला र १ जना पुरुषलाई समूह सदस्यको रूपमा समावेश, समितिमा न्यूनतम ५० प्रतिशत महिला तथा आदिवासी जनजाति, दलित, धार्मिक तथा जातीय अल्पसंख्यक परिवारको समानुपातिक प्रतिनिधित्व<br>▪ आदिवासी जनजाति समुदाय, दलित समुदाय, अल्पसंख्यक समुदायको वन प्रतिको परम्परागत ज्ञान, प्रथाजनित अभ्यास, सम्वन्ध तथा अधिकारको पहिचान तथा सुदृढीकरण |



सचिव

| गर्न सकिने कार्यहरू | मापदण्ड र कार्यान्वयन प्रकृया |
|---|---|
| | ▪ उपभोक्ता समूह गठन तथा कार्ययोजना तयारी एवं परिमार्जन गर्दा सामुदायिक वनको मार्गदर्शन, २०८१ र प्रदेशगत मार्गदर्शन बमोजिमका प्रकृया अवलम्वन |
| वन क्षयीकरण तथा वन क्षेत्रको पुनरोत्थान, वन विनास जोखिममा रहेको वन क्षेत्र संरक्षण | ▪ राष्ट्रिय वन अतिक्रमण नियन्त्रणका लागि व्यवस्थापनमा कानुन कार्यान्वयन, संरक्षण व्यवस्था सहितको वृक्षारोपण वा प्राकृतिक पुनरोत्पादन प्रवर्धन<br>▪ लोपोन्मुख तथा जलवायुजन्य जोखिममा रहेका प्रजाति तथा वासस्थान संरक्षण<br>▪ आयातित तथा मिचाहा प्रजाति पहिचान, नियन्त्रण, र व्यवस्थापन |
| दिगो वन व्यवस्थापन कार्ययोजना तयारी, पुनरावलोकन (सबै पद्दतिका लागि) र कार्यान्वयन | ▪ वन कार्ययोजनाहरुको नियमित परिमार्जन र कार्यान्वयन<br>▪ वन व्यवस्थापनसंगै उत्सर्जन न्यूनीकरण, जलवायु तथा विपद जोखिम आंकलन र न्यूनीकरण तथा उत्थानशीलता सुदृढिकरणका उपाय पहिचान र कार्यान्वयन<br>▪ संघीय तथा प्रदेश वन ऐन, सम्बन्धित नियमावलीहरू, मापदण्ड तथा मार्दर्शनहरूको पालना |
| वन डढेलो नियन्त्रण (अग्नी रेखा निर्माण/मर्मत, व्यक्तिगत सुरक्षा उपकरण, सामाग्री (Personal Protective Equipment-PPE) खरिद/वितरण, वन क्षेत्रमा पोखरी निर्माण/मर्मत, जनशक्ति परिचालन, मिचाहा प्रजाति/ पत्कर/ झाडी जस्ता प्रज्वलनशील पदार्थ व्यवस्थापन) | ▪ डढेलो जोखिम क्षेत्रका समूह/समिति पदाधिकारी, वन हेरालु, (सशस्त्र) वन रक्षक तथा सुरक्षा निकायका प्रतिनिधिलाई तालिम<br>▪ सुरक्षा उपकरण खरिद तथा वितरण, सुरक्षा निकाय परिचालन लगायतका वन डढेलो नियन्त्रण/व्यवस्थापन रणनीति कार्यान्वयन<br>▪ समूह र निजी क्षेत्रको लागत साझेदारी र स्थानीय तहको सहयोगमा पत्कर तथा मिचाहा प्रजातिको वैकल्पिक उपयोग (वायो प्यालेट, वायोचार, कम्पोष्ट लगायत)<br>▪ वन डढेलो नियन्त्रण पूर्व तयारी सम्बन्धी माईक, पानीटंकी र पम्प सहितको सवारी साधन, ईन्धन, सुरक्षाकर्मी वन रक्षक तथा नियन्त्रणमा सहभागी समूहका कर्मचारीका लागि सुरक्षा गियर, सरकारी नर्मस बमोजिम पानी तथा खाजा/खाना लगायतका विषयको व्यवस्था |
| महत्वपूर्ण स्थानीय वन्य रूख तथा जडिवुटी प्रजाति संरक्षण र वहुउपयोग प्रवर्धन | ▪ संरक्षणको लागि प्रजाति पहिचान, संरक्षणका तरिका वन कार्ययोजनामा समावेश र स्वीकृती, योजना अनुसार स्वस्थानमा प्रदर्शनी प्लट स्थापना, संरक्षण र प्रवर्धन<br>▪ प्रजाति संरक्षण सिकाइ केन्द्रको रूपमा विकास, अभिलेख तथा व्यवस्थापन |
| अति संवेदनशील (हट-स्पट) संरक्षण | ▪ लोपोन्मुख प्रजाति, साँस्कृतिक र धार्मिक महत्वका क्षेत्रहरू, क्षतिग्रस्त वासस्थान, जैविक मार्ग, महत्वपूर्ण चरा क्षेत्र, नदी उकास क्षेत्र, जलवायुजन्य विपद जोखिम क्षेत्रमा प्राकृतिक पुनरोत्पादन, घाँस तथा बाँस रोपण, भू-क्षय नियन्त्रणका जैविक संरचना सहित एकिकृत संरक्षण<br>▪ स्थानीय पूर्वाधार, समुदाय तथा वन क्षेत्रमा पर्नसक्ने जलवायुजन्य विपद, वन डढेलो, वाढि, पहिरो र भू-स्खलन, अतिक्रमणको जोखिम न्यूनीकरणका तरिका पहिचान, कार्ययोजनामा समावेश तथा कार्यान्वयन |
| वन्यजन्तु प्रजाति संरक्षण | ▪ घाँसे मैदान व्यवस्थापन, Waterhole Construction and Maintenance, जैविक मार्ग संरक्षण लगायतका विषय स्वीकृत वन कार्ययोजनमा समावेश र कार्यान्वयन<br>▪ स्पष्ट कार्यविधि सहित समुदायमा आधारित चोरी शिकार नियन्त्रण संयन्त्रको व्यवस्था र कार्यान्वयन |
| उन्नत चुल्हो, बायोचार तथा वायो व्रिकेट | ▪ वन व्यवस्थापनमा टेवा पुर्याउने, मिचाहा प्रजाति न्यूनीकरण हुने, वन पैदावारको खपत न्यूनीकरण गर्ने सहयोग पुग्ने र घरायसी कार्यमा महिलाको समय वचत हुने र स्वास्थ्य सुरक्षा हुने |
| **निजी तथा सार्वजनिक जग्गामा वन विकास तथा विस्तार** | |
| निजी वन दर्ता सहजीकरण (नाप नक्सा, कागजात सहित प्रस्ताव | ▪ निजी वन दर्ता सहजीकरण, प्राविधिक सहायता<br>▪ प्राविधिक (नक्सा, फिल्डवुक) र कानुन बमोजिम आवश्यक कागजात तयारी |

सचिव

| गर्न सकिने कार्यहरू | मापदण्ड र कार्यान्वयन प्रकृया |
|---|---|
| लेखन लगायत), निजी जग्गामा वृक्षारोपण | ▪ आवश्यकता, प्राविधिक उपयुक्तता र स्थानीय हावापानी सुहांउदो प्रजाति पहिचान (हिउंदे, वर्षे, फलफूल, डालेघांस, काष्ठ, एकल वा मिश्रित)<br>▪ मिचाहाको रूपमा फैलिने प्रजाति हटाउने |
| सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन | ▪ जग्गा व्यवस्थापन समूह गठन, दर्ता, संरक्षण तथा लाभको बाँडफाँटको लागि समूह र स्थानीय तहसँग सम्झौता, प्राकृतिक पुनरोत्पादन वा वृक्षारोपण<br>▪ सार्वजनिक जग्गामा विकास भएको वन स्थानीय तहको सिफारिसमा सामुदायिक वन कार्ययोजना तयारी तथा हस्तान्तरण |
| **बिरूवा उत्पादन** | |
| बिरूवा उत्पादन (एक वर्षीय र वहुवर्षीय बिरूवा, संकटासन्न तथा लोपोन्मुख बिरूवा, रैथाने बिरूवा, श्रृंगारयुक्त बिरूवा, धार्मिक सांस्कृतिक महत्वका बिरूवा) | ▪ बिरूवा उत्पादन/खरिद योजना तयारी (प्रजाति अनुसार एक वर्षीय वा वहुवर्षीय बिरूवाको संख्या एकिन गर्ने, आवश्यक विउ, विजन तथा सामाग्रीको सुनिश्चितता<br>▪ वहुवर्षीय तथा रैथाने बिरूवा उत्पादन गर्न वर्षभरी आवश्यक नर्सरी हेरालु/नाइकेको व्यवस्था, नर्सरीमा दिगो रूपमा पानीको व्यवस्था तथा तथा माटो, वालुवा, अन्य सामाग्री संरक्षणको लागि स्टोरको व्यवस्था<br>▪ गुणस्तरीय तथा स्थानीय हावापानीमा हुर्कने स्थानीय प्रजाति<br>▪ नर्सरी व्यवस्थापनका सम्पूर्ण कामको योजना सहितको कार्यसम्पन्न तालिका, सामाग्री विवरण, प्रजाति अनुसारका उत्पादित बिरूवा संख्या र खर्च विवरण लगायतका विस्तृत भिलेख देखिने नर्सरी रजिष्टर |
| **जैविक विविधता, जैविक मार्ग संरक्षण तथा मध्यवर्ति क्षेत्र व्यवस्थापन सुदृढिकरण** | |
| ▪ वासस्थान व्यवस्थापन<br>▪ मानव-वन्यजन्तु द्वन्द/सह-अस्तित्व व्यवस्थापन<br>▪ मध्यवर्ति क्षेत्रमा जीविकोपार्जनमा सुधार | ▪ घाँसे मैदान व्यवस्थापन, वन्यजन्तुको लागि पिउने पानीको व्यवस्था<br>▪ गांउ-वस्ति/निजी जग्गा र वन क्षेत्र बीचमा वन क्षेत्रको जग्गा अतिक्रमण नहुने र वनयजन्तुको वाटो नछेकिने गरी Mesh Wire र तारवार, ठूला वन्यजन्तुबाट वच्नका लागि टर्च लाइट लगायतका सामाग्री र सामुदायिक गस्ति परिचालन<br>▪ वन्यजन्तुको निर्वाध आवत जावतलाई सहयोगी हुने क्रियाकलपहरू |
| **एकिकृत जलाधार व्यवस्थापन तथा एकिकृत भू-उपयोग योजना कार्यान्वयन** | |
| भू-उपयोग योजना कार्यान्वयन | ▪ केन्द्रको सहयोगमा तयार गरिएका भू-उपयोग योजना कार्यान्वयनमा वन क्षेत्र अन्तरगतका कार्यक्रमहरू कार्यान्वयन |
| क्षतिग्रस्त भूमि पुनरोत्थान (Degraded Land Restoration) | ▪ वाढि, पहिरो, वन डढेलो, अति चरिचरन, मानवीय अतिक्रमण लगायतका कार्यबाट क्षतिग्रस्त जग्गामा वनस्पति तथा स-साना संरचनात्मक विधि (Bio-engineering) अपनाई भू-संरक्षणका कार्य सहित हरियाली प्रवर्धन,<br>▪ ढुङ्गाको परखाल, हरित घेरवार, भू-संरक्षणका स-साना र कम खर्चिला संरचना सहित वृक्षारोपण, वांस तथा भुईघांस रोपण, प्राकृतिक पुनरोत्पादन संरक्षणका (ढुङ्गा नपाइने स्थानमा तारवार समेत) कार्यहरू |
| पानीका मुहान/सिमसार संरक्षण तथा बहु-उपयोग, संरक्षण पोखरी, भूमिगत जल पुनरभरण खहरे खोल्सीमा Cascade Dam/Pond निर्माण, ताल थिग्रीकरण नियन्त्रण तथा संरक्षण | ▪ पानीका मुहान/सिमसार नक्साङ्कन, अभिलेखीकरण र संरक्षण तथा वहुउपयोगका लागि प्राथमिकिकरण र सवभन्दा जोखिममा रहेका तत्यस्ता स्रोत पहिचान<br>▪ पुनरस्थापित/निर्मित सिमसार तथा पोखरीहरुको वहुउपयोग (पर्यापर्यटन, मत्स्य)<br>▪ जलाधार क्षेत्रमा संरचनात्मक र वानस्पतिक उपायद्वारा भू-क्षय नियन्त्रण<br>▪ वन्यजन्तु, घरपालुवा जनावर तथा वालवालिका लागि पानी पिउन आउने-जाने सुरक्षित वाटो सुनिश्चितता<br>▪ उल्लेखित कार्यहरू स्वीकृत वन व्यवस्थापन कार्ययोजनामा समावेश र सम्बन्धित स्थानीय तहसँग समन्वय, छलफल, सहकार्य र साझेदारी |

सचिव

| गर्न सकिने कार्यहरू | मापदण्ड र कार्यान्वयन प्रकृया |
|---|---|
| कुलो/नहर/नदी किनारामा हरित पेटिका, बाँस रोपण | ▪ सामुदायिक तथा साझेदारी वन उपभोक्ता समूहको कार्यक्षेत्रमा हुनुपर्ने<br>▪ संरक्षण र सदुपयोग कार्ययोजनामा समावेश गरी कार्यान्वयन गर्ने |
| कृषि वन प्रणाली | ▪ सामुदायिक वनमा वन्य फल (अमला, हर्रो, वर्रो, रिठ्ठा, वेल, मौवा, चिउरी, इमिली लगायत), डालेघांस (बडहर, वर, पिपल लगायत) वृक्षारोपण<br>▪ गरिवी न्यूनीकरणका लागि कवुलियती वनमा छत्र घनत्व १० प्रतिशत नघट्ने गरी कृषि वन, भूई घांस, फलफूल रोपण तथा व्यवस्थापन<br>▪ सम्बन्धित समूह र स्थानीय तहबीचको सम्झौताका शर्त बमोजिम सार्वजनिक जग्गामा कृषि वन |
| **समन्वय, प्रचार प्रसार तथा क्षमता विकास** | |
| योजना तर्जुमा, समिक्षा, समन्वय गोष्ठी/ बैठकहरू, | ▪ कार्यक्रमको सुरू मितिभन्दा न्यूनतम १ हप्ता अगाडि पत्राचार हुनुपर्ने<br>▪ अग्रिम सूचनाका साथै, परामर्शको उद्देश्य र अन्य आवश्यक जानकारी पनि प्रदान गर्ने<br>▪ कार्यक्रमको अवधि, उद्देश्य, अपेक्षित उपलव्धि, स्थान, मिति, सहभागि संख्या, सेशन प्लान, श्रोत व्यक्ति लगायतका विषय समेटिएको अवधारणा पत्र स्वीकृत गराई कार्यान्वयन गर्ने<br>▪ व्यानर सहितको सामूहिक फोटो र प्रतिवेदन खर्च श्रेस्तामा समावेश गर्ने |
| क्षमता विकास - समुदाय (सिप विकास, अभिलेख व्यवस्थापन, वन व्यवस्थापन अभ्यास, वन डढेलो, मिचाहा प्रजाति व्यवस्थापन, बेत-बाँस फर्निचर, काष्ठ फर्निचर, काष्ठकला, हस्तकला, कृषि वन, लेखा तथा अभिलेख व्यवस्थापन लगायत), वन डढेलो व्यवस्थापन | ▪ लगानी योजना तयार सम्बन्धि क्षमता विकासको आवश्यकता पूर्व-पहिचान भएको हुनुपर्ने<br>▪ कार्यक्रमको सुरू मितिभन्दा न्यूनतम १ हप्ता अगाडि पत्राचार हुनुपर्ने<br>▪ कार्यक्रमको अवधि, उद्देश्य, अपेक्षित उपलव्धि, स्थान, मिति, सहभागि संख्या, सेशन प्लान, श्रोत व्यक्ति लगायतका विषय समेटिएको अवधारणा पत्र स्वीकृत (समूहको हकमा कार्यसमितिबाट) गराई कार्यान्वयन गर्ने<br>▪ व्यानर सहितको सामूहिक फोटो र प्रतिवेदन खर्च श्रेस्तामा समावेश गर्ने<br>▪ समावेशी सहभागिता र व्यवाहारिक एवं प्रयोगात्मक अभ्यासमा विशेष प्रथमिकता दिने<br>▪ महिला, आदिवासी जनजाति, दलित, अल्पसंख्यक समुदायका यूवा जनशक्तिको सहभागिता भएको हुनुपर्ने |
| क्षमता विकास - तहगत सरकारी निकाय (कार्बन मापन, Validation and Verification, फरेष्ट इन्भेन्ट्री लगायत) | ▪ पूर्व पहिचान भएका प्राविधिक विषय र लक्षित समूह<br>▪ माथि उल्लेख भए बमोजिम |
| मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण, जीविकोपार्जन सुधार कार्यक्रम लगायत | ▪ सिपमूलक तालिमाबाट प्राप्तहुने सिप उपयोग हुने गरी संरक्षण तथा दिगो वन व्यवस्थापनमा टेवा पुर्याउने वन्यजन्तुले नोक्सान नगर्ने खेति, सुरक्षित गोठ, पशु विकास, वन पैदावारमा आधारित स-साना उद्योग, आदिवासी जनजातिको प्रथाजनित अभ्यास विकास लगायतका जीविकोपार्जनका कार्यहरू |
| लक्षित प्रचार-प्रसार (सामग्री उत्पादन तथा वितरण, स्थानीय विद्युतीय र छापा माध्यम परिचालन, होर्डिङ बोर्ड) | ▪ उत्सर्जन न्यूनीकरण कार्यक्रम, लाभको बाँडफाँट, लगानी योजना लगायतका अवधारणाको महत्व, रणनीति, कार्ययोजना र कार्यान्वयनसँग सम्बन्धित विषय समावेश हुनुपर्ने<br>▪ तयार पारिएका प्रचार-प्रसार सामाग्रीका नमुना प्रतिहरू खर्च श्रेस्तामा संलग्न गर्नुपर्ने |
| विद्यालय शिक्षा (विद्यालय इको क्लव गठन तथा व्यवस्थापन, इको क्लवको क्षमता अभिवृद्धि, | ▪ भू-परिधि क्षेत्रका सरकारी स्कुलहरूमा इको क्लव गठन, क्लव मार्फत विद्यार्थीलाई वृक्षारोपण, वन संरक्षण र व्यवस्थापनका कार्यहरूमा संलग्न |

सचिव

| गर्न सकिने कार्यहरू | मापदण्ड र कार्यान्वयन प्रकृया |
|---|---|
| वातावरण शिक्षकका लागि तालिम) | ▪ उपभोक्ता समूहसँगको समन्वयमा वन भ्रमणजस्ता कार्यहरू गरी उत्सर्जन न्यूनीकरण, वन व्यवस्थापन, जैविक विविधता, जलवायु परिवर्तन व्यवस्थापन सम्बन्धी वुझ्ने र वुझाउने<br>▪ विद्यालय वातावरण शिक्षकलाई अभिमुखिकरण कार्यमा संलग्न गराउने |
| दिवस समारोह (जस्तैः वन, वन्यजन्तु, पृथ्वी, भू-संरक्षण, चुरे, जैविक विविधता) | ▪ स्थानीय सरोकारवाला र शिक्षक-विद्यार्थीको सहभागितामा वृक्षारोपण, वन भ्रमण, पोखरी/ताल सफाई सहित विविध कार्यक्रम (दिवसको थिमसँग सम्बन्धित अन्तरक्रिया, सरोकारवालाको भूमिका लगायतका उत्प्रेरणा तथा उत्तरदायित्व जगाउने किसिमका कार्यहरू |
| लाभ प्राप्तिको लागि अयोग्यताः | ▪ एकल प्रजाति, आयातित प्रजाति, सम्बन्धित स्थान विशेषमा नसुहाउने प्रजाति, बहिष्कृत सूची (Exclusion List) अनुसार हुने कृयाकलापहरू वलपूर्वक विस्थापन गर्नुपर्ने कार्य, जैविक विविधता हटस्पट, उल्लेख्य मात्रामा रासायनिक पदार्थ उपयोग गर्ने कार्य, सरपट कटान, वनभित्र सडक निर्माण, रूख काट्ने मसिन जस्तै चेन सः |
| **समूहमा आवद्ध नभएका वनाश्रित समुदाय तथा परिवार लक्षित कार्यक्रम** | |
| वैकल्पिक जीविकोपार्जन | ▪ गैर काष्ठ वन पैदावरको व्यवसायिक खेति विकास तथा विस्तार<br>▪ एकिकृत कृषि वन, फलफूल रोपण<br>▪ पानीको वहुउपयोग पोखरी निर्माण तथा संचालन र व्यवसायिक खेति |
| सीप, नेतृत्व विकास तथा आर्जन तालिम | ▪ वजारमा माग भएका सीपयुक्त यूवा उत्पादनका लागि लक्षित सीप विकास (काष्ठकला, कार्पेन्ट्री, डकर्मी, वायरिङ, प्लम्बिङ, वि किपिङ लगायत)<br>▪ वन प्रतिको अत्याधिक निर्भरता घटाउने कार्यमा क्षमता विकास, स्थानीय स्रोत व्यक्ति विकास तथा परिचालन<br>▪ आदिवासी जनजाति, दलित, महिला तथा सिमान्तिकृत समुदायलाई प्राथमिकता |
| **अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन** | |
| लगानी योजना कार्यानवयन अनुगमन र प्रतिवेदन | ▪ अनुगमन योजना तयारी गरी कार्यान्वयन गर्नुपर्ने<br>▪ लगानी योजना कार्यान्वयन, अनुगमन तथा प्रतिवेदनका लागि थप जनशक्ति व्यवस्थापन<br>▪ LMBIS/PLMBIS मा अनुगमन लक्षित छुट्टै शिर्षकमा बजेट व्यवस्था गर्नुपर्ने |

(२) देहायका क्रियाकलापहरू लगानी योजनामा वहिष्कृत गरिएका छन् । लगानी योजनामा देहायका क्रियाकलापहरू समावेश गरेमा लाभ प्राप्तीका लागि अयोग्य हुने छ ।

**तालिका ९: लाभ बाँडफाँड योजनामा अयोग्य हुने कृयाकलापहरू**

| | |
|---|---|
| लाभ प्राप्तीको लागि अयोग्य हुने कृयाकलापहरू (Activity Exclusion List) | ▪ पहिचान भएका जैविक मार्ग, जैविक तथा सांस्कृतिक महत्व भएका प्रजाति तथा तिनका बासस्थानमा प्रतिकुल प्रभाव पार्नसक्ने कार्यहरू<br>▪ कुनै पनि प्रकारको एकल प्रजाति प्रवर्धन, जमिनको पानी धेरै शोषण गर्ने प्रजाति विकास तथा विस्तार, सरपट कटानी, हेवी हार्भेष्टिङ उपकरणहरू<br>▪ सम्बन्धित स्थानको लागि पहिचान नभएका प्रजाति वृक्षारोपण<br>▪ अग्नी रेखा बाहेकका अन्य सडक निर्माण, स्थायी कंक्रिट संरचना निर्माण<br>▪ उल्लेख्य मात्रामा विषादी, किटनासक रसायन उपयोग हुने कार्यहरू<br>▪ वलपूर्वक विस्थापन हुनसक्ने कार्यहरू<br>▪ आदिवासी जनजातिको स्वामित्वमा रहेको वा उनीहरूले अधिकार दाबी गरी निर्णय प्रक्रियामा रहेको क्षेत्रमा उनीहरूको **पूर्व सुसूचित सहमति बिना** सञ्चालन गरिने कार्यहरू |



सचिव

| | |
|---|---|
| | ▪ वन देखी वनसम्म वन्यजन्तुको आवत-जावतमा अवरोध पुग्ने गरी वनको विचमा तारवार, ट्रेन्च निर्माण<br>▪ विस्तृत वातावरणीय अध्ययन गर्नुपर्ने कृयाकलापहरू |

(३) सम्बन्धित खर्च केन्द्र निकायको आफ्नो जनशक्ति परिचालन गरी लगानी योजना अन्तर्गतका कार्यहरू कार्यान्वयन गर्नुपर्दछ ।

(४) योजना कार्यान्वयन तथा अनुगमनका लागि रेड कार्यान्वयन केन्द्रले कोषको व्यवस्थापन खर्चबाट आवश्यकता अनुसार थप जनशक्तिको व्यवस्था गर्न सक्नेछ ।

(५) खर्च केन्द्र निकायहरूले आपसी समन्वयमा केन्द्रका जनशक्तिबाट समेत कार्यक्रम कार्यान्वयनमा समन्वय, सहजीकरण, तथा प्राविधिक सहयोग प्राप्त गर्न सक्नेछन्।

## ३.३. वित्तीय व्यवस्थापन

### ३.३.१. लाभको बजेट बाँडफाँट

(१) उत्सर्जन न्यूनीकरण गरेबापत कोषमा प्राप्त रकमलाई कोष अन्तर्गतको कार्यक्रम छनौट तथा कार्यान्वयन समितिले उपशिर्षक १.५ बमोजिम लाभग्राहीहरूबीच बाँडफाँट गरी रेड कार्यान्वयन केन्द्रमा पठाउनु पर्दछ ।

(२) प्रत्येक लाभग्राहीको लागि प्राप्त हुने अधिकतम रकमलाई वनको क्षेत्रफलका आधारमा समानुपातिक हिसाव गरी रेड कार्यान्वयन केन्द्रले तहगत खर्च केन्द्रहरूमा बजेट सिमा पठाउनु पर्दछ ।

### ३.३.२. बजेट प्रवाह तथा बजेट अख्तियारी

(१) उपभोक्ता समूह, उपभोक्ता समूहमा आवद्ध नभएका लाभग्राही तथा निजी वनसँग सम्बन्धित लगानी योजनाको कार्यान्वयन रेड कार्यान्वयन केन्द्र मार्फत हुने हुंदा केन्द्रलाई खर्च केन्द्र मानी मन्त्रालयगत बजेट सूचना प्रणालीमा बजेट प्रविष्ट गर्नुपर्दछ ।

(२) स्वीकृत लगानी योजनाको बजेट नेपाल सरकार तथा प्रदेश सरकारको रातो किताव मार्फत संघीय तथा प्रदेशस्तरीय मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS तथा PLMBIS) मार्फत खर्च केन्द्रमा पठाउनु पर्दछ ।

(३) प्रदेशस्तरीय खर्च केन्द्र निकायमा जाने बजेट प्रदेश सरकारको लागि संघीय सरकारको सशर्त अनुदानको रूपमा पठाउनु पर्दछ ।

(४) लाभग्राही उपभोक्ता समूह मार्फत कार्यान्वयन हुने लगानी योजनाको लागि सम्बन्धित खर्च केन्द्र निकायले अनुसूची ४ बमोजिम उपभोक्ता समूहसँग सम्झौता गरी सोही बमोजिम कार्यान्वयन गर्नुपर्दछ ।

(५) वन उपभोक्ता समूहका लगानी योजनाको भुक्तानी सम्बन्धित खर्च केन्द्र निकाय मार्फत उपभोक्ता समूहको खातामा पठाउनु पर्दछ ।

(६) रेड कार्यान्वयन केन्द्रले खर्च केन्द्र निकाय र लाभग्राही निकायका क्षमता विकासका लागि सिधै समूहमा रकम प्रवाह गर्न वा आँफै कार्यक्रम संचालन गर्न सक्नेछ ।

(७) लाभ बाँडफाँट योजना अन्तरगत विनियोजित बजेट सम्बन्धित खर्च केन्द्र वा लाभग्राही निकायले खर्च गर्न नसकेको अवस्थामा आर्थिक वर्ष समाप्त हुनु अगावै वन विकास कोषमा फिर्ता गर्नुपर्दछ ।

(८) समुदायमा आधारित वन व्यवस्थापन उपभोक्ता समूहको लागि विनियोजित रकम खर्चहुन नसकी वन विकास कोषमा फिर्ता भएको रकम अर्को आर्थिक वर्षमा पनि समुदायमा आधारित वन व्यवस्थापन समूहकै लागि विनियोजन गर्नुपर्दछ ।

### ३.३.३. लेखा तथा वित्तीय प्रतिबेदन

(१) खर्च केन्द्रहरूले कम्प्यूटरकृत लेखा प्रणालीमा प्रविष्ट गरी योजनाको हिसाब छुट्टै सहायक खातामा राखी देहाय बमोजिम त्रैमासिक र आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र प्रतिवेदन गर्नु पर्दछः

सचिव

- रेड सेलले सम्बन्धित प्रदेश वन निर्देशनालय र मन्त्रालयमा, प्रदेश मन्त्रालयले आफ्नो सहित प्रदेशगत प्रतिवेदन तयार गरी रेड कार्यान्वयन केन्द्रमा,
- राष्ट्रिय निकुञ्ज कार्यालयले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा र विभागले आफ्नो सहित निकुञ्जगत प्रतिवेदन तयार गरी रेड कार्यान्वयन केन्द्रमा,
- संघीय स्तरका अन्य खर्च केन्द्रहरूले सिधै केन्द्रमा ।

(२) केन्द्रले आफ्नो सहित लाभ बाँडफाँट योजनाको समग्र प्रगति विवरण तयार पारी आर्थिक वर्ष समाप्त भएको ४५ दिन भित्र कार्यक्रम छनौट तथा कार्यान्वयन समिति, महालेखापरीक्षकको कार्यालय, कृषि, वन तथा वातावरण मन्त्रालय र विश्व बैङ्कमा पठाई केन्द्रको वेबसाइट मार्फत सार्वजनिक गर्नुपर्दछ ।

### ३.३.४. आन्तरिक नियन्त्रण

(१) खर्च केन्द्र निकायहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७; र प्रदेशगत निकायका हकमा सम्बन्धि प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली बमोजिम पालना गर्नु पर्ने आन्तरिक नियन्त्रण कार्यविधिहरु अपनाउनु पर्दछ ।

(२) लगानी योजना कार्यन्वयनका लागि आबश्यक जनशक्तिको व्यवस्था सम्बन्धित खर्च केन्द्र निकायले व्यबस्थापन गर्नु पर्दछ ।

(३) लाभग्राहीले सम्बन्धित खर्च केन्द्र निकायबाट स्वीकृत कार्यसम्पन्न प्रतिवेदनका आधारमा जिल्ला वा प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयहरूबाट भुक्तानी लिनु पर्दछ ।

(४) लगानी योजना कार्यान्वयन, अनुगमन तथा अभिलेख संकलन गरी भुक्तानीको लागि श्रेस्ता खडा गर्ने कार्यमा सहयोग गर्न केन्द्रले व्यवस्थापन खर्चबाट वाह्य सेवाप्रदायकको सहयोग लिन सक्नेछ ।

### ३.३.५. आन्तरिक लेखा परीक्षण

(१) सम्बन्धित खर्च केन्द्र निकायले लाभ बाँडफाँट योजना कार्यान्वयनको श्रेस्ता सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखा परीक्षण गराउनु पर्दछ र पहिलो लाभ भुक्तानी गरिएको वर्षबाट सो लेखा परिक्षणको प्रतिवेदन आर्थिक वर्ष सकिएको ९ महिना भित्र विश्व बैंकलाइ पठाउनु पर्दछ।

(२) लगानी योजनाको स्रेस्ता लेखापरिक्षक समक्ष प्रस्तुत गर्नु सम्बन्धित खर्च केन्द्र निकायको कर्तव्य हुनेछ।

(३) लेखा परिक्षणबाट औंल्याइएको वेरुजु कानुन बमोजिम फछ्र्योट गर्ने गराउने जिम्मेवारी सम्बन्धित खर्च केन्द्रहरुको हुनेछ ।

### ३.३.६. अन्तिम लेखा परिक्षण

(१) सम्बन्धित खर्च केन्द्र निकायले महालेखा परीक्षकको कार्यालयबाट लाभ बाँडफाँट योजनाको श्रेस्ता अन्तिम लेखा परीक्षण गराई लेखा परीक्षण प्रतिवेदन रेड कार्यान्वयन केन्द्र र विश्वबैङ्कमा पठाउनु पर्दछ ।

(२) महालेखा परीक्षकको कार्यालयबाट औंल्याइएको बेरुजुको लगत राखी वेरूजु फछ्र्योट योजना बनाई कार्यन्वयन गर्नु पर्दछ ।

(३) लेखा परिक्षणबाट औंल्याइएको वेरुजु कानुन बमोजिम फछ्र्यौट गर्ने गराउने जिम्मेवारी सम्बन्धित खर्च केन्द्र निकायको हुनेछ ।

## ३.४. संस्थागत व्यवस्था

(१) लाभ बाँडफाँट योजना कार्यान्वयनमा सहयोग तथा सहजीकरण गर्न तहगत सरकारी निकायका सम्पर्क व्यक्ति तथा राष्ट्रिय रेडप्लस रणनीति बमोजिम गठित देहायका समन्वय संयन्त्र सकृय रहने व्यवस्था मिलाउनु पर्दछः

- सुरक्षण सूचना प्रणाली (Safeguard Information System, SIS),
- व्यवस्थापन सूचना प्रणाली (Management Information System, MIS)



सचिव

(२) तहगत सरकारी निकाय, लाभग्राही वन उपभोक्ता समूह, राष्ट्रिय रेडप्लस रणनीति अन्तरगत गठित तहगत समिति तथा सम्बन्धित सरोकारवालाहरूले अनुसूची-७ मा उल्लेखित भूमिका निभाउनु पर्दछ ।

## ३.५. क्षमता विकास

(१) रेड कार्यान्वयन केन्द्रले तहगत सरकारी निकायका लागि क्षमता विकास आवश्यकता आंकलन गरी तदअनुरूपका क्षमता विकासका कार्यहरू लगानी योजनामा समावेश गर्न सहजीकरण गर्नुपर्दछ ।

(२) खर्च केन्द्र निकायले लाभग्राही निकायको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम, अभिमुखीकरण र प्राविधिक सहयोगका कार्यहरू पहिचान गरी लगानी योजना अन्तरगत कार्यान्वयन गर्नुपर्दछ ।

(३) स्थानीय समुदाय, आदिवासी जनजाति, प्रथाजनित अभ्यास भएका संस्थाहरू, महिला, दलित तथा वनमा आश्रित विपन्न वर्ग लक्षित क्षमता विकासका कार्यहरूलाई विशेष प्राथमिकता दिई लगानी योजनामा समावेश गर्नुपर्दछ ।

लाभ बाँडफाँट योजना कार्यान्वयन प्रक्रियामा मुख्य निकायहरूको जिम्मेवारी तल दिइएको छ। थप जानकारीको लागि, अनुसूची ६ हेर्नुहोस्।

| | |
|---|---|
| रेड सेल | ▪ उपभोक्ता समूह तथा अन्य लाभग्राही निकायहरूबाट प्राप्त लगानी योजना संकलन गर्नु<br>▪ प्राप्त लगानी योजना अध्ययन गरी निर्धारित बजेट सिलिङभित्र भए नभएको एकिन गर्ने<br>▪ सामाजिक तथा वातावरणीय सुरक्षा स्क्रिनिङ गरी अनसुची बाहिष्करण सूचीमा परे नपरेको एकिन गर्नु<br>▪ आवश्यक वातावरणीय तथा सामाजिक मूल्याङ्कन र व्यवस्थापन योजना तयारी गर्नु<br>▪ सिलिङ भित्र तथा वहिष्करण सूचीमा नपरेका लागनी योजनालाई नियमित रूपमा समन्वय बैठकमा प्रस्तुत गरी संकलित लगानी योजना रेड कार्यान्वयन केन्द्रमा पठाई डिभिजन वन कार्यालय र वन निर्देशनालयमा जानकारी दिनु<br>▪ निर्धारित सिलिङ बाहिर तथा वहिष्करण सूचीमा परेका लगानी योजना पुनरावलकोन गरी पुन पठाउन सम्बन्धित समूहलाई जानकारी दिनु<br>▪ स्वीकृत लगानी योजना कार्यान्वयन तथा अनुगमन गरी डाटावेस अध्यावधिक गर्नु तथा सम्वधित निकायहरूमा आवधिक प्रतिवेदन गर्नु<br>▪ स्थानीय निकाय, राष्ट्रिय निकुञ्ज र डिभिजनस्तरीय सरोकारवालहरूसँग समन्वय गर्नु<br>▪ यस कार्यविधिमा तोकिएका अन्य कार्यहरू गर्न गराउन सहयोग तथा सहजीकरण गर्नु |

सचिव

| | |
|---|---|
| डिभिजन वन कार्यालय/राष्ट्रिय निकुञ्ज कार्यालय | ▪ लगानी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन लगायतका विषयमा सूचना प्रवाह गर्नु, स्थानीय तह तथा उपभोक्ता समूहलाइ लगानी योजना तयार गर्न प्राविधिक सहयोग पुर्याउनु<br>▪ लगानी योजना तयार गर्नु तथा स्थानीय तह, समूह र समूह बाहिर परेका लाभग्राहीलाई त्यस्ता योजना तयार गर्न आवश्यक प्राविधिक सहयोग र सहजीकरण गर्नु<br>▪ वन ऐन, २०७६; राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९; सम्बन्धित प्रदेशका वन ऐन र नियमावलीहरू, आवधिक/रणनीतिक योजना बमोजिम लाभ बाँडफाँट योजना कार्यान्वयन गर्नु र गराउन सहजीकरण गर्नु<br>▪ BSP लाभबाट डिभिजन वन कार्यालय, वा निकुन्ज कार्यालयद्वारा सञ्चालित लगानी वा गतिविधिहरूका लागि, आवश्यक वातावरणीय तथा सामाजिक मूल्यांकन गरी व्यवस्थापन योजना तयार गर्ने र कार्यान्वयन गर्ने।<br>▪ योजना कार्यान्वयन र प्राप्त लाभ वितरणमा समुदाय, आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक तथा वनमा आश्रित विपन्न वर्गको अर्थपूर्ण सहभागिताका लागि लक्षित कार्यक्रम संचालन गर्नु, पारदर्शिता तथा जवाफदेहिता सुनिश्चित गर्नु र गराउनु<br>▪ उत्सर्जन न्यूनीकरण कार्यक्रमलाई नियमित योजना तर्जुमा, अनुगमन तथा प्रतिवेदनमा मूलप्रवाहिकरण गर्नु<br>▪ गुनासो सम्बोधनको लागि स्रोत साधन परिचालन गर्नु, गुनासो व्यवस्थापन रजिष्टर व्यवस्थापन गर्नु तथा समाधान हुन नसकेमा विवरण माथिल्लो निकायमा पठाउनु<br>▪ डिभिजन वन कार्यालय, समूह र समूह बाहिरका लाभग्राहीहरूको अभिलेख व्यवस्थित गरी लेखापरीक्षण गराउनु, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन गर्नु<br>▪ उत्सर्जन न्यूनीकरण र लाभ बाँडफाँट योजनासँग सम्बन्धित वातावरणीय र सामाजिक प्रभाब र त्यसका व्यवस्थापनको अनुगमन गर्ने र समग्र प्रतिबेदन गर्नु ।<br>▪ रेड कार्यान्वयन केन्द्रसँग सहकार्य गरी सूचना प्रवाह सम्बन्धी सामग्री मार्फत स्थानिय समुदाय तथा सामुदायिक वन, साझेदारी वन, कवुलियती वन, आदिवासी जनजाति, महिला, दलित र वनमा आश्रित घरधुरीहरूलाई सुसूचित गराउने |
| राष्ट्रिय निकुन्ज कार्यालय | ▪ राष्ट्रिय वन अन्तरगत डिभिजन वन कार्यालयहरूको लागि उल्लेख भएका कार्यहरू मध्यवर्ति क्षेत्रमा गर्नु<br>▪ सहभागि मननोनयन पठाई रेडसेलमा प्रतिनिधित्व गराउनु<br>▪ लगानी योजना कार्यान्वयनमा मध्यवर्ति क्षेत्रका सामुदायिक वन उपभोक्ता समूह, आदिवासी जनजाति, महिला, दलित र वनमा आश्रित घरधुरीबीच समन्वय गर्नु ।<br>▪ रेड कार्यान्वयन केन्द्रसँग सहकार्य गरी स्थानीय तह, मध्यवर्ति सामुदायिक वन, आदिवासी जनजाति, महिला, दलित र वनमा आश्रित घरधुरीहरूलाई उत्सर्जन न्यूनीकरण कार्यक्रम, लाभ बाँडफाँट सम्बन्धी सुसूचित गर्नु<br>▪ समुदाय तथा मध्यवर्ति उपभोक्ता समूहबाट प्राप्त गुनासो दर्ता गरी समाधान गर्ने, समाधान हुन नसकेका गुनासोहरू रेड कार्यान्वयन केन्द्रलाइ जानकारी दिई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा पठाउनु<br>▪ उत्सर्जन न्यूनीकरण र लाभ बाँडफाँट योजनासँग सम्बन्धित वातावरणीय र सामाजिक सुरक्षा व्यवस्थापनको अनुगमन र समग्र प्रतिबेदन गर्ने |

सचिव

| | |
|---|---|
| स्थानीय तह | ▪ निजी वन धनी र समूहमा आवद्ध नभएका वनाश्रित परिवार पहिचान गरी लगानी योजना तयार गर्न सहयोग पुर्याउनु,<br>▪ रेड सेलको सहायतामा सामाजिक तथा वातावरणीय सुरक्षा स्क्रिनिङ गरी अनसुची बहिष्करण सूचीमा परे नपरेको एकिन गर्नु, आवश्यक वातावरणीय तथा सामाजिक मूल्यांकन र व्यवस्थापन योजना तयारी गर्नु<br>▪ लगानी योजनाको प्रस्ताव डिभिजन वन कार्यालय मार्फत वा सिधै केन्द्रमा पठाउनु, स्वीकृत लगानी योजना कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन गर्नु<br>▪ दिगो वन व्यवस्थापन, जैविक विविधता संरक्षण, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा, खाली तथा पर्ती जग्गामा वन विकास तथा व्यवस्थापन कार्यमा सहयोग पुर्याउनु<br>▪ वन डढेलो नियन्त्रण तथा व्यवस्थापनमा आर्थिक एवं प्राविधिक सहयोग पुर्याउनु,<br>▪ सामुदायिक वन अनुगमन, सामुदायिक विकासमा समूह मार्फत सहयोग पुर्याउनु<br>▪ आदिवासी जनजाति समुदाय तथा दलित समुदायको प्राकृतिक स्रोत संरक्षण सम्बन्धी प्रथाजनित अभ्यासको पहिचान गरी विकासका लागि लगानी योजनामा समावेश गराउनु<br>▪ वन उपभोक्ता समूह, आदिवासी जनजाति, महिला र दलित समुदायलई थप सहजीकरण गर्नु<br>▪ उत्सर्जन न्यूनीकरण र लाभ बाँडफाँट योजनासँग सम्बन्धित वातावरणीय र सामाजिक प्रभाब र त्यसका व्यवस्थापनको अनुगमन गर्ने र प्रतिबेदन गर्नु |
| रेड कार्यान्वयन केन्द्र | ▪ उत्सर्जन न्यूनीकरणबाट प्राप्त लाभ लाभग्राहीसम्म पुर्याउनु र समग्र अनुगमन तथा प्रतिवेदन गर्नु<br>▪ प्रदेश मन्त्रालयलाई प्रदेशस्तरीय लगानी योजना तयार गर्न सहजीकरण तथा सहयोग गर्नु<br>▪ प्रदेश मन्त्रालय तथा संघीय लाभग्राही निकायबाट प्राप्त लगानी योजनालाई प्राथमिकीकरण गरी राष्ट्रिय रेड समन्वय समितिमा एकिकृत लगानी योजना पेश गर्नु<br>▪ लाभग्राही तहगत सरकारी निकाय तथा समूहलाई लगानी योजना कार्यान्वयनको कार्यसम्पन्न प्रतिवेदनको आधारमा लाभ वापतको रकम भुक्तानीमा सहजीकरण गर्नु<br>▪ लगानी योजना कार्यान्वयनमा प्रदेशस्तरीय खर्च केन्द्र निकायहरूलाई स्वीकृत वार्षिक योजना तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन कार्यमा सहयोग पुर्याउनु<br>▪ कोष अन्तरगतको कार्यक्रम विकास तथा कार्यान्वयन समितिलाई सहयोग पुर्याउनु<br>▪ कृषि, वन तथा वातावरण मन्त्रालय, प्रदेशका वन तथा वातावरण सम्बन्धी कार्य सम्पादन गर्ने मन्त्रालय, राष्ट्रिय निकुञ्ज विभाग, वन तथा भू-संरक्षण विभाग र वन विकास कोष अन्तरगतको कार्यक्रम विकास तथा कार्यान्वयन समिति, जिल्लास्तरीय रेडसेल र सरोकारवालाबीच समन्वय र सम्वन्ध सेतुको रूपमा काम गर्नु<br>▪ लाभग्राही तथा सरोकारवालाबाट प्राप्त गुनासो व्यवस्थापनको अभिलेख अध्यावधिक गर्नु<br>▪ आवश्यक प्रचार-प्रसार सामाग्रि प्रकाशन तथा वितरण<br>▪ लाभ बाँडफाँट योजना कार्यान्वयनको लागि संघीय कार्यक्रम इकाइको रूपमा कार्य गर्नु<br>▪ उत्सर्जन न्यूनीकरण र लाभ बाँडफाँट योजनासँग सम्बन्धित वातावरणीय र सामाजिक प्रभाएव र त्यसका व्यवस्थापनको अनुगमन गर्ने र समग्र प्रतिवेदन गर्नु |

सचिव

# ४. वातावरणीय तथा सामाजिक सुरक्षा जोखिम व्यवस्थापन

वातावरणीय र सामाजिक व्यवस्थापन ढाँचा (Environmental and Social Management Framework - ESMF) मा उल्लेख गरिएका विस्तृत विधि र प्रक्रियाले BSP कार्यान्वयनको लागि वातावरणीय तथा सामाजिक जोखिम व्यवस्थापन प्रक्रियालाई मार्गदर्शन गर्नेछ। ESMF ले योजना चक्रभरी वातावरणीय तथा सामाजिक जोखिम सम्बोधन गर्न चरणवद्धविधि र प्रकृया मार्गदर्शन गर्नेछ। यसले वातावरण संरक्षण ऐन २०७६ तथा नियमावली २०७७ बमोजिम सम्भावित प्रतिकूल वातावरण र सामाजिक प्रभावहरूलाई हटाउने, न्यूनीकरण गर्ने र समायोजन गर्ने विधि र सम्बन्धित नीति कार्यान्वयनको सुनिश्चितता प्रदान गर्दछ। कार्यक्रममा समावेश गर्न नहुने भनी ESMF र लाभ बाँडफाँट योजनामा उपलव्ध गराईएको बहिष्करण सूची (Exclusion list) लाई यस लाभ बाँडफाँट योजना कार्यान्वयन कार्यविधीको तालिका ८ मा पनि त्यसैगरी समावेश गरिएको छ । यस सूचीमा भएका कुनै पनि गतिविधिहरू कार्यान्वयनका लागि योग्य हुने छैनन् । ESMF मा लैङ्गिक मुलप्रवाहिकरण योजना, आदिवासी जनजाति तथा जोखिममा परेका समुदाय विकास ढाँचा, पुर्नवास नीति ढाँचा, मर्यादित श्रम योजना ढाँचा, समग्र कार्यढाँचा, सरोकारवाला संलग्नता योजना र सुझाव तथा गुनासो सम्बोधन संयन्त्र समावेश छन्।

लाभ बाँडफाँड योजना कार्यान्वयनसँग सम्बन्धित वातावरणीय र सामाजिक जोखिमहरूलाई दुई वर्गमा विभाजन गरिएको छ । पहिलो सम्भावित सामाजिक बहिष्करणसँग सम्बन्धित छ | विशेष गरी, सामाजिक जोखिम लाभ बाँडफाँड योजनाको डिजाइन, यसका योग्यता मापदण्ड र लाभ बाँडफाँट प्रावधानहरू सहित, कानुनी वा प्रशासनिक अवरोधहरू, विवाद, वा लाभ बाँडफाँट संयन्त्रमा पर्याप्त परामर्श र सहमतिको अभावका कारण आदिवासी जनजाति र अन्य सीमान्तकृत समूहहरूलाई लाभ प्राप्त गर्नबाट वञ्चित गर्न सक्छ। सामाजिक जोखिमलाई लाभ बाँडफाँड योजना तर्जुमाको चरणमा प्रमुख सरोकारवालाहरूसँग -स्थानीय सरकार, वन उपभोक्ता समूहहरुको सञ्जालको प्रतिनिधि, आदिवासी जनजाति, र अन्य सीमान्तकृत समूहहरू सहित—धेरै चरणका अर्थपूर्ण परामर्शहरू मार्फत सम्बोधन गर्नु पर्दछ। यी परामर्शहरूका माध्यमबाट, सरोकारवालाहरूले प्रत्येक प्रकारको लाभ वितरण र बाँडफाँट व्यवस्थाका लागि योग्यता मापदण्डहरूमा छलफल गरी स्पष्ट पार्न र सहमति जुटाउन सहयोग गर्छ। जोखिमको दोस्रो वर्ग लाभग्राहीहरूले लगानी योजना अन्तर्गतका क्रियाकलापहरू छनौट तथा निर्धारण र कार्यान्वयन गर्न प्राप्त लाभको उपयोग कसरी गर्छन् भन्नेसँग सम्बन्धित छ। यी जोखिमहरूलाई दफा ४.१ मा उल्लिखित विस्तृत प्रक्रियाहरू मार्फत न्यूनीकरण गरिनेछ।

## ४.१. वातावरणीय तथा सामाजिक जोखिम व्यवस्थापन प्रक्रिया (Environmental and Social Risk Management Procedure)

(१) खर्च केन्द्रले अनुसूची २ मा समावेश जाँचसूची (Screening Checklist) को आधारमा लगानी योजनाको वातावरणीय तथा सामाजिक जोखिम आँकलन र विश्लेषण गरी वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ बमोजिमका मापदण्ड र प्रकृया अनुसार देहायका विषय सुनिश्चित गर्नुपर्दछ।

- लाभ बाँडफाँट योजनाले कार्यक्रममा समावेश नगरिने भनी पहिचान गरेका तालिका ९ मा उल्लेखित कृयाकलापहरू लगानी यो.जनाबाट हटाउने,

(२) लाभ बाँडफाँड योजना मार्फत कार्यान्वयन गरिने गतिविधिहरू लाभग्राहीहरूको विद्यमान सामुहिक निर्णय-निर्माण प्रक्रियाहरू, जस्तै वन उपभोक्ता समुहहरुको कार्य समितिको बैठक र साधारण सभाहरू मार्फत निर्धारण गर्नेछन्।

- योजना कार्यान्वयन गर्दा स्थानीय वन, वातावरण तथा समाजमा पर्नसक्ने सम्भावित जोखिमका आधारमा देहाय तालिका १० मा उल्लेख भए बमोजिम लगानी योजनाको वर्ग एकिन गरी तदअनुरूपको वातावरणीय तथा सामाजिक सुरक्षा योजना तयारी तथा कार्यान्वयन गर्नुपर्दछ ।
- यदि डेस्क अध्ययनले वातावरणीय तथा सामाजिक मूल्यांकनका लागि सम्भावित प्रभाव र जोखिमहरू पहिचान गर्न पर्याप्त जानकारी प्रदान गर्न नसकेमा, स्थलगत स्क्रिनिङ/मूल्यांकन आवश्यक हुनेछ।

सचिव

तालिका १०: वातावरणिय तथा सामाजिक जोखिमको परीक्षण पश्चात् लगानी योजना वर्गीकरण विवरण

| वर्ग | कृयाकलापका प्रकार | वातावरणीय तथा सामाजिक सुरक्षा योजनाको किसिम |
|---|---|---|
| वर्ग "१" | वातावरणीय तथा सामाजिक दृष्टिले संवेदनशील, बहुपक्षीय प्रकृतिका वा अभूतपूर्व किसिमका गम्भीर प्रतिकूल प्रभाव पार्ने सम्भावना भएका तालिका ९ को बहिष्कृत सूची (Exclusion List) अनुसार हुने कृयाकलापहरू | यस वर्गका कृयाकलापहरू समावेश नगर्ने |
| वर्ग "२" | महत्वपूर्ण प्राकृतिक बासस्थान तथा धार्मिक, सांस्कृतिक, भावनात्मक तथा पुरातात्विक महत्वका क्षेत्रमा क्षति पुर्याउने, वातावरणमा संवेदनशील, बहुपक्षीय वा अहिलेसम्म नदेखिएका व्यापक प्रतिकुल प्रभाव पार्ने वा समुदायको वन प्रतिको निर्भरता र सम्वन्ध तथा वन संरक्षण र व्यवस्थापनमा प्रतिकुल प्रभाव पार्ने कृयाकलापहरू | वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination-IEE), संक्षिप्त वातावरणीय अध्ययन (Brief Environmental Study-BES) गर्नुपर्ने, आवश्यकता अनुसार वातावरण तथा सामाजिक सुरक्षा व्यवस्थापन योजना (Environmental and Social Safeguard Management Plan-ESMP), जैविक बिबिधता व्यवस्थापन योजना (Biodiversity Management Plan-BDMP), पुनर्बास योजना (Rehabilitation Allocation Plan-RAP), आदिबासी जनजाती योजना (Indigenous People Plan-IPP) आदि तयार गरी कार्यान्वयन |
| वर्ग "३" | वातावरण तथा समाजमा सामान्य प्रभाव पार्ने तर वातावरण संरक्षण नियमावली २०७७ को मापदण्ड (अनुसूची १, २, ३) मा नपरेका कृयाकलापहरू | अनुसूची ३ अनुसार वातावरण तथा सामाजिक सुरक्षा व्यवस्थापन योजना (Environmental and Social Safeguard Management Plan-ESMP) तयारी तथा कार्यान्वयन |
| वर्ग "४" | वातावरण तथा समाजमा शून्य तथा न्यूनतम प्रभाव पार्ने कृयाकलापहरू | आवश्यकता अनुसार वातावरणीय तथा सामाजिक जोखिम आंकलन पछि अनुसूची ३ अनुसार वातावरण तथा सामाजिक सुरक्षा संहिता (Environmental and Social Code of Practices-ESCoPs) तयारी तथा कार्यान्वयन अथवा वातावरणीय तथा सामाजिक जोखिम जाँच (Screening) पश्चात् सम्बन्धित न्यूनीकरण उपायहरूलाई प्राविधिक डिजाइन, इस्टिमेटमा समावेश गरी मूलप्रवाहमा ल्याउने र तदनुसार कार्यान्वयन गर्ने। |

(३) प्रदेशस्तरीय रेड डेस्क, जिल्लास्तरीय रेड सेल तथा खर्च केन्द्र निकायका रेड सम्पर्क व्यक्तिहरूले स्क्रिनिङ जाँचसूची प्रयोग गरी जोखिम आंकलन र विश्लेषण गर्न लाभग्राही संस्थालाई सहयोग पुर्याउनु पर्दछ ।

(४) लगानी योजना कार्यान्वयनमा गर्दा पर्नसक्ने प्रभावको स्तरका आधारमा एकिन गरिएका वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना (Environmental and Social Safeguard Management Plan-ESMP) वा वातावरणीय

सचिव

तथा सामाजिक सुरक्षा संहिता (Environmental and Social Code of Practices-ESCoPs) कार्यान्वयन गर्दा देहायका विषय सुनिश्चित गर्नुपर्दछ:

- वातावरणीय तथा सामाजिक सुरक्षाका लागि सुझाइएका विषयहरू सम्बोधन हुनेगरी आवश्यक कार्यहरू लागत इष्टमेट (Cost Estimate) मै समावेश गर्ने,
- योजना स्थलका सम्बन्धित समुदाय र वन श्रमिकको लागि कार्यारम्भ अगावै योजनाको विस्तृत लागत अनुमान, डिजाइन तथा कार्यान्वयन कार्यतालिकाको वारेमा जानकारी एवं प्रशिक्षण गर्ने,
- नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को प्रयोग नदी किनारा स्थिरीकरण, संरक्षण पोखरी निर्माण तथा भू-क्षय नियन्त्रण कार्यका लागि मात्र सीमित रहने गरी वातावरण संरक्षण नियमावली, २०७७ बमोजिम इजाजत प्राप्त स्रोतबाट संकलन तथा उपयोग गरी सम्बन्धित खर्च केन्द्र र वडा कार्यालयमा लिखित जानकारी दिने ।

(५) आवश्यक वातावरणीय तथा सामाजिक व्यवस्थापन योजनाको स्वीकृति, लगानी योजना स्वीकृत गर्ने निकायद्वारा गरिनेछ।

(६) रेड कार्यान्वयन केन्द्र, प्रदेश मन्त्रालय, प्रदेश वन निर्देशनालय, राष्ट्रिय निकुञ्ज र डिभिजन वन कार्यालय तथा रेड सेलहरूले लगानी योजना कार्यान्वयनमा वातावरणीय तथा सामाजिक जोखिम व्यवस्थापनको अनुगमन तथा सुपरिवेक्षण गरी आवधिक प्रगति प्रतिवेदनमा यस सम्बन्धी विषय समेत समावेश गर्नुपर्दछ ।

(७) विस्तृत र लक्षित सूचना प्रसार, सरोकारवाला सहभागिता र गुनासो सुनुवाई व्यवस्थालाई सामाजिक सुरक्षाका औजारको रूपमा लगानी योजना कार्यान्वयनमा मूलप्रवाहिकरण गर्नुपर्दछ ।

(८) रेडप्लस राष्ट्रिय रणनिति र लाभ बाँडफाँट योजनाले पहिचान गरेका रेडसेल, प्रदेश रेड समन्वय समिति, राष्ट्रिय रेड समन्वय समिति, राष्ट्रिय रेड निर्देशक समिति लगायतका समावेशी तथा बहुसरोकारवाला संस्थागत संयन्त्रहरूको नियमित समन्वय बैठक राखी सकृय तथा अद्यावधिक राख्नुपर्दछ ।

(९) योजना छनौट, कार्यान्वयन, अनुगमन तथा मरमत सम्भार र लाभ प्राप्तिको अवस्थासम्म स्थानीय समुदाय, आदिवासी जनजाति समुदाय, महिला, दलित समुदाय, अल्पसंख्यक तथा वनमा आश्रित विपन्न समुदायको सहभागिता सुनिश्चित गर्न योजना छनौटको चरणमै सरोकारवाला पहिचान तथा सहभागिता योजना तयार गरी मुख्य योजना साथसाथै कायान्वयन गर्नुपर्दछ ।

## ४.२. गुनासो व्यवस्थापन

### ४.२.१. परिचय

कार्यक्रमबाट प्रभावित व्यक्ति, समूह वा सरोकारवालाहरूको चासो, सुझाव वा उजुरी सम्बन्धी विषय सरल तथा व्यवहारिक प्रकृयाबाट सम्बोधन गरी कार्यक्रम र प्रभावित समुदायबीच आपसी सहयोग र सकारात्मक सम्बन्ध स्थापना गर्न यो लाभ बाँडफाँट योजना कार्यान्वयनमा गुनासो व्यवस्थापन प्रणाली (Grievance Redress Mechanism- GRM) को विकास गरिएको छ । यस प्रणालीले कार्यक्रमबाट प्रभावित व्यक्ति, समूह, समुदाय, आदिवासी जनजातिका प्रथाजनित अभ्यास भएका संस्थाहरू तथा सरोकारवालाहरूले आफै स्वयम् वा आफ्नो प्रतिनिधि मार्फत सम्बन्धित निकायमा गुनासोहरू राख्न र जवाफ प्राप्त गर्न सक्ने विकल्प पनि सुनिश्चित गर्दछ । गुनासोकर्तालाई गुनासो गरे वापत कुनै शुल्क नलाग्ने र कुनै किसिमको कारवाही वा प्रतिशोध हुने छैन ।यस गुनासो व्यवस्थापन प्रणालीले न्यायिक र प्रशासनिक उपचार पहुँचमा कुनै बाधा पुर्याउने छैन । यस संयन्त्र विद्यमान कानुनी व्यवस्था र अभ्यासमा आधारित हुनेछ ।

### ४.२.२. उत्सर्जन न्यूनीकरण कार्यक्रम (Emission Reduction Program) मा गुनासो व्यवस्थापन प्रणाली

(१) देहायका चरणबद्ध प्रकृया (चित्र १) बमोजिम गुनासो व्यवस्थापन गरी उत्सर्जन न्यूनीकरण कार्यक्रम र प्राप्त लाभको बाँडफाँट योजना कार्यान्वयनमा राष्ट्रिय तथा अन्तराष्ट्रिय वातावरणीय तथा सामाजिक सुरक्षाका मापदण्ड पुरा गर्नु पर्दछ।

सचिव

चरण १: सरल, सहज तथा व्यवहारिक रूपमा गुनासो राख्न सक्ने गरी देहायका व्यवस्था मिलाउने,

- गुनासो पेटिका, ईमेल ठेगाना, वेब साइट, फोन नं., रेडियो फोकल पर्सन, सूचना अधिकारी, गुनासो सुन्ने अधिकारीको व्यवस्था गरी सो को जानकारी कार्यालयको वेबसाइट र सूचना वोर्ड मार्फत सार्वजनिक गर्ने,
- सवै स्वरूप र माध्यमबाट गुनासो प्राप्त गर्ने,
- बेनामी वा नाम सहित उल्लेख गरेर गुनासो गर्न सकिने र नाम सहित गुनासो गर्ने व्यक्ति वा संस्थाको विवरण गोप्य हुने । गुनासोकर्ताको गोपनियता कायम गर्न तथा उनीहरुलाई हुन सक्ने सम्भावित प्रतिशोधबाट जोगाउनका लागि व्यक्तिगत पहिचान दिन नपर्ने गरी गुनासो पेटिका, टोलफ्री हटलाइनहरू र गुनासोकर्ताले विश्वास गरेका संस्था मार्फत पनि गुनासो गर्न सकिने छ ।
- यौन शोषण, दुर्व्यवहार र यौन उत्पीडनसँग सम्बन्धित गुनासोहरू व्यवस्थापन गर्दा Survivor-centric Approach पद्धती अबलम्वन गर्ने र आवश्यकता अनुसार गुनासो व्यवस्थापन गर्ने पदाधिकारी लक्षित क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने,
- निम्न बमोजिमको अभिलेख कितावमा दर्ता गरी एक दिन भित्र सम्बन्धित अधिकारी समक्ष पेश गर्ने र गुनासो प्राप्त भएको जानकारी गुनासोकर्तालाई दिने ।

**तालिका ११: गुनासो अभिलेख किताव (Grievance Record Logbook) को नमुना**

| क. स. | गुनासो प्राप्त भएको माध्ययम (मौखिक वा लिखित वा विद्युतीय | गुनासो दर्ता नं. | दर्ता मिति: | बिषय: | गुनासोकर्ताको नाम र ठेगाना (नाम नभएमा वेनामी), | गुनासो को विस्तृत व्यहोरा | थप सोधपुछ अनुसन्धान, गरिएको भए सो को विवरण | अनुसन्धान को लागि तोकिएको अवधि भित्र थप कुनै तथ्य प्राप्त भएको भए सो को विवरण | दर्ता भएको मितिले ३० दिन भित्र गुनासो संवोधन का लागि गरिएका प्रयास र प्राप्त उपलब्धि | समाधान हुन नसकेका गुनासो माथिल्लो वा उपयुक्त निकाय मा पठाएको मिति र च. नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |

सचिव




**चित्र १ उत्सर्जन न्यूनीकरण कार्यक्रमको लाभ बाँडफाँट योजना कार्यान्वयनमा गुनासो व्यवस्थापन प्रकृया**

चरण २. प्राप्त गुनासोसँग सम्बन्धित विषयवस्तुको गहनता, सम्वेदनशीलता र कार्यदायरा एकिन गरी आफ्ना क्षेत्राअधिकारका विषय भएमा देहाय बमोजिम व्यवस्थापन गरी सम्बन्धित व्यक्ति वा संस्थालाई ३० दिन भित्र जानकारी गराउनेः

- आवश्यकता अनुसार गुनासो व्यवस्थापन निकाय वा गुनासो सुन्ने अधिकारीले विषयगत अनुसन्धान टोली गठन गरी वा आधिकारिक व्यक्ति तोकी अनुसन्धान गर्ने ।

चरण ३ः अनुसन्धान टोली वा अधिकारीबाट प्राप्त सिफारिस र आवश्यकता परे थप जानकारी, प्रमाण र तथ्यहरू संकलन र विश्लेषण गरी गुनासो सुन्ने अधिकारीले समाधानको निर्णय लिई देहायका कार्य गर्नेः

- प्राप्त सिफारिसका आधारमा गुनासो सम्बोधन हुने भएमा आवश्यक निर्णय लिई सम्बन्धित गुनासोकर्तालाई १० दिन भित्र जानकारी दिने,
- आफ्नो अधिकार क्षेत्र बाहिरका र क्षेत्राधिकार भित्रका तर सम्बोधन हुन नसकेका गुनासो समाधानका लागि उपयुक्त निकायमा यथाशिघ्र पठाउने,
- गुनासो व्यवस्थापन गर्दा प्रचलित नीतिगत, कानुनी र कार्यक्रमको वातावरणीय तथा सामाजिक सुरक्षा ढाँचा र लाभ बाँडफाँट योजनाका व्यवस्था र दायरालाई ध्यान दिनुपर्दछ ।

सचिव

➢ गुनासो अभिलेख कितावमा अद्यावधिक गरी गुनासोकर्तालाई जानकारी गराउने ।

चरण ४: गुनासोकर्तासँग समन्वय गरी आवश्यक स्रोत साधनको व्यवस्था सहित समाधानका लागि भएका निर्णयहरू ७ दिन भित्र कार्यान्वयन गर्न शुरू गर्ने ।

चरण ५: निर्णय कार्यान्वयन अवस्थाको नियमित अनुगमन गरी गुनासो अभिलेख किताव अद्यावधिक गर्ने तथा आवधिक प्रतिवेदनमा विश्लेषणका साथ गुनासो व्यवस्थापनको छुट्टै शिर्षक राखी समावेश गर्नुपर्दछ ।

उत्सर्जन न्यूनीकरण कार्यक्रम तथा लाभ बाँडफाँट अन्तरगत गुनासो सम्बोधनका तह, सम्बन्धित निकाय, जिम्मेवारी पदाधिकारी र प्रकृया तालिका १२ तथा चित्र २ मा प्रस्तुत छ ।अदालतमा दर्ता गरिने उजुरीबाहेक, गुनासो दर्ताका लागि कुनै निश्चित ढाँचा छैन।

**तालिका १२: गुनासो सम्बोधनका तहगत निकाय र व्यवस्थापन गर्ने जिम्मेवार व्यक्ति**

| गुनासो सम्बोधन गर्ने तह | गुनासो सम्बोधन गर्ने निकायको नाम | तहगत निकायहरूमा गुनासो व्यावस्थापन गर्ने जिम्मेवार पदाधिकारी |
|---|---|---|
| समुदायस्तर | समुदायमा आधारित वन व्यवस्थापन समूह, आदिवासी जनजातिका प्रथाजनित अभ्यास भएका संस्थाहरू | कार्यसमिती र आन्तरिक अनुगमन समिती, प्रथाजनित अभ्यास भएका संस्थाका प्रमुख (उदाहरणका लागि वरघर वा भलमान्सा प्रमुख) |
| स्थानीयस्तर | स्थानीय तह | न्यायिक समिति वार्ड कार्यालयमा आएको गुनासोका लागि वडाध्यक्ष |
| | डिभिजन वन कार्यालय | सूचना अधिकारी मार्फत डिभिजनल वन अधिकृत |
| | राष्ट्रिय निकुञ्ज कार्यालय | सूचना अधिकारी मार्फत प्रमुख संरक्षण अधिकृत |
| | जिल्ला अदालत | कानुन बमोजिम |
| प्रदेशस्तर | वन तथा वातावरण सम्बन्धी कार्य सम्पादन गर्ने मन्त्रालय | सूचना अधिकारी मार्फत प्रदेश वन सचिव |
| | प्रदेश वन निर्देशनालय | सूचना अधिकारी मार्फत प्रदेश वन निर्देशक |
| | उच्च अदालत | कानुन बमोजिम |
| केन्द्रस्तर (संघीय स्तर) | रेड कार्यान्वयन केन्द्र | सूचना अधिकारी मार्फत केन्द्र प्रमुख |
| | कृषि, वन तथा वातावरण मन्त्रालय | सूचना अधिकारी मार्फत सचिव |
| | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | सूचना अधिकारी मार्फत महानिर्देशक |
| | वन तथा भूसंरक्षण विभाग | सूचना अधिकारी मार्फत महानिर्देशक |
| | वन अनुसन्धान तथा तालिम केन्द्र | सूचना अधिकारी मार्फत महानिर्देशक |

सचिव

| | | |
|---|---|---|
| | प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय | हेलो सरकार हटलाइन नम्बर, टोलफ्री नम्बर, मोबाइल मेसेज, अनलाइन पोर्टल मार्फत मन्त्रालयका सचिव |
| सर्वोच्चस्तर | सर्वोच्च अदालत | कानुन बमोजिम |




चित्र २ उत्सर्जन न्यूनीकरण कार्यक्रमको लाभ बाँडफाँट योजना कार्यान्वयनमा गुनासो व्यवस्थापन प्रकृया

- उत्सर्जन न्यूनीकरण कार्यक्रम तथा लाभ बाँडफाँट योजना सम्बन्धी गुनासो तालिका १२ उल्लेखित पाँच तहमध्ये विषयवस्तुको कार्यदायरा हेरी गुनासोकर्तालाई उपयुक्त लागेको कुनै पनि तहमा दर्ता गर्न सकिन्छ ।
- उपभोक्ता सदस्यहरूले आवश्यक ठानेमा सिधै डिभिजन वन कार्यालय वा राष्ट्रिय निकुञ्ज कार्यालय वा स्थानीय तहमा दर्ता गर्न सक्दछन् ।
- डिभिजन वन कार्यालय, राष्ट्रिय निकुञ्ज कार्यालय तथा स्थानिय तहले नीतिगत तथा कानुनी व्यवस्था भित्र रही आवश्यकता अनुसार प्रथाजनित अभ्यास भएका संस्थाका प्रतिनिधि, स्थानीय आमा समूह, यूवा क्लवहरूको सल्लाह र सहयोगमा समाधान गर्नु पर्दछ । समाधन हुन नसकेका गुनासोहरू डिभिजन वन कार्यालयले प्रदेश वन निर्देशनालयमा, राष्ट्रिय निकुञ्ज कार्यालयले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा र स्थानीय तहले विषयवस्तुसँग सम्बन्धित निकायमा पठाउनु पर्दछ ।

सचिव

➢ डिभिजन वन कार्यालय, राष्ट्रिय निकुञ्ज कार्यालय तथा स्थानिय तहले गुनासोको विषयवस्तु हेरी सिधै रेड कार्यान्वय केन्द्रमा पनि पठाउन सकिन्छ । यसरी गुनासो समाधानका लागि अर्को निकायमा पठाउंदा सम्बन्धित गुनासोकर्तालाई जानकारी दिनु पर्दछ ।

➢ रेड कार्यान्वयन केन्द्रले उत्सर्जन न्यूनीकरण कार्यक्रम तथा लाभ बाँडफाँट योजना कार्यान्वयनमा संघीय कार्यान्वयन इकाईको कार्य गर्ने हुँदा अदालतमा गएका विषय वाहेकका गुनासो रेड कार्यान्वयन केन्द्रबाट समाधान हुनेछ ।

➢ नीतिगत निर्णयबाट मात्र सम्बोधन हुने भएमा केन्द्रले राष्ट्रिय रेड समन्वय समिति वा कृषि, वन तथा वातावरण मन्त्रालयस्तरबाट समाधान प्राप्त गर्नेछ ।

➢ तहगत निकायहरूले आफ्नो कार्यालयमा प्राप्त गुनासो माथि उल्लेखित प्रकृया बमोजिम दर्ता तथा सम्बोधन गरी जुन कार्यालय मार्फत प्राप्त भएको हो सोही कार्यालय मार्फत सम्बन्धित गुनासोकर्तालाई जानकारी दिई सोही बमोजिम कार्यान्वयनको लागि पठाउनु पर्दछ ।

➢ तहगत निकायहरूले गुनासो अभिलेख किताव (**Grievance Record Logbook**) खडा गरी अभिलेख व्यवस्थापन गर्ने तथा नियमित प्रगति प्रतिवेदनहरूमा छुट्टै शिर्षक दिई विश्लेषण सहित गुनासो व्यवस्थापनको अद्यावधिक विवरण समावेश गरी रेड कार्यान्वयन केन्द्रमा पठाउनु पर्दछ ।

➢ रेड कार्यान्वयन केन्द्रले उत्सर्जन न्यूनीकरण कार्यक्रम र लाभ बाँडफाँट सम्बन्धि सवै निकायहरूबाट आएका गुनासो व्यवस्थापन सम्बन्धि प्रगती विवरण एकीकृत गरी राष्ट्रिय सुरक्षाका मापदण्ड सूचना प्रणाली (Safeguard Information System- SIS) मा अद्यावधिक गर्नु पर्दछ ।

सचिव

## ५. अनुगमन तथा प्रतिवेदन र समन्वय

### ५.१. अनुगमन योजना

(१) खर्च केन्द्र निकायहरूले कार्यसम्पादन सूचक, जिम्मेवार इकाई/व्यक्ति, समयरेखा साधन तथा उपकरणको लागत सहित कुल प्राप्त बजेट सीमाको २ प्रतिशतमा नबढ्ने गरी विस्तृत अनुगमन योजना समावेश गरी वार्षिक कार्यक्रममा समावेश प्रस्ताव गर्नुपर्दछ।

(२) कार्यक्रम अनुगमन तथा प्राविधिक सहयोगका लागि थप जनशक्तिको आवश्यकता परेमा व्यवस्थापन खर्चको सीमाभित्र रही रेड कार्यान्वयन केन्द्रले बाह्य सेवाप्रदायकमार्फत जनशक्ति व्यवस्था गर्न सक्नेछ।

### ५.२. अनुगमन तथा प्रतिवेदन विधि

(१) तहगत खर्च केन्द्र निकायले आफ्नो कार्यक्षेत्र अन्तरगत संचालित लगानी योजना कार्यान्वयन अवस्थाको देहाय बमोजिम अनुगमन गरी अनुसूची ७ बमोजिमको ढाँचामा प्रतिवेदन गर्नुपर्दछ ।

- तहगत खर्च केन्द्र निकायहरूले आफ्नो र आफू अधिनस्त खर्च केन्द्र निकायबाट विवरण संकलन गरी अवधि सकिएको ७ दिन भित्र त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन रेड कार्यान्वयन केन्द्रमा पठाउने,
- केन्द्रले माघ मसान्तसम्ममा अर्ध वार्षिक र साउन मसान्तसम्ममा वार्षिक प्रतिवेदन वन विकास कोषको सचिवालयमा पठाउने,
- डिभिजन वन कार्यालयले वन नियमावली, २०७९ को नियम १३४ बमोजिम त्रैमासिक रूपमा प्रदेश वन निर्देशनालय र वन तथा भू-संरक्षण विभागमा पठाउने प्रतिवेदनमा लगानी योजना कार्यान्वयनको अवस्था, कार्य प्रगति, उत्पादित सेवा तथा वस्तु विषय समावेश गरी उक्त प्रतिवेदन केन्द्रमा समेत पठाउने,
- लाभ बाँडफाँड योजना कार्यान्वयन सम्बन्धी प्रगति विवरण राष्ट्रिय वन व्यवस्थापन सूचना प्रणाली सँग जोडी सार्वजनिक पहुंच भएको वेभसाईट मार्फत सार्वजनिक गर्ने,
- केन्द्र र सम्बन्धित प्रदेश मन्त्रालयले १० प्रतिशतसम्म योजना अनुगमन गरी वर्षमा एक पटक वन विकास कोषमा प्रतिवेदन पेश गर्ने,
- संघीय मन्त्रालय र अन्तरगतका विभाग तथा केन्द्रबाट समय-समयमा अनुगमन गरी लाभग्राही निकायहरूलाई पृष्ठपोषण दिने,
- वन विकास कोषको सचिवालयले साउन मसान्तसम्ममा वार्षिक र माघ मसान्तसम्म अर्धवार्षिक प्रतिवेदन कार्यक्रम छनौट तथा कार्यान्वयन समितिमा पेश गर्ने (वन नियमावलीको नियम ११३)।

(२) खर्च केन्द्र निकाय, लाभग्राही उपभोक्ता समूह, सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि, आदिवासी जनजाति तथा दलित समुदायको प्रतिनिधित्व गर्ने स्थानीय सरोकारवालाको सहभागितामा न्यूनतम एक पटक संयुक्त अनुगमन (Joint Monitoring) गर्ने व्यवस्था खर्च केन्द्र निकायले गर्नुपर्दछ ।

(३) रेड कार्यान्वयन केन्द्र र प्रदेशस्थित वन तथा वातावरण सम्बन्धी कार्य सम्पादन गर्ने मन्त्रालयले १० प्रतिशत योजना अनुगमन गरी वन विकास कोषमा प्रतिवेदन गर्नुपर्दछ ।

### ५.३. जनशक्ति परिचालन तथा समन्वय

(१) लगानी योजना कार्यान्वयनको प्रमुख दायित्व सम्बन्धित खर्च केन्द्र निकाय र पहिचान गरिएको लाभग्राहीको हुनेहुँदा कार्यक्षेत्रको प्रकृति अनुसार डिभिजन वन कार्यालय, राष्ट्रिय निकुञ्ज कार्यालय, स्थानीय तह, रेड सेल र लाभग्राही समूहको उपलब्ध जनशक्ति परिचालन गर्नुपर्दछ ।

(२) योजना तर्जुमा चरण देखिनै उल्लेखित निकायहरूसँग समन्वय गरी लगानी योजना कार्यान्वयनमा संलग्न निकायहरूको साझेदारी र प्रमुख भूमिका उल्लेख गर्नु पर्दछ ।

(३) कार्यस्थलको प्रकृति अनुसार स्थानीय तह, संघीय तथा प्रादेशिक सरकारी निकाय, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, आदिवासी जनजाति महासंघ नेपाल, महिला सञ्जाल, दलित गैरसरकारी संस्था महासंघ लगायतका सिमान्तकृत समुदायहरूसँग सम्बन्धित संस्थाहरूको आपसी समन्वय कायम गर्न प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय र अन्तगरतको रेड सेलले समन्वयकारी भूमिका निर्वाह गर्नुपर्दछ ।

(४) रेड कार्यान्वयन केन्द्रले योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनका लागि व्यवस्थापन खर्चमध्येबाट वाह्य सेवा प्रदायक वा थप जनशक्तिको व्यवस्था गरी सिधै वा प्रदेश मन्त्रालय मार्फत परिचालन गर्न सक्नेछ ।

## ५.४. कार्यविधि संशोधन

(१) विद्यमान नीति, ऐन, नियम तथा निर्देशिका, उत्सर्जन न्यूनीकरण भुक्तानी सम्झौता हुंदा नेपाल सरकार, विश्व बैङ्कबीच भएको सम्झौता र उत्सर्जन न्यूनीकरण लाभ बाँडफाँट योजनालाई आधार मानी यो कार्यविधि तयार भएको छ ।

(२) लगानी योजना कार्यान्वयन गर्दा कुनै समस्या आएमा वा कुनै बुँदा संशोधन गर्नु परेमा आवश्यकता र औचित्यको पुष्टयाई सहित रेड कार्यान्वयन केन्द्रको राय, विश्व बैङ्कको सहमति र राष्ट्रिय रेड समन्वय समितिको सिफारिसमा वन तथा वातावरण मन्त्रालयबाट संशोधन गर्न सकिनेछ ।

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं, नेपाल

# अनुसूचीहरू

## अनुसूची १: लगानी योजना प्रस्ताव

### १.१. वन उपभोक्ता समूहका लागि लगानी योजना प्रस्ताव

[वन *उपभोक्ता समूहको लेटरप्याडमा वा समूहको छाप लगाईएको सादा कागजमा पेश गर्नुहुन* ]

श्री डिभिजन वन कार्यालय, .......... /राष्ट्रिय निकुन्ज कार्यालय, ......... /रेड कार्यान्वयन केन्द्र, काठमाण्डौ ।

प्रस्तुत विषयमा उत्सर्जन न्यूनीकरण लाभ वापतको भुक्तानी प्राप्त गर्न देहायको फाराममा उल्लेखित विवरण सहित लगानी योजनाका लागि प्रस्ताव पठाइएको व्यहोरा अनुरोध छ ।

१. वनको जम्मा क्षेत्रफलः .......... हेक्टर,

२. उपभोक्ता घरधुरी संख्या .......... घरधुरी

| क्र.सं. | आदिवासी जनजाति | दलित | मधेशी | मुस्लिम | ...... | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

३. लगानी योजनाको नाम र कार्यस्थलको ठेगाना ..............................................................

४. प्रस्तावको विस्तृत विवरण (वन कार्ययोजनामा उक्त कृयाकलाप उल्लेख भएको पानाको फोटोकपि उपभोक्ता समितिबाट प्रमाणित गराई संलग्न गर्नुहोस)

| सिनं. | कृयाकलाप विवरण | लाभान्वित परिवार संख्या | अनुमानित लागत (रू) |
|---|---|---|---|
| (१) | | | |
| (२) | | | |
| | | | |
| | Where applicable include E&S risk mitigation line and show budget | | |

५. (नोटः राष्ट्रिय वन तर्फका समूहले दिगो वन व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्धित क्रियाकलापमा २५ प्रतिशत र क्षमता विकास, मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन तथा जीविकोपार्जन सम्बन्धी क्रियाकलापमा ७५ प्रतिशत र मध्यवर्ती क्षेत्रका समूहले वन व्यवस्थापनमा ३५ प्रतिशत, मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा ३५ प्रतिशत र क्षमता विकास तथा जीविकोपार्जन सम्बन्धी कार्यमा ३० प्रतिशत हुने गरी प्रस्ताव पेस गर्नुपर्नेछ। साथै, क्षमता विकास तथा जीविकोपार्जनका लागि छुट्याइएको रकममध्ये सकेसम्म ४० प्रतिशत महिला लक्षित, २५ प्रतिशत आदिवासी जनजाति लक्षित, १० प्रतिशत दलित लक्षित र २५ प्रतिशत अन्य समूहका लागि हुने गरी प्रस्ताव गर्नुपर्नेछ। यदि समूहले प्राप्त गर्ने रकम रू २,००,०००/- भन्दा कम भए समूहको निर्णय अनुसार समूहको सम्पन्नता स्तरीकरण प्रतिवेदनले पहिचान गरेका अति सिमान्तकृत घरधुरीहरूलाई लाभ हुने गरी लक्षित कार्यक्रम प्रस्ताव तथा कार्यान्वयन गर्नुपर्दछ ।लगानी योजनाबाट लाभान्वित हुने आदिवासी जनजाति, मधेशी, मुस्लिम र दलित घरधुरी संख्या उल्लेख गर्नुहोस।

६. अन्य निकाय (स्थानीय तह लगायत) को लागत सहभागिता हुने भएमा सोको विवरण उल्लेख गर्नुहोस।

७. प्रस्तावित कृयाकलाप कार्यान्वयन गर्दा स्थानीय वन, वातावरण तथा समाजमा प्रतिकूल प्रभाव पर्न सक्ने जोखिम छ वा छैन ? यदि छ भने, जोखिम न्यूनीकरणका उपाय उल्लेख गर्नुहोस ।

सचिव

माथि उल्लेखित कार्यक्रमहरू स्वीकृत कार्ययोजना र नेपाल सरकारबाट स्वीकृत लाभ बाँडफाँट योजनाको वर्खिलाप नभएको व्यहोरा प्रमाणित गरिन्छ । समूह भित्रका सिमान्कृत घरधुरी, आदिवासी जनजाती, दलित तथा महिलाहरूसँग तथा बाहिरका सम्बन्धित निकायहरू (प्रथाजनित अभ्यास भएका संस्था तथा समुदायमा आधारित समूह जस्तै आमा समूह, युवा क्लव) सँग छलफल गरी यो लगानी योजना तयार गरिएको छ ।हामी वन उपभोक्ता समूहहरूलाई उत्सर्जन न्यूनीकरण कार्यक्रम र प्राप्त गर्ने लाभ प्रतिशत वारे पूर्ण जानकारी छ, समूहले प्राप्त गरेको लाभ समूह भित्रका अति सिमान्तकृत घरधुरीहरूसँग समेत छलफल गरी लाभ बाँडफाँट योजनाको प्रावधान अनुसार सिमान्तकृत घरधुरीहरुलाई उपलब्ध हुने गरी जिम्मेवारीपूर्वक लाभांश वितरण गर्ने छौं भनी यो लिखित सहमती जनाएका छौं ।

| ........ | ........ | ............ |
|---|---|---|
| अध्यक्ष | सचिव | कोषाध्यक्ष |
| फोन नं. | फोन नं. | फोन नं. |

## १.२. डिभिजन वन कार्यालयको लागि लगानी योजना प्रस्ताव

[........... कार्यालय, ...........]

(नोटः सरकारद्वारा व्यवस्थित वन र सामुदायमा आधारित वनमा ६०:४० र वन तथा जैविक विविधता संरक्षण, दिगो वन व्यवस्थापन र जीविकोपार्जन तथा क्षमता विकासमा यस कार्यविधिमा उल्लेखित अनुपात मिलाई देहायको फाराममा भरी रेड कार्यान्वयन केन्द्र र प्रदेश वन निर्देशनालयमा पठाउनु पर्दछ । प्रस्ताव तयार गर्दा स्वीकृत आवधिक योजना सहितको रणनीतिक योजनालाई आधार मान्नु पर्दछ ।)

१. जिल्लाको सामान्य परिचयः ..................

२. जिल्लाको वन व्यवस्थापन पद्दति अनुसारको वन क्षेत्रको विवरणः ................), प्रमुख वन प्रकार, र वन व्यवस्थापनका प्रमुख चूनौतीहरू

३. कार्यस्थलको नाम र ठेगानाः ...................

४. प्रस्तावको पुष्ट्याईः ...................

४.१ योजनाको उद्देश्यः

४.२ प्रस्ताव कार्यान्वयनबाट दिगो वन व्यवस्थापनमा पुग्नसक्ने योगदान संक्षेपमा उल्लेख गर्नुहोस ।

५. प्रस्तावको विस्तृत विवरण

५.१ प्रस्तावित कार्यस्थलको संक्षिप्त परिचय, गुगल नक्सा, जिपियस लोकेशन

५.२ प्रस्तावित सुरू मितिः सम्पन्न हुने मितिः

५.३ प्रस्तावित योजनाको विस्तृत विवरण

| सिनं. | कृयाकलाप विवरण | अनुमानित लागत | हालको अवस्था | अपेक्षित परिणाम | जिम्मेवार निकाय | सहयोगी निकाय | अन्य |
|---|---|---|---|---|---|---|---|
| (१) | ... | | | | | | |
| (२) | ... | | | | | | |
| | ... | | | | | | |

सचिव

५.४ अन्य निकाय (स्थानीय तह, अन्य निकाय) को लागत सहभागिता हुने भएमा सो को विवरणः

५.५ प्रस्तावित कृयाकलाप कार्यान्वयन गर्दा स्थानीय वन, वातावरण तथा समाजमा प्रतिकूल प्रभाव पर्न सक्ने जोखिम छ वा छैन ? यदि छ भने, जोखिम न्यूनीकरणका उपाय उल्लेख गर्नुहोस ।

सचिव

## अनुसूची २: वातावरणीय तथा सामाजिक जोखिम परीक्षण (Environmental and Social Risk Screening)

उत्सर्जन न्यूनीकरण कार्यक्रम र लाभ बाँडफाँट योजना कार्यान्वयन गर्दा वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ र उत्सर्जन न्यूनीकरण कार्यक्रमको वातावरणीय तथा सामाजिक व्यवस्थापन ढाँचा (ESMF) २०७५ ले अंगिकार गरेका वातावरणीय तथा सामाजिक सुरक्षाका व्यवस्थाको पालना गर्नु पर्दछ ।यसको लागि प्रत्येक कृयाकलाप कार्यान्वयन गर्नु अघि देहायका विवरण निम्न बमोजिम संकलन तथा विश्लेषण गरी प्राप्त सिफारिस कार्यान्वयन सुनिश्चित गर्नुपर्दछ ।

(१)कृयाकलाप/लगानी योजनाको नाम र कार्यस्थलको विवरण

(२)वातावणरिय जोखिम परीक्षण जांचसूची अध्ययन तथा विश्लेषण

| सिन. | प्रस्तावित योजना कार्यान्वयन गर्दाका वातावरणीय पक्ष | हो/छ | हैन/छैन | कैफियत (remarks) |
|---|---|---|---|---|
| (१) | कार्यस्थल जैविक विविधता, वन्यजन्तु वासस्थान, जैविक मार्गमा पर्दछ ? | | | |
| (२) | पानीको मुहान, नदि/खोलामा प्रतिकुल असर पर्छ ? | | | |
| (३) | योजना कार्यस्थल भू-क्षयका हिसावले सम्वेदनशील छ ? | | | |
| (४) | हानीकारक रासायनिक पदार्थ(Pesticide) को व्यापक प्रयोग हुन्छ? | | | |
| (५) | कार्यस्थल वन डढेलोको जोखिम क्षेत्रमा पर्छ ? | | | |
| (६) | लोपोन्मुख प्रजाति (वन्यजन्तु, वनस्पति) पाइन्छ ? | | | |
| (७) | प्रस्ताव कार्यस्थल जलवायुजन्य विपद (सुख्खा खडेरी, वाढी आदि) प्रभावित क्षेत्रमा पर्छ ? | | | |
| (८) | कृयाकलापले बाह्य मिचाहा प्रजाति(Invasive Species) को प्रकोप बढाउन सक्छ ? | | | |
| (९) | कृयाकलापले माथि उल्लेखित जोखिम/प्रभाव न्यूनीकरण गर्छ ? | | | |

(३)सामाजिक परिक्षण जांचसूची अध्ययन तथा विश्लेषण

| सिनं. | प्रस्तावित योजना कार्यान्वय गर्दाका सामाजिक पक्ष | हो/छ | हैन/छैन | कैफियत (remarks) |
|---|---|---|---|---|
| (१) | निजी तथा सार्वजनिक जग्गा पूर्ण वा आंशिक रुपमा अधिग्रहण गर्नु पर्छ ? | | | |
| (२) | कुनै व्यक्ति वा परिवारको वलपूर्वक घर वा वस्ति स्थानान्तरण गर्नु पर्छ ? | | | |
| (३) | आदिवासी जनजाति तथा दलित समुदायले दैनिक प्रयोग गर्ने आम्दानीका स्रोतहरु (जस्तै माछा मार्ने, जंगलबाट जडीबुटी, दाउरा, स्याउला, सोत्तर संकलन गर्ने लगायत) मा प्रतिबन्ध लाग्न सक्छ ? | | | |
| (४) | आदिवासी जनजाति, मधेशी, मुस्लिम, दलित तथा स्थानीय समुदायको सांस्कृतिक तथा प्रथाजनित अभ्यास र रैथाने ज्ञान, सीपलाई प्रतिकुल प्रभाव पार्छ ? | | | |
| (५) | विपन्न तथा संकटान्मुख लगायत स्थानीयको आम्दानी तथा जीविकोपार्जनका स्रोतहरुमा असर पुग्न सक्छ ? | | | |
| (६) | स्थानीय धार्मिक, साँस्कृतिक, भावनात्मक, पुरातात्विक, सनातन महत्वका संरचनामा प्रतिकुल प्रभाव पर्ने जोखिम छ ? | | | |
| (७) | कृयाकलापले माथि उल्लेखित प्रभाव न्यूनीकरण गर्दछ ? | | | |

(४)सरोकारवाला परामर्श सारांशः सरोकारवालाहरूद्वारा उठाइएका प्रमुख मुद्दाहरू र प्रतिक्रियाहरू

(५)स्थानीय वन, वातावरण तथा समाजमा पर्नसक्ने जोखिम/प्रभावको स्तरका आधारमा कृयाकलाप वर्गीकरण

| वर्ग | कृयाकलापका प्रकार | सम्बन्धित वर्गमा √ लगाउने |
|---|---|---|
| वर्ग "१" | वातावरणीय तथा सामाजिक दृष्टिले संवेदनशील, वहुपक्षीय प्रकृतिका वा अभूतपूर्व किसिमका गम्भीर प्रतिकूल प्रभाव पार्ने सम्भावना भएका तालिका ८ को बहिष्कृत सूची (Exclusion List) अनुसार अयोग्य | |
| वर्ग "२" | महत्वपूर्ण प्राकृतिक बासस्थान तथा धार्मिक, सांस्कृतिक, भावनात्मक तथा पुरातात्विक रूपमा महत्व भएका क्षेत्रमा क्षति पुर्याउने, वातावरणमा संवेदनशील, वहुपक्षीय वा अहिलेसम्म नदेखिएका व्यापक प्रतिकुल प्रभाव पार्ने वा समुदायको वन प्रतिको निर्भरता र सम्वन्ध तथा वन संरक्षण र व्यवस्थापनमा प्रतिकुल प्रभाव पार्ने | |
| वर्ग "३" | वातावरण तथा समाजमा सामान्य प्रभाव पार्ने तर वातावरण संरक्षण नियमावली, २०७७ को मापदण्ड (अनुसूची १, २, ३) मा नपरेका कृयाकलापहरू | |
| वर्ग "४" | वातावरण तथा समाजमा शून्य तथा न्यूनतम प्रभाव पार्ने कृयाकलापहरू | |

(६)वातावरणीय तथा सामाजिक सुरक्षा जोखिमस्तर वर्गीकरणका आधारमा सुरक्षा व्यवस्थापन विधिको छनौटः

- वर्ग "१" मा परेका कृयाकलापहरू कार्यान्वयनको लागि समावेश गर्न हुदैन ।
- "वर्ग २" मा परेका कृयाकलाप कार्यान्वयनको लागि वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययन गर्नुपर्दछ । आवश्यकता अनुसार वातावरण तथा सामाजिक सुरक्षा व्यवस्थापन योजना, जैविक बिबिधता व्यवस्थापन योजना, पुनर्बास योजना, आदिबासी जनजाती योजना समेत बनाउनु पर्दछ ।
- "वर्ग ३" मा परेका कृयाकलाप कार्यान्वयनका लागि वातावरण तथा सामाजिक सुरक्षा व्यवस्थापन योजना तयार गर्नुपर्दछ ।
- "वर्ग ४" मा परेका कृयाकलाप कार्यान्वयनका लागि वातावरणीय तथा सामाजिक सुरक्षा जोखिम जांचपश्चात आवश्यकता अनुसार वातावरण तथा सामाजिक सुरक्षा संहिता तयार गरी कार्यान्वयन अथवा वातावरणीय तथा सामाजिक जोखिम जाँच पश्चात् सम्बन्धित न्यूनीकरण उपायहरूलाई प्राविधिक डिजाइन, इस्टिमेटमा समावेश गरी मूलप्रवाहमा ल्याउने र तदनुसार कार्यान्वयन गर्ने।

**(७)निष्कर्षः प्रस्तुत प्रस्तावको वातावरणीय तथा सामाजिक जांचसूची विश्लेषण गर्दाः**

- प्रस्तुत प्रस्ताव वर्ग ("१", "२", "३", ४" ) मा वर्गीकरण गरियो [सम्बन्धित बर्गमा √ चिन्ह लगाउने ] मा वर्गीकरण गरियो।
- देहायका सुरक्षा औजारहरू तयार गरिनेछ।

......

सचिव

# अनुसूची ३: वातावरणीय तथा सामाजिक सुरक्षा योजना ढाँचा/नमुना

## ३.१. वातावरणीय र सामाजिक सुरक्षा संहिता (Environmental and Social Code of Practices- ESCoPs)

वातावरणीय तथा सामाजिक सुरक्षा जोखिम परीक्षण तथा विश्लेषण पश्चात वर्गीकरण गर्दा शून्य वा न्यूनतम मात्र जोखिम भएका कृयाकलाप (वर्ग ४) कार्यान्वयनको लागि कार्यान्वयन निकायहरूले कार्यक्रमको वातावरणीय तथा सामाजिक व्यवस्थापन ढाँचा (ESMF) बमोजिम जोखिम न्यूनीकरण गर्न वातावरणीय र सामाजिक अभ्यास संहिता (ESCoPs) तयार गरी कार्यान्वयन गर्नु पर्दछ ।तालिकामा प्रस्तुत ESCoPs मा वृक्षारोपण, वन संरक्षण, वनको दिगो व्यवस्थापन लगायतका कृयाकलापको योजना चरण, कार्यान्वयन चरण र कार्यान्वयन पछिको चरणमा पर्नसक्ने प्रतिकुल प्रभाव न्यूनीकरण गर्ने विशिष्ट, विस्तृत र ठोस उपायहरू समावेश छन्। प्रस्तावित उपायहरु सेवा प्रदायक र सेवाग्राही दुवै पक्षले अवलम्वन गर्नुपर्दछ ।

<u>दिगो वन व्यवस्थापन र स्थानीय स्तरका वृक्षारोपण गतिविधिहरूका लागि ESCoPs</u>

| जोखिम/समस्या | रोकथाम/न्यूनीकरणका उपायहरू | जिम्मेवार पक्ष |
|---|---|---|
| जोखिमको वर्गीकरणः सामान्य | | |
| स्थान छनोट र सीमांकनः निजी जग्गा, प्राकृतिक वन क्षेत्र, चरन क्षेत्र, सिमसार, वा सांस्कृतिक महत्वको स्थान, अतिक्रमित जग्गा पर्न सक्ने | (अ) सम्बन्धित आधारिक निकायबाट स्वीकृत प्राप्त स्थानहरु मात्र छनोट गर्ने (योजना चरण) ।<br>(आ) काम सुरु हुनुभन्दा पहिले स्पष्ट रूपमा सीमांकन गर्ने। (योजना चरण)<br>(इ) प्राकृतिक वन, सिमसार क्षेत्र, भिरालो/सम्बेदनशील जमिन, र जैविक विविधता तथा सांस्कृतिक महत्वपूर्ण स्थानहरु संरक्षण वा पुनरोत्थान (Restoration) गर्ने वाहेकका अन्य कार्य छनोट नगर्ने (योजना चरण) | डिभिजन वन कार्यालय, राष्ट्रिय निकुन्ज कार्यालय, वन उपभोक्ता समूहहरू |
| जग्गाको उपयोग र पहुँचः जग्गाको स्वामित्व, प्रयोगको अधिकार, वा स्थानीय स्रोतहरूमा पहुँच सम्बन्धी विवाद हुनसक्ने | (अ) कृयाकलाप कार्यन्वयन अघि जग्गाको प्रयोग र पहुँचको अवस्था प्रमाणित गर्ने, यदि निजी जग्गा र सम्पत्ति अधिग्रहण आवश्यक भएमा, जग्गा र सम्पत्ति लिनुअघि नै क्षतिपूर्ति भुक्तानी गरिनेछ; स्थानीय समुदायलाई विवाद समाधान गर्न सहजिकरण गर्ने<br>(आ) विवाद समाधान हुन नसकेमा विवादित जग्गा छनोट नगर्ने; स्थानीय समुदाय, स्थानीय जनप्रतिनिधिहरूसँग परामर्श गर्ने;<br>(इ) पूर्व सहमति नभएका कृयाकलापहरूले समुदायको परम्परागत ज्ञान र प्रथाजनित अभ्यासमा बाधा नपुर्याउने कुरा सुनिश्चित गर्ने | डिभिजन वन/राष्ट्रिय निकुञ्ज कार्यालयहरू वन उपभोक्ता समूहहरु |
| वृक्षारोपणः रैथाने प्रजाति लोप हुन सक्ने खतरा, गलत प्रजाति वा स्थान छनोटका कारण रैथाने, धार्मिक तथा सांस्कृतिक महत्वका बहुमूल्य प्रजातिहरू (जडीबुटी समेत) को विनाश हुनसक्ने | वन पुनर्स्थापना गर्न आबश्यक भएको वा पहिले वन भई पछि उजाड भएको जमिनमा मात्र वृक्षारोपण गर्ने; प्राकृतिक वन फँडानी नगर्ने; रैथाने, धार्मिक सांस्कृतिक महत्व भएका वा स्थानीय रूपमा उपयुक्त मिचाहा नभएका प्रजातिहरूलाई प्राथमिकता दिने | डिभिजन वन/राष्ट्रिय निकुञ्ज कार्यालयहरू वन उपभोक्ता समूहहरु |
| मिचाहा प्रजातिहरूको फैलावट र पारिस्थितिकिय प्रणाली क्षयीकरण हुनसक्ने | मिचाहा तथा बाह्य प्रजातिहरूलाई निषेध गर्ने; स्वीकृत प्रजातिहरूको सूची प्रयोग गर्ने; सम्भव भएसम्म मिश्रित प्रजातिको वृक्षारोपणलाई प्राथमिकता दिने। | डिभिजन वन/राष्ट्रिय निकुञ्ज कार्यालयहरू वन उपभोक्ता समूहहरु |

सचिव

| जोखिम/समस्या | रोकथाम/न्यूनीकरणका उपायहरू | जिम्मेवार पक्ष |
|---|---|---|
| माटोको क्षयीकरण, जमिनको मलिलो माटोको विनाश, भिरालो जमिनमा भू-स्खलन हुनसक्ने | विद्यमान बिरुवालाई पूरै फँडानी नगर्ने, सम्भव भएसम्म भुइँको बिरुवा कायम राख्ने; भारी वर्षाको समयमा खनजोत नगर्ने; आवश्यकता अनुसार गह्रा खेती (Contour Planting), छाप्रो हाल्ने (Mulching), घाँस/बिरुवाहरुको छापो हाल्ने र खाडल खन्ने प्रविधि प्रयोग गर्ने | डिभिजन वन/राष्ट्रिय निकुञ्ज कार्यालयहरू वन उपभोक्ता समूहहरु |
| खोलानाला, पानीमुहान, पोखरी र पिउने पानीका स्रोतहरूको प्रदुषण वा उपलब्धतामा कमी हुनसक्ने | पानीका स्रोतहरू वरिपरि (Buffer Area) कायम राख्ने; पानीका मुहान नजिक फोहोर फाल्न, रसायन प्रयोग गर्न र उपकरणहरू सफा गर्न, धुन निषेध गर्ने; नर्सरी/वृक्षारोपणका लागि पानीको उपयोगलाई नियमित गर्ने | डिभिजन वन/राष्ट्रिय निकुञ्ज कार्यालयहरू वन उपभोक्ता समूहहरु |
| नर्सरी सञ्चालनः फोहोर उत्पादन, अव्यवस्थित ढल निकास, रोगको फैलावट, अत्यधिक पानीको प्रयोग | सुरक्षित पानी र निकास भएका स्थान छनोट गर्ने; स्वस्थ र स्थानीय वातावरणमा अनुकूल हुने बिरुवाहरू प्रयोग गर्ने; ढल निकासको व्यवस्थापन गर्ने; पानीको मितव्ययी उपयोग गर्ने; नर्सरीको फोहोर संकलन गरी पुनः प्रयोग वा उचित विसर्जन गर्ने | डिभिजन वन/राष्ट्रिय निकुञ्ज कार्यालयहरू वन उपभोक्ता समूहहरु |
| मल र कीटनाशकको प्रयोगः माटो र पानीको प्रदुषण, कामदार र समुदायको स्वास्थ्यमा जोखिम | अर्गानिक कम्पोष्ट मलको प्रयोग, एकीकृत किट व्यवस्थापनलाई बढावा; हानीकारक रसायनको प्रयोगलाई न्यूनतम गर्ने; अत्यधिक खतरनाक कीटनाशकहरूलाई निषेध गर्ने; स्वीकृत कम विषालु रसायनहरू मात्र प्रयोग गर्ने; तालिमप्राप्त व्यक्तिद्वारा मात्र प्रयोग र व्यक्तिगत सुरक्षा उपकरण (PPE) को प्रयोग सुनिश्चित गर्ने | डिभिजन वन/राष्ट्रिय निकुञ्ज कार्यालयहरू वन उपभोक्ता समूहहरु |
| फोहोर व्यवस्थापनः जथाभावी फोहोर थुपार्ने, फोहोरलाई खुला आकाशमा राख्ने, माटो र पानीको प्रदुषण | कार्यस्थलहरू सफा राख्ने; सबै कुहिएर नजाने फोहोरहरू संकलन गर्ने; प्राङ्गारिक फोहोरको कम्पोस्ट बनाउने वा सुरक्षित व्यवस्थापन गर्ने; तोकिएको स्थानहरूमा फोहोर विसर्जन गर्ने। | डिभिजन वन/राष्ट्रिय निकुञ्ज कार्यालयहरू वन उपभोक्ता समूहहरु |
| वन डढेलोबाट वृक्षारोपणमा क्षति, आसपासका समुदायहरूमा जोखिम | आधिकारिक निकायको नियन्त्रिणमा बाहेक खुला रूपमा आगो बाल्न निषेध गर्ने; आवश्यकता अनुसार अग्निरेखा कायम गर्ने; कामदार र समुदायमा चेतना जगाउने; सम्बन्धित निकाय र समूहको समन्वयमा नियन्त्रित डढेलो (Control Burning) लगाउने, लापरवाहीपूर्वक आगोको प्रयोगलाई निषेध गर्ने | डिभिजन वन/राष्ट्रिय निकुञ्ज कार्यालयहरू वन उपभोक्ता समूहहरु |
| न्यून/मध्यम-स्तरको कटानी, छटानी र काँटछाँटः बाँकी रहेका रुखहरू, पुनरुत्पादन, भिरालो जमिन र जलधार क्षेत्रहरूमा क्षति, र धार्मिक तथा सांस्कृतिक महत्वका प्रजातिहरू (जस्तैः बर, पिपल, बेल, चिउरी आदि) को विनाश) | स्वीकृत व्यवस्थापन योजनाहरू/कृयाकलाप मात्र कार्वान्वयन गर्ने; अत्यधिक कटानी नगर्ने; बाँकी रहेका रुखहरू, पुनरुत्पादन र खोला किनारका क्षेत्रहरूको संरक्षण गर्ने; काटिएका अवशेष/ठुटाहरूको उचित व्यवस्थापन गर्ने | डिभिजन वन/राष्ट्रिय निकुञ्ज कार्यालयहरू वन उपभोक्ता समूहहरु |
| पहुँचमा अस्थायी प्रतिबन्धः घाँस-दाउरा, गोरेटो बाटो, चरन वा पानीका स्रोतहरूमा पहुँच घट्नु, परम्परागत | अस्थायी प्रतिबन्धहरूलाई न्यूनतम गर्ने; स्रोत व्यवस्थापनमा विद्यमान समुदाय र परम्परागत अभ्यास तथा ज्ञानहरूको पहिचान र मूल्याङ्कन गर्ने; आदिवासी जनजाति (IPs), अनौपचारिक संस्थाहरू, दलित र महिलाहरू लगायत प्रभावित | डिभिजन वन/राष्ट्रिय निकुञ्ज कार्यालयहरू वन उपभोक्ता समूहहरु |



सचिव

| जोखिम/समस्या | रोकथाम/न्यूनीकरणका उपायहरू | जिम्मेवार पक्ष |
|---|---|---|
| अभ्यास/ज्ञान र पेशागत जीविकोपार्जनमा हानी (जस्तैः आरनका लागि कोइला), जडीबुटीमा पहुँच सीमित हुँदा परम्परागत उपचार, धामीहरूको उपचार सम्बन्धि विशेष ज्ञान र सीप हराउने जोखिम | प्रयोगकर्ताहरूसँग छलफल गरी अग्रिम सहमति लिने, र सम्भव भएसम्म पहुँचको उचित व्यवस्था मिलाउन | |
| कार्यस्थलनमा वन श्रमिकहरूको पेशागत स्वास्थ्य र सुरक्षाः औजारबाट हुने चोटपटक, कार्यस्थलमा चिप्लिने, लड्ने, रासायनिक पदार्थसँग संसर्ग, र भारी सामान ओसारपसारबाट हुने चोटपटक। | वन श्रमिक र कामदारहरूलाई कामसँग सम्बन्धित जोखिमका बारेमा अग्रिम पूर्ण जानकारी दिने; कार्य-उपयुक्त PPE (व्यक्तिगत सुरक्षा सामग्री) प्रदान गर्ने; सुरक्षित औजार र उपकरणहरू सुनिश्चित गर्ने; प्राथमिक उपचार बाकस (First Aid Kit) राख्ने; असुरक्षित मौसम वा स्थान भएको अवस्थामा काम रोक्ने | डिभिजन वन/राष्ट्रिय निकुञ्ज कार्यालयहरू वन उपभोक्ता समूहहरु |
| आदिवासी जनजाति, दलित, महिला र सीमान्तकृत समूहहरूको निर्णयमा सहभागिता र लाभहरूमा पहुंच संकुचन वा बहिष्करण। | निर्णय प्रक्रिया र लाभ बाँडफाँटमा आदिवासी जनजाति, दलित, महिला र सीमान्तकृत घरधुरीहरूको समावेशी छलफल र परामर्श साथै सहभागिता सुनिश्चित गर्ने। अनौपचारिक संस्थाहरू (जस्तैः बडघर)लाई संलग्न गराई वन व्यवस्थापनमा परम्परागत स्थानीय अभ्यासहरूलाई सुदृढ गर्ने, | डिभिजन वन/राष्ट्रिय निकुञ्ज कार्यालयहरू वन उपभोक्ता समूहहरु |
| गुनासो सुनुवाइः समाधान नभएका गुनासोहरू, सामुदायिक असन्तुष्टि, द्वन्द्वको वृद्धि। | कामदार र समुदायका सदस्यहरूका लागि पहुँचयोग्य गुनासो संयन्त्र स्थापना गर्ने; मौखिक र लिखित गुनासोहरू स्वीकार गर्ने; तुरुन्त अभिलेख राख्ने र सम्बोधन गर्ने, र सम्भव भएसम्म अनौपचारिक संस्थाहरूको विवाद समाधानका अनुभवहरूलाई उपयोग गर्ने | डिभिजन वन/राष्ट्रिय निकुञ्ज कार्यालयहरू वन उपभोक्ता समूहहरु |
| अनुगमन र प्रतिबेदनः कमजोर अनुपालना र सुधारका कार्यमा ढिलाइ। | नियमित सुपरीवेक्षण गर्ने; तथ्य/तथ्यांक अवलोकन/अध्ययन, घटना, गुनासो र सुधारका कार्यहरुको अभिलेख राख्ने; गम्भीर घटनाहरूको तुरुन्त रिपोर्ट गर्ने | डिभिजन वन/राष्ट्रिय निकुञ्ज कार्यालयहरू वन उपभोक्ता समूहहरु |

### ३.२. वातावरणीय र सामाजिक व्यवस्थापन योजना (ESMP) ढाँचा

वातावरणीय र सामाजिक जोखिम र प्रभावहरू कार्यक्रम स्थल र गतिविधिसँग अन्तरसम्बन्धित हुन्छन्। यो ESMP हरेक कृयाकलापको कार्यस्थल र गतिविधिहरूका लागि उपयोगी हुने गरी (Customize) तयार गर्नुपर्दछ ।

**(१) डिभिजन वन/राष्ट्रिय निकुञ्ज कार्यालय/वन उपभोक्ता समूहद्वारा प्रस्तावित कार्यक्रम सम्बन्धी जानकारी**

| | |
|---|---|
| कार्यक्रमको नामः | |
| अनुमानित लागतः | |
| सुरु/सम्पन्न हुने मितिः | |

सचिव

(२) कार्यस्थलको विवरण

यस खण्डले प्रस्तावित स्थान र यसको भौगोलिक, पारिस्थितिक, सामाजिक र समय सन्दर्भलाई संक्षिप्त रूपमा वर्णन गर्दछ। कृपया ESMP मा स्थानको नक्सा संलग्न गर्नुहोस्।

(३) योजना/कृयाकलापको विवरण र गतिविधिहरू

यस खण्डमा प्रस्तावित योजना/कृयाकलाप अन्तर्गत सञ्चालन हुने सबै गतिविधिहरूको विस्तृत विवरण राख्नुपर्दछ । योजना अन्तर्गतका गतिविधिहरू (जस्तैः वृक्षारोपणका लागि विरूवा ढुवानी, प्वाकल खन्ने, विरूवा रोप्ने, गोडमेल गर्ने, सिंचाई गर्ने, जन सहभागिता जुटाउने, संरक्षण लगायत) वा सेवा प्रवाहसँगै गरिने जनचेतना अभियान तथा आन्तरिक र तथा बाह्य सूचना प्रबाह) समावेश गर्ने।

(४) ESMP म्याट्रिक्सः जोखिम र प्रभाव अनुसारका न्यूनीकरणका उपाय तथा अनुगमन मापदण्ड र विधि

कार्यस्थल र नजिकको समुदायमा पर्नेसक्ने प्रतिकूल वातावरणीय र सामाजिक जोखिम र प्रभाव पहिचान गर्नुपर्दछ । यस्ता जोखिम र प्रतिकुल प्रभाव न्यूनीकरणका उपाय पहिचान र कार्यान्वयन विधि तथा अनुगमनका मापदण्ड तय गरी देहाय तालिकामा उल्लेख भए बमोजिम सूचीबद्ध रूपमा प्रस्तुत गर्नुपर्दछ।

| सम्भावित वातावरणीय र सामाजिक (E&S) जोखिम र प्रभावहरू | जोखिम न्यूनीकरण र व्यवस्थापनका उपायहरू | प्रभाव न्यूनीकरण कार्यान्वयन विधि | | प्रभाव/न्यूनीकरण अनुगमन | | |
|---|---|---|---|---|---|---|
| | | कहाँ, कहिले कसले | जिम्मेवार निकाय वा व्यक्ति | अनुगमनका मानकहरू | बिधि, स्थान, अबधि | जिम्मेवार निकाय |
| | | | | | | |
| | | | | | | |

(५) सरोकारवाला परामर्श सारांश : सरोकारवालाहरूद्वारा उठाइएका प्रमुख मुद्दाहरू र प्रतिक्रियाहरू

(६) क्षमता विकास र तालिम

तालिकामा प्रस्तावित कार्यान्वयन व्यवस्था र जिम्मेवारिको आधारमा, यो खण्डमा प्रभावकारी कार्यान्वयनका लागि आवश्यक क्षमता विकास/अभिवृद्धि तालिम पहिचान वा नयाँ कर्मचारी (आवश्यकता अनुसार) व्यवस्थापनको रूपरेखा प्रस्तुत गर्नुपर्दछ।

(७) कार्यान्वयन तालिका र लागत अनुमान

तालिकामा वर्णन गरिएका न्यूनीकरणका उपायहरू र क्षमता विकासका कार्यहरूको कार्यान्वयनको समय तालिका, साथै कार्यान्वयनको लागि लागत अनुमान उल्लेख गर्नुपर्दछ । लागत अनुमान तयार गर्दा आयोजना कार्यान्वयन गर्ने निकायले गर्ने खर्चहरूमा केन्द्रित हुने र सेवा प्रदायकले (जस्तैः ठेकेदार वा उपभोक्ता समूह) ले कार्यक्रममा न्यूनीकरणका उपायहरूको कार्यान्वयन गर्न लागतको समेत जिम्मा लिने (जस्तैः साना पूर्वाधार निर्माणको कार्य भएमा व्यक्तिगत सुरक्षा उपकरण (PPE) को व्यवस्था ठेकेदारले नै गर्ने)

(८) संलग्न कागजातहरू (आवश्यकता अनुसार : फोटो, बैठक मिनेट आदि)

(९) पुनरावलोकन र स्वीकृति

<table>
<tr><td colspan="2">तयार गर्नेको नामः ............................... (हस्ताक्षर) ..............................<br>पदः ............................ मितिः ................</td></tr>
<tr><td>पुनरावलोकन गर्नेको नामः ..................<br>(हस्ताक्षर) ..............................<br>पदः ............................<br>मितिः ................</td><td>स्वीकृत गर्नेको नामः ............................... (हस्ताक्षर)<br>...............................<br>पदः ............................<br>मितिः ................</td></tr>
</table>

सचिव

## अनुसूची ४: सम्झौता नमुना

उत्सर्जन न्यूनीकरण लाभ वितरण योजनाको आर्थिक वर्ष २०... ..../२०...... को लागि यस [खर्च केन्द्र निकायको नाम] अन्तरगत स्वीकृत वार्षिक कार्यक्रममा परेको [लगानी योजनाको नाम र ठेगाना ] योजना निम्न शर्तहरूका अधिनमा रही यही मिति २०... .../... .../... ... सम्ममा कार्यसम्पन्न गर्ने गरी यस कार्यालय (पहिलो पक्ष) र [कार्यान्वयन निकायको नाम] उपभोक्ता समूह/समिति (दोश्रो पक्ष) बीच यो सम्झौता सम्पन्न भएको छ ।

शर्तहरूः

(१) दोश्रो पक्षले लगानी योजना अन्तरगतका निर्धारित कार्यहरू निर्धारित मिति भित्र सम्पन्न गरी पहिलो पक्ष समक्ष प्रतिवेदन प्रस्तुत गर्नुपर्दछ ।

(२) योजनाको भुक्तानी दोस्रो पक्षले कार्यारम्भ गरेको प्रतिवेदन प्राप्त भएपश्चात ७५ प्रतिशत र प्रमाणित कार्यसम्पन्न प्रतिवेदन पेश गरे पश्चात २५ प्रतिशत गरी स्वीकृत लागत अनुमानमा नवढाई प्रथम पक्षले दुई किस्तामा भुक्तानी गर्नेछ ।

(३) खर्च केन्द्र निकायद्वारा स्वीकृत कार्यसम्पन्न प्रतिवेदनका साथ आर्थिक वर्ष सकिन १५ दिन अगावै दोस्रो किस्ता भुक्तानीको लागि निवेदन दिनुपर्दछ ।

(४) दोस्रो किस्ता भुक्तानी माग गर्दा कार्यसम्पन्न प्रतिवेदन, कार्यस्थलको फोटो, न्यूनतम एकवटा सार्वजनिक सुनुवाइको मान्युट लगायतका कागजातहरू संलग्न गर्नुपर्दछ ।

(५) सम्झौतामा संलग्न कुनै कार्यहरू सम्पन्न हुन नसकेमा प्रथम पक्षले सम्पन्न हुन नसकेको कार्यको रकम कटाएर भुक्तानी गर्नेछ ।अधुरा रहेका वा सम्पन्न हुन नसकेका कार्यहरू वापत सम्बन्धित खर्च केन्द्र निकायमा कुनै किसिमको आर्थिक दायित्व हुने छैन ।

(६) लगानी योजनाको स्वीकृत डिजाइन तथा लागत अनुमान यो सम्झौताको अनुसूचीमा रहनेछ ।

| | | |
|---|---|---|
| [सही]<br>नामः<br>दर्जाः<br>ठेगानाः<br>सम्पर्क नं.: | [सही]<br>नामः<br>दर्जाः<br>ठेगानाः<br>सम्पर्क नं.: | |

## अनुसूची ५: सार्वजनिक सुनुवाईको नमुना

उत्सर्जन न्यूनीकरण लाभ बाँडफाँट योजना अन्तरगत [ संस्थाको पुरा नाम ] र [खर्च केन्द्र निकायक नाम] बीच मिति २०८.../... .../... ... मा सम्पन्न सम्झौता बमोजिम [लगानी योजनाको नाम र कार्यस्थलको ठेगाना] को योजना कार्यान्वयन भएको छ । लगानी योजना कार्यान्वयनको वास्तविक स्थिति, प्राप्त बजेट खर्चको कृयाकलाप अनुसारको खर्च आज मितिमा २०८.../... .../... ... मा सार्वजनिक गरिएको छ । लाभग्राही निकाय, सम्बन्धित खर्च केन्द्रका प्रतिनिधि, स्थानीय वडाका प्रतिनिधि लगायतका स्थानीय सरोकारवालाहरूको रोहवरमा सार्वजनिक भएको देहाय बमोजिमको भौतिक तथा वित्तीय विवरणको खुल्ला परीक्षण समेत गरी यो माइन्युट गरियो ।

(१) उपयोग भएका सामाग्रीको परिमाण, मूल्य, गुणस्तर, विस्तृत योजना लगायतका विषयमा जानकारी भयो र यसमा खुल्ला छलफल तथा प्रश्न उत्तरमा सहभागी भई कार्यसम्पन्न भएको विश्वस्त भइयो ।

(२) निम्न विवरणहरू स्पष्ट रूपमा सार्वजनिक गरियो

क. लगानी योजनाको भौतिक परिमाण र अवस्था

ख. लगानी योजना कार्यान्वयन हुंदा भएको आम्दानी तथा खर्चको विवरणः

ग. प्रगतिको अवस्थाः

घ. लाभग्राही परिवार संख्याः जनजातिः दलितः अन्यः विपद जोखिममा परेकाः

ङ. कार्यसंचालनमा आएका चुनौति तथा सिकाइहरूः

कार्यारम्भ मितिः सम्पन्न मितिः

उपस्थितिः

नाम थर पद ठेगाना दस्तखत

(१) ...

(२) ...

सचिव

## अनुसूची ६: लगानी योजना कार्यान्वयनमा संलग्न निकाय तथा सरोकारवालाहरूको प्रमुख भूमिका

उत्सर्जन न्यूनीकरण कार्यक्रम र प्राप्त लाभ बाँडफाँट योजना कार्यान्वयनमा तहगत लाभग्राही निकाय तथा सहयोगी सरोकारवाला निकायको प्रमुख भूमिका देहाय बमोजिम तालिकामा प्रस्तुत छ ।

| निकाय | प्रमुख भूमिका |
|---|---|
| तहगत सरकार अन्तरगतका लाभग्राही निकायहरू | |
| कृषि, वन तथा वातावरण मन्त्रालय | ▪ लाभ बाँडफाँड योजना सम्बन्धी राष्ट्रियस्तरका मापदण्ड, निर्देशिका जारी तथा कार्यान्वयनको अवस्था अनुगमन र समयानुकुल परिमार्जन गर्नु,<br>▪ लगानी योजना लगायत कार्ययोजना/व्यवस्थापन योजना तथा उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनको लागि समग्र दिशानिर्देश गर्नु |
| वन विकास कोष कार्यक्रम विकास तथा कार्यान्वयन समिति | ▪ वन नियमावली २०७९ को नियम १०९ का व्यवस्था बमोजिम रेड कार्यान्वयन केन्द्रबाट सिफारिस भए बमोजिम पहिचान भएका लगानी योजना स्वीकृत गर्नु<br>▪ लगानी योजना कार्यान्वयनको लागि कोषको रकम उपलव्ध गराउनु |
| रेड कार्यान्वयन केन्द्र | ▪ उत्सर्जन न्यूनीकरणबाट प्राप्त लाभ लाभग्राहीसम्म पुर्याउनु र समग्र अनुगमन तथा प्रतिवेदन गर्नु<br>▪ प्रदेश मन्त्रालयलाई प्रदेशस्तरीय लगानी योजना तयार गर्न सहजीकरण तथा सहयोग गर्नु<br>▪ प्रदेश मन्त्रालय तथा संघीय लाभग्राही निकायबाट प्राप्त लगानी योजनालाई प्राथमिकीकरण गरी राष्ट्रिय रेड समन्वय समितिमा एकिकृत लगानी योजना पेश गर्नु<br>▪ लाभग्राही तहगत सरकारी निकाय तथा समूहलाई लगानी योजना कार्यान्वयनको कार्यसम्पन्न प्रतिवेदनको आधारमा लाभ वापतको रकम भुक्तानीमा सहजीकरण गर्नु<br>▪ लगानी योजना कार्यान्वयनमा प्रदेशस्तरीय खर्च केन्द्र निकायहरूलाई स्वीकृत वार्षिक योजना तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन कार्यमा सहयोग पुर्याउनु<br>▪ कोष अन्तरगतको कार्यक्रम विकास तथा कार्यान्वयन समितिलाई सहयोग पुर्याउनु<br>▪ वन तथा वातावरण मन्त्रालय, प्रदेशका वन तथा वातावरण सम्बन्धी कार्य सम्पादन गर्ने मन्त्रालय, राष्ट्रिय निकुञ्ज विभाग, वन तथा भू-संरक्षण विभाग र वन विकास कोष अन्तरगतको कार्यक्रम विकास तथा कार्यान्वयन समिति, जिल्लास्तरीय रेडसेल र सरोकारवालाबीच समन्वय र सम्वन्ध सेतुको रूपमा काम गर्नु<br>▪ लाभग्राही तथा सरोकारवालाबाट प्राप्त गुनासो व्यवस्थापनको अभिलेख अध्यावधिक गर्नु<br>▪ आवश्यक प्रचार-प्रसार सामाग्रि प्रकाशन तथा वितरण<br>▪ लाभ बाँडफाँट योजना कार्यान्वयनको लागि संघीय कार्यक्रम इकाइको रूपमा कार्य गर्नु<br>▪ उत्सर्जन न्यूनीकरण र लाभ बाँडफाँट योजनासँग सम्बन्धित वातावरणीय र सामाजिक प्रभाव र त्यसका व्यवस्थापनको अनुगमन गर्ने र समग्र प्रतिवेदन गर्नु |
| वन तथा भू-संरक्षण विभाग | ▪ वन विकास कोषको सचिवालयको रूपमा कार्य संचालन गर्ने<br>▪ लगानी योजना कार्यान्वयन तथा अनुगमनमा नीतिगत पृष्ठपोषण गर्ने<br>▪ वन विकास कोषको वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्ने |

सचिव

| निकाय | प्रमुख भूमिका |
|---|---|
| राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | ▪ अन्तरगतका राष्ट्रिय निकुञ्ज कार्यालयहरूलाई मध्यवर्ति क्षेत्रमा उत्सर्जन न्यूनीकरण कार्यक्रम र लगानी योजना कार्यान्वियनमा दिशानिर्देश गर्नु।<br>▪ निकुञ्ज कार्यालयहरूबाट आर्थिक तथा भौतिक प्रगति विवरण संकलन गरी रेड कार्यान्वयन केन्द्रमा पठाउनु।<br>▪ लगानी योजना कार्यान्वयनमा सामाजिक तथा वातावरणीय सुरक्षा मूलप्रवाहिकरण गर्नु। |
| राष्ट्रिय निकुन्ज कार्यालय | ▪ राष्ट्रिय वन अन्तरगत डिभिजन वन कार्यालयहरूको लागि उल्लेख भएका कार्यहरू मध्यवर्ति क्षेत्रमा गर्नु<br>▪ सहभागि मननोनयन पठाई रेडसेलमा प्रतिनिधित्व गराउनु<br>▪ लगानी योजना कार्यान्वयनमा मध्यवर्ति क्षेत्रका सामुदायिक वन उपभोक्ता समूह, आदिवासी जनजाति, महिला, दलित र वनमा आश्रित घरधुरीबीच समन्वय गर्नु ।<br>▪ रेड कार्यान्वयन केन्द्रसँग सहकार्य गरी स्थानीय तह, मध्यवर्ति सामुदायिक वन, आदिवासी जनजाति, महिला, दलित र वनमा आश्रित घरधुरीहरूलाई उत्सर्जन न्यूनीकरण कार्यक्रम, लाभ बाँडफाँट सम्बन्धी सुसूचित गर्नु<br>▪ समुदाय तथा मध्यवर्ति उपभोक्ता समूहबाट प्राप्त गुनासो दर्ता गरी समाधान गर्ने, समाधान हुन नसकेका गुनासोहरू रेड कार्यान्वयन केन्द्रलाइ जानकारी दिई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा पठाउनु<br>▪ उत्सर्जन न्यूनीकरण र लाभ बाँडफाँट योजनासँग सम्बन्धित वातावरणीय र सामाजिक सुरक्षा व्यवस्थापनको अनुगमन र समग्र प्रतिबेदन गर्ने |
| वन तथा वातावरण सम्बन्धी कार्य सम्पादन गर्ने मन्त्रालय र प्रदेश वन निर्देशनालय (अन्तरगतका रेड डेस्कहरू) | ▪ प्रदेशस्तरीय नीति, ऐन, निर्देशिका निर्माण तथा पुनरावलोकनमा उत्सर्जन न्यूनीकरण कार्यक्रम मूलप्रवाहिकरण गर्नु<br>▪ उत्सर्जन न्यूनीकरण कार्यक्रमलाई प्रदेशस्तरीय वन, वातावरण, तथा जैविक विविधता संरक्षण सम्बन्धी कार्यक्रममा मूलप्रवाहिकरण गर्नु गराउनु<br>▪ खर्च केन्द्र हुने प्रदेशस्तरका लाभग्राही निकायहरूलाई लगानी योजना तयारी, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन गर्ने कार्यमा आवश्यक नीतिगत मार्गनिर्देश गर्नु<br>▪ लाभ बाँडफाँट योजनाका सूचकहरूलाई अनुगमन तथा प्रतिवेदन फारामहरूमा समावेश गरी लगानी योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्नु गराउनु<br>▪ लाभग्राही तथा सरोकारवालाहरूबाट प्राप्त गुनासो व्यवस्थापन, अभिलेखिकरण तथा प्रतिवेदन गर्नु<br>▪ लगानी योजना कार्यान्वयन गर्न क्षमता विकासका कार्यहरू संचालन गर्नु<br>▪ अन्तरगतका सरकारी निकाय तथा प्रदेशस्तरीय सरोकारवालाहरूबीच समन्वय गर्नु<br>▪ लगानी योजना सहित उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयन प्रकृयामा सुधार तथा सुदृढिकरणका लागि आवश्यक पृष्टपोषण गर्नु<br>▪ उत्सर्जन न्यूनीकरण र लाभ बाँडफाँट योजनासँग सम्बन्धित वातावरणीय र सामाजिक प्रभाव र त्यसका व्यवस्थापनको अनुगमन गर्ने र समग्र प्रतिबेदन गर्नु |
| प्रदेश वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ▪ उत्सर्जन न्यूनीकरण कार्यक्रमको लागि तालिम आवश्यकता पहिचान, पाठ्यक्रम डिजाइन तथा आवश्यकता अनुसार तालिम तथा क्षमता विकासका कार्यक्रमहरू संचालन गर्नु<br>▪ उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनको लागि कार्यमूलक अनुसन्धान र तथ्यका आधारमा लाभग्राही संस्था तथा तहगत सरकारलाई पृष्ठपोषण गर्नु |

| निकाय | प्रमुख भूमिका |
|---|---|
| | ▪ असल अभ्यासहरूको दस्तावेजीकरण, सुदृढिकरण तथा विस्तारमा टेवा पुर्याउनु |
| स्थानीय तह | ▪ निजी वन धनी र समूहमा आवद्ध नभएका वनाश्रित परिवार पहिचान गरी लगानी योजना तयार गर्न सहयोग पुर्याउनु,<br>▪ लगानी योजनाको प्रस्ताव डिभिजन वन कार्यालय मार्फत वा सिधै केन्द्रमा पठाउनु, स्वीकृत लगानी योजना कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन गर्नु<br>▪ दिगो वन व्यवस्थापन, जैविक विविधता संरक्षण, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा, खाली तथा पर्ती जग्गामा वन विकास तथा व्यवस्थापन कार्यमा सहयोग पुर्याउनु<br>▪ वन डढेलो नियन्त्रण तथा व्यवस्थापनमा आर्थिक एवं प्राविधिक सहयोग पुर्याउनु,<br>▪ सामुदायिक वन अनुगमन, सामुदायिक विकासमा समूह मार्फत सहयोग पुर्याउनु<br>▪ आदिवासी जनजाति समुदाय तथा दलित समुदायको प्राकृतिक स्रोत संरक्षण सम्बन्धी प्रथाजनित अभ्यासको पहिचान गरी विकासका लागि लगानी योजनामा समावेश गराउनु<br>▪ वन उपभोक्ता समूह, आदिवासी जनजाति, महिला र दलित समुदायलई थप सहजीकरण गर्नु<br>▪ उत्सर्जन न्यूनीकरण र लाभ बाँडफाँट योजनासँग सम्बन्धित वातावरणीय र सामाजिक प्रभाब र त्यसका व्यवस्थापनको अनुगमन गर्ने र प्रतिबेदन गर्नु |
| डिभिजन वन कार्यालय/राष्ट्रिय निकुञ्ज कार्यालय | ▪ लगानी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन लगायतका विषयमा सूचना प्रवाह गर्नु, स्थानीय तह तथा उपभोक्ता समूहलाई लगानी योजना तयार गर्न प्राविधिक सहयोग पुर्याउनु<br>▪ लगानी योजना तयार गर्नु तथा स्थानीय तह, समूह र समूह बाहिर परेका लाभग्राहीलाई त्यस्ता योजना तयार गर्न आवश्यक प्राविधिक सहयोग र सहजीकरण गर्नु<br>▪ वन ऐन २०७६, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, सम्बन्धित प्रदेशका वन ऐन र नियमावलीहरू, आवधिक/रणनीतिक योजना बमोजिम लाभ बाँडफाँट योजना कार्यान्वयन गर्नु र गराउन सहजीकरण गर्नु<br>▪ योजना कार्यान्वयन र प्राप्त लाभ वितरणमा समुदाय, आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक तथा वनमा आश्रित विपन्न वर्गको अर्थपूर्ण सहभागिताका लागि लक्षित कार्यक्रम संचालन गर्नु, पारदर्शिता तथा जवाफदेहिता सुनिश्चित गर्नु र गराउनु<br>▪ उत्सर्जन न्यूनीकरण कार्यक्रमलाई नियमित योजना तर्जुमा, अनुगमन तथा प्रतिवेदनमा मूलप्रवाहिकरण गर्नु<br>▪ गुनासो सम्बोधनको लागि स्रोत साधन परिचालन गर्नु, गुनासो व्यवस्थापन रजिष्टर व्यवस्थापन गर्नु तथा समाधान हुन नसकेमा विवरण माथिल्लो निकायमा पठाउनु<br>▪ डिभिजन वन कार्यालय, समूह र समूह बाहिरका लाभग्राहीहरूको अभिलेख व्यवस्थित गरी लेखापरीक्षण गराउनु, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन गर्नु<br>▪ उत्सर्जन न्यूनीकरण र लाभ बाँडफाँट योजनासँग सम्बन्धित वातावरणीय र सामाजिक प्रभाब र त्यसका व्यवस्थापनको अनुगमन गर्ने र समग्र प्रतिबेदन गर्नु ।<br>▪ रेड कार्यान्वयन केन्द्रसँग सहकार्य गरी सूचना प्रवाह सम्बन्धीसामग्री मार्फत स्थानिय समुदाय तथा सामुदायिक वन, साझेदारी वन, कवुलियती वन, आदिवासी जनजाति, महिला, दलित र वनमा आश्रित घरधुरीहरूलाई सुसूचित गराउने |

सचिव

| निकाय | प्रमुख भूमिका |
|---|---|
| समुदायमा आधारित वन व्यवस्थापन समूह (राष्ट्रिय वन, मध्यवर्ति वन, सार्वजनिक जग्गामा वन व्यवस्थापन) वन व्यवस्थापनमा संलग्न आदिवासी जनजातिका प्रथाजनित अभ्यास भएका संस्था | ▪ स्वीकृत वन कार्ययोजनाको अधिनमा रही लगानी योजना तयारी गर्नु, उपभोक्ता समितिको बहुमतबाट पास गराई सव डिभिजन वन कार्यालय/निकुञ्ज सेक्टर वा सिधै डिभिजन वन कार्यालय वा निकुञ्ज कार्यालयमा पेश गर्नु<br>▪ स्वीकृत लगानी योजना कार्यान्वयन गर्नु, लगानी योजनाको लागि प्राप्त रकम समूहको खातामा आम्दानी बाध्नु, आम्दानी र खर्च सम्वन्धि विवरण सम्बन्धित वडा प्रतिनिधि तथा स्थानीय सरोकारवालाहरूको उपस्थितिमा न्यूनतम एकपटक सार्वजनिक सुनुवाई गर्नु<br>▪ समयमै लेखापरीक्षण गराउनु, सम्बन्धित निकायमा भौतिक तथा आर्थिक प्रतिवेदन गर्नु<br>▪ लगानी योजना कार्यान्वयनमा समूहमा आवद्ध उपभोक्ता परिचालन गर्नु<br>▪ डिभिजन वन/निकुञ्ज कार्यालय र स्थानीय तहले संचालन गर्ने क्षमता विकास कार्यमा सहभागि हुनु<br>▪ समूह भित्रका आदिवासी जनजाति, महिला, दलित, जातिय तथा धार्मिक अल्पसंख्यक र वनमा आश्रित विपन्न वर्गको लाभमा पहुंच र निर्णय निर्माण कार्यमा सहभागिता सुनिश्चित गर्नु<br>▪ समूहभित्रका सदस्य परिवारको गुनासो सुन्नु तथा सम्बोधन गर्नु |
| निजी वन धनी | ▪ लगानी योजना अनुसार गरेका कामको अभिलेख राख्नु<br>▪ सम्बन्धित स्थानीय तह तथा सवडिभिजन वन कार्यालय/निकुञ्ज कार्यालयलाई लगानी योजना कार्यान्वयनको आर्थिक तथा प्राविधिक प्रतिवेदन उपलव्ध गराउनु |
| समूह बाहिरका आदिवासी जनजाति, लोपोन्मुख जातजाति, दलित तथा वनमा आश्रित परिवार | ▪ वनप्रतिको निर्भरताको अभिलेख राख्नु<br>▪ वनसँग सम्बन्धित प्रथाजनित अधिकार, परम्परागत सिप तथा ज्ञानको वारेमा नजिकको सव डिभिजन वन कार्यालय/निकुञ्ज कार्यालयमा लिखित वा मौखिक जानकारी गरी/गराई अभिलेख राख्नु र लगानी योजनामा विकास तथा विस्तारका कार्यहरू समावेश गराउनु<br>▪ लगानी योजना तर्जुमा र कार्यान्वयनमा भाग लिनु |
| **तहगत बहुसरोकारवाला समावेशि संयन्त्रहरू** | |
| राष्ट्रिय रेडप्लस निर्देशक समिति | ▪ लगानी योजना कार्यान्वयनमा नीतिगत मार्गदर्शन<br>▪ रेडप्लस लगानी योजना सम्बन्धी उच्चस्तरीय निर्णयमा सरोकारवालाहरूको समन्वय तथा सहभागिता सुनिश्चित गर्नु |
| राष्ट्रिय रेडप्लस समन्वय समिति | ▪ राष्ट्रिय रेडप्लस निर्देशक समितिका लागि विषयवस्तुहरू सिफारिस गर्ने<br>▪ लगानी योजना कार्यान्वयनका लागि वार्षिक कार्यक्रम तय गरी वन तथा वातावरण मन्त्रालयमा स्विकृतिका लागि सिफारिस गर्ने |
| प्रदेश रेडप्लस समन्वय समति | ▪ प्रदेशस्तरमा लगानी योजना सहित रेडप्लस कार्यक्रम कार्यान्वयन गर्नका लागि सरोकारवालाहरूसँग समन्वय तथा सहभागिता सुनिश्चित गर्नु<br>▪ प्रदेश अन्तरगतका लाभग्राही निकायबाट रेडसेल हुंदै प्राप्त योजना एकिकृत गरी प्रदेशस्तरीय योजना तर्जुमा गर्ने, रेड कार्यान्वयन केन्द्रसँग समन्वय गर्ने<br>▪ रेडप्लस कार्यान्वयनमा वातावरणीय तथा सामाजिक सुरक्षाका व्यवस्था प्रदेशस्तरमा मूलप्रवाहिकरण गर्ने |

सचिव

| निकाय | प्रमुख भूमिका |
|---|---|
| रेड सेल | ▪ उपभोक्ता समूह तथा अन्य लाभग्राही निकायहरूबाट प्राप्त लगानी योजना संकलन गर्नु<br>▪ प्राप्त लगानी योजना अध्ययन गरी निर्धारित बजेट सिलिङभित्र भए नभएको एकिन गर्ने<br>▪ सामाजिक तथा वातावरणीय सुरक्षा स्क्रिनिङ गरी अनसुची वहिष्करण सूचीमा परे नपरेको एकिन गर्नु<br>▪ सिलिङ भित्र तथा वहिष्करण सूचीमा नपरेका लागनी योजनालाई नियमित रूपमा समन्वय बैठकमा प्रस्तुत गरी संकलित लगानी योजना रेड कार्यान्वयन केन्द्रमा पठाई डिभिजन वन कार्यालय र वन निर्देशनालयमा जानकारी दिनु<br>▪ निर्धारित सिलिङ बाहिर तथा वहिष्करण सूचीमा परेका लगानी योजना पुनरावलकोन गरी पुन पठाउन सम्बन्धित समूहलाई जानकारी दिनु<br>▪ स्वीकृत लगानी योजना कार्यान्वयन तथा अनुगमन गरी डाटावेस अध्यावधिक गर्नु तथा सम्वधित निकायहरूमा आवधिक प्रतिवेदन गर्नु<br>▪ स्थानीय निकाय, राष्ट्रिय निकुञ्ज र डिभिजनस्तरीय सरोकारवालहरूसँग समन्वय गर्नु<br>▪ यस कार्यविधिमा तोकिएका अन्य कार्यहरू गर्न गराउन सहयोग तथा सहजीकरण गर्नु |
| **तहगत सरकार अन्तरगतका सहयोगी निकायहरू** | |
| जिल्ला वन क्षेत्र समन्वय समिति | ▪ संयुक्त योजना तर्जुमा तथा अनुगमन कार्यमा सहजीकरण तथा संयोजन गर्नु<br>▪ समुदाय, आदिवासी जनजाति, महिला, दलित, जातिय तथा धार्मिक अल्पसंख्यक, वनमा आश्रित विपन्न परिवाको अर्थपूर्ण सहभागिता तथा लाभमा समतामूलक पहुंच पुर्याउनु |
| **उत्सर्जन न्यूनीकरण कार्यकमका सहयोगी सामाजिक तथा गैरसरकारी संस्थाहरू** | |
| सामुदायिक वन उपभोक्ता महासंघ नेपाल | ▪ प्राप्त लाभमा समुदायको पहुँच सुनिश्चित गर्न प्रचार प्रसार तथा सूचना प्रवाह गर्नु, लगानी योजना तर्जुमा तथा कार्यान्वयनमा उपभोक्ता समूहलाई सहजीकरण तथा सहयोग पुर्याउनु<br>▪ लगानी योजना सहित वन संरक्षण तथा व्यवस्थापनका असल अभ्यासहरूको प्रचार-प्रसार, अनुशरण र समावेशी, पारदर्शी तथा उत्तरदायि वन प्रशासनको लागि पैरवी गर्नु<br>▪ वन व्यवस्थापनमा संलग्न समूहको संस्थागत क्षमता विकासमा सहजीकरण गर्नु<br>▪ महिला, आदिवासी जनजाति, दलित, अल्पसंख्यक लगायत वनमा आश्रित विपन्न वर्गको सहभागिताको लागि वहस पैरवी तथा सहजीकरण गर्नु<br>▪ सामुदायिक समृद्धि र दिगो वन व्यवस्थापनको सन्तुलनका लागि वहस पैरवी गर्नु<br>▪ उपभोक्ता समूहको अधिकारको संरक्षण र क्षमता विकासका लागि आवाज उठाउनु |
| नेपाल आदिवासी जनजाति महासंघ | ▪ प्रदेश तथा जिल्लास्तरीय महासंघलाई लाभ बाँडफाँट योजना कार्यान्वयनसँग सम्बन्धी सूचना आदिवासी जनजाति प्रतिनिधित्व भएका संस्था तथा घरपरिवारसम्म पुर्याउनु<br>▪ लगानी योजना कार्यान्वयन तथा प्राप्त लाभको न्यायोचित बाँडफाँटमा सहजीकरण गर्नु<br>▪ तहगतस्तरमा रेडप्लस र लाभ बाँडफाँट योजना कार्यान्वयन तथा अनुगमनमा आदिवासी जनजाति सम्बन्धी विषय राख्नु, उनीहरूको आवाजको प्रतिनिधित्व गर्नु<br>▪ सामाजिक संस्था (CSO) र आदिवासी जनजाति संस्था (IPOs) का आवाज प्रतिनिधित्व गर्नु<br>▪ असल कार्यको पैरवी गर्नु |
| दलित मुक्ति अभियानसँग सम्बन्धित संस्थाहरू | ▪ दलित समुदायको वन व्यवस्थापन तथा सदुपयोग सम्बन्धी प्रथाजनित अधिकार र कार्यहरूको पहिचान, विकास तथा विस्तारका लागि पैरवी गर्नु<br>▪ डिभिजन वन कार्यालय, राष्ट्रिय निकुञ्ज कार्यालय तथा समूहबाट पेश हुने लगानी योजनामा दलित समुदाय लक्षित कार्यहरू समावेश गर्न सहयोग पुर्याउनु |

सचिव

| निकाय | प्रमुख भूमिका |
|---|---|
| राष्ट्रिय, अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरू | ▪ कार्यक्रम कार्यान्वयन तथा लाभको पहुंचमा समावेशी, गुणस्तरीय, उत्तरदायी, पारदर्शी प्रकृया अवलम्वन गर्न सहयोग तथा सहजीकरण गर्नु<br>▪ सामाजिक तथा वातावरणीय सुरक्षा सुनिश्चतताका लागि सहयोग तथा सहजीकरण गर्नु |
| अन्य सामाजिक तथा गैर सरकारी संस्थाहरू | ▪ कार्यक्रम कार्यान्वयन तथा लाभको पहुंचमा समावेशी, गुणस्तरीय, उत्तरदायी, पारदर्शी प्रकृया अवलम्वन गर्न सहयोग तथा सहजीकरण गर्नु<br>▪ सामाजिक तथा वातावरणीय सुरक्षा सुनिश्चतताका लागि सहयोग तथा सहजीकरण गर्नु |

सचिव

## अनुसूची ७: आवधिक प्रतिवेदनको ढाँचा (Progress Reporting Framework) र अनुगमनका आधारहरू

(१) आर्थिक प्रगति प्रतिवेदन

वन विकास कोष संचालन निर्देशिका, २०८२ ले कोषको रकम खर्च गर्ने पक्षले त्रैमासिक र वार्षिक वित्तीय विवरण एवं भौतिक प्रगति कोषको सचिवालयमा उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ। उत्सर्जन न्यूनीकरण लाभ बाँडफाँट योजना अन्तरगत खर्च गर्ने निकायहरूले देहाय बमोजिम आर्थिक प्रगति प्रतिवेदन गर्नुपर्दछ

- तहगत खर्च केन्द्र निकायले केन्द्रमा र केन्द्रले वन विकास कोषयमा त्रैमासिक र वार्षिक आर्थिक प्रगति पठाउने
- केन्द्रले आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र समग्र आर्थिक प्रतिवेदन वन विकास कोष अन्तरगतको कार्यक्रम छनौट तथा कार्यान्वयन समितिमा पठाउने
- खर्च केन्द्र निकायले आन्तरिक तथा अन्तिम लेखा परीक्षण सम्पन्न भए पश्चात सोको प्रतिवेदन केन्द्रमा पठाउने र केन्द्रले समग्र प्रतिवेदन वन विकास कोष अन्तरगतको कार्यक्रम छनौट तथा कार्यान्वयन समितिमा पठाउने

(२) विस्तृत भौतिक प्रगति प्रतिवेदन

संघीय वन नियमावली, २०७९ को नियम ११३ अनुसार वन विकास कोषको सचिवालयले न्यूनतम वर्षमा दुई पटक कार्यक्रम छनौट तथा कार्यान्वयन समितिमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। यस व्यवस्थाको परिपालना गर्न खर्च केन्द्र निकाय तथा केन्द्रले देहाय बमोजिम अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन गर्नुपर्दछ

- तहगत खर्च केन्द्रहरूले माघ १५ गते र साउन १५ गते भित्र केन्द्रमा पुग्ने गरी पठाउने
- केन्द्रले माघ मसान्त र साउन मसान्त भित्र वन विकास कोषको सचिवालयमा पठाउने

विस्तृत भौतिक प्रगति प्रतिवेदनमा खर्च केन्द्र निकायले आफू अधिनस्त लगानी योजनाको स्वीकृत लागत अनुमान बमोजिमका प्रत्येक कृयाकलापहरूको परिमाण, उक्त कार्यबाट लाभ प्राप्त गर्ने परिवार संख्या, कार्यसंचालन गर्दा अपनाइएका वातावरणीय तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रकृया देहाय तालिकामा प्रविष्ट गर्नुपर्दछ ।

| सि.नं. | कृयाकलाप विवरण | इकाई | लक्ष्य | प्रगति | लाभान्वि परिवार संख्या | | | | ESMP/ESCOP भए नभएको |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आदिवासी जनजाति | दलित | विपन्न | महिला | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तालिकामा उल्लेखित विवरणका अलावा कार्यस्थलको जिपियस स्थानमान र काम देखिने फोटो अनुगमन प्रतिवेदनमा छुट्टै शिर्षक अन्तरगत उल्लेख गर्नुपर्दछ ।

(३) लगानी योजना तथा समग्र कार्यक्रम अनुगमन तथा प्रतिवेदन संरचनाका आधारहरू:

| अनुगमन तथा प्रतिवेदनका आधारहरू (Monitoring Rationale) | | |
|---|---|---|
| | कृयाकलाप अनुगमन | प्रकृया अनुगमन |
| अनुगमनका मानक | ▪ स्वीकृत लगानी योजनामा उल्लेखित कार्य<br>▪ क्रियाकलाप परिमाण<br>▪ बजेट खर्च रकम<br>▪ लाभान्वित घरधुरी, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम<br>▪ लाभान्वित महिला संख्या, प्रथाजनित अभ्यास भएका संस्था संख्या: | ▪ यो कार्यविधि, कार्यक्रम दस्तावेज<br>▪ वन/निकुञ्ज नियमावलीका व्यवस्था<br>▪ कार्ययोजना, विधानका व्यवस्थाहरू |

सचिव

| अनुगमन तथा प्रतिवेदनका आधारहरू (Monitoring Rationale) | | |
|---|---|---|
| | कृयाकलाप अनुगमन | प्रकृया अनुगमन |
| कहिले गर्ने र कतिपटक गर्ने | ▪ संघीय/प्रदेश सरकारको विधि बमोजिम<br>▪ वर्षमा न्यूनतम दुइपटक, परेमा वढि पनि | ▪ न्यूनतम एक पटक गर्ने |
| कुन कुन विषयको जानकारी संकलन गर्ने | ▪ प्राविधिक, वातावरणीय तथा सामाजिक मापदण्डहरू/सुरक्षा योजना (वातावरणीय र सामाजिक संहिता अभ्यास, वातावरणीय र सामाजिक व्यवस्थापन योजना तयारी र कार्यान्वयन गरे नगरेको) कार्यान्वयन<br>▪ गुनासो अभिलेख व्यवथापन र प्रतिवेदन<br>▪ क्षमता विकासमा सहभागिता, समय, नगद, वस्तुगत तथा अन्य स्रोतहरू | ▪ योजना पहिचान, कार्यान्वयन र लाभमा समुदाय, आदिवासी जनजाति, दलित, वनमा आश्रित विपन्न वर्गको पहुंच<br>▪ सामाजिक तथा वातावरणिय सुरक्षा योजना कार्यान्वयन |
| कार्यप्रकृया | ▪ प्रत्यक्ष स्थलगत अवलोकन, मापन<br>▪ फोटो<br>▪ अभिलेख र प्रतिवेदनहरू<br>▪ तालिका, चार्ट | ▪ प्रत्यक्ष स्थलगत अनुगमन<br>▪ प्रमुख जानकार व्यक्ति अन्तरवार्ता, लक्षित वर्ग अन्तरवार्ता<br>▪ विश्लेषण, तुलना |
| अनुगमनबाट प्राप्त सुझावहरू | ▪ कार्यान्वयनको वांकि अवधिको लागि सुधारका तरिका<br>▪ जनशक्ति तथा स्रोतको सदुपयोग, मितव्ययिता | ▪ चालु प्रकृयाको पुनरावलोकन वा सुधार वा निरन्तरता<br>▪ कार्यमूलक सिकाइका लागि विषय |
| जिम्मेवारी | ▪ लाभग्राही/खर्च केन्द्र निकाय, कोष, तहगत मन्त्रालयहरू, विश्व बैङ्क, केन्द्र | ▪ कोष, तहगत मन्त्रालयहरू, विश्व बैङ्क<br>▪ केन्द्र |
| संकलित जानकारी प्रतिवेदन कहिले, कसले र कहाँ | ▪ वार्षिक प्रतिवेदन<br>▪ माथिल्लोस्तर (परिणामस्तर) अनुगमन/मूल्याङ्कन गर्ने टोली<br>▪ संघीय/प्रदेश अर्थ मन्त्रालयको ढाँचा | ▪ वन विकास कोष, रेड कार्यान्वयन केन्द्र, विश्व बैङ्क<br>▪ प्रदेश मन्त्रालय, निर्देशनालय तथा स्थानीय तह |

सचिव